# हुटिट्याउँको मन



दीन पन्थी

किरण पुस्तकालय प्रकाशनमालाको सोह्रौं पुष्प

# हुटिट्याउँको मन

**(निबन्धसंग्रह)**

**दीन पन्थी**

**प्रकाशक**

**किरण पुस्तकालय**

तम्घास, गुल्मी

कृति : **हुटिट्याउँको मन**
विधा : साहित्य (निबन्धसंग्रह)
कृतिकार : दीन पन्थी
सम्पर्क : ०७९-५२०४८३, ९८४७५०६२८८
प्रकाशक : किरण पुस्तकालय, तम्घास, गुल्मी
सम्पर्क : ०७९-५२०२८७
इ-मेल : hamropurushartha@gmail.com
वेबसाइट : www.kiranpustakalaya.com
संस्करण : प्रथम, २०७६
©सर्वाधिकार : प्रकाशकमा
ISBN : 978-9937-0-6382-1
प्रकाशित प्रति : १०००
मूल्य : रू.१५०/-
टाइप/सेटिङ् : ईश्वर वि.क.
मुद्रक : सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी
०७९-५२०४५० (spgulmi33@gmail.com)

# प्रकाशकीय

किरण पुस्तकालयले आफ्नो जीवनको स्वर्णजयन्ती वर्षको अवसरमा २०७५ सालमा ३ वटा पुस्तकहरू प्रकाशनमा ल्याउने लक्ष्य निर्धारण गरेको थियो । केही प्राविधिक कारणहरूले गर्दा यो लक्ष्य निर्धारित समयभित्रै पूरा हुन नसके पनि लक्ष्यबाट विचलित हुन भने परेन । यसमा पुस्तकालय परिवारलाई निकै खुशी लागेको छ । पुस्तकालयले निर्धारण गरेको लक्ष्य पूरा भएको छ । २०७५/०७६ सालमा ३ वटै पुस्तकहरू प्रकाशनमा ल्याउन किरण पुस्तकालयले सफलता प्राप्त गरेको छ ।

विगत वर्षहरूमा किरण पुस्तकालयले १३ वटा पुस्तकहरू प्रकाशनमा ल्याएको थियो । स्वर्णवर्षको अवसरमा थप ३ वटा पुस्तकहरू प्रकाशनमा ल्याउने लक्ष्यअनुसार २०७५ सालमा कुल ४५६ पृष्ठको डा. लक्ष्मीकान्त पन्थीद्वारा रचित **'काव्यमालिका'** नामक ग्रन्थ प्रकाशनमा ल्याउने काम भएको थियो । त्यसपछि तुरुन्तै प्रा.डा. बाबुराम ज्ञवालीद्वारा लिखित 'आधा जिस्ता' नामक कृतिको एक समारोहका बीच बुटवलमा विमोचन गरियो । संप्रति रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख सहप्राध्यापक दीन पन्थीद्वारा लिखित **'हुटिट्याउँको मन'** शीर्षकको निबन्ध-संग्रह प्रकाशनमा ल्याउने सौभाग्य किरण पुस्तकालयलाई प्राप्त भएको छ ।

'हुटिट्याउँको मन'सहित किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरूको संख्या अब सोह्र पुगेको छ । अहिलेसम्म प्रकाशित पुस्तकहरूभन्दा 'हुटिट्याउँको मन' निकै भिन्न प्रकृतिको पुस्तक हो । यसमा ३० वटा निबन्धहरू समावेश गरिएको छ । सबै निबन्धहरू अत्यन्त छोटा छन् । धेरैजसो निबन्धहरू २-३ पृष्ठभित्रै निबद्ध छन् । ४ पृष्ठभन्दा बढीको कुनै निबन्ध छैन । त्यसैले आकारगत दृष्टिबाट हेर्दा

यस सङ्ग्रहलाई लघु निबन्ध-संग्रह भन्न सकिन्छ होला । आकारमा लघु भएर पनि विचारमा यी निबन्धहरू ज्यादै महान् छन् । सूत्रात्मक रूपमा थोरैमा धेरै भन्न सक्नु नै निबन्धकार दीन पन्थीको निबन्धकारिताको मूल विशेषता हो ।

यसमा प्रकाशित निबन्धहरू एउटा पढ्न थालेपछि अर्को पनि पढूँ पढूँ लाग्छ । छोटा छोटा कवितात्मक वाक्यहरू पढ्दा पाठकको मन रमाउँछ । एउटा सानो विषयवस्तु टिपेर अत्यन्त कलात्मक तरिकाबाट मानव-जीवनका यथार्थतालाई बिम्बप्रतिबिम्बको माध्यमद्वारा अभिव्यक्त गर्नु निबन्धकार पन्थीको अर्को वैशिष्ट्य हो । हीरा, मोती, सुन आकारमा साना भए पनि जति मूल्यवान् हुन्छन् त्यस्तै मूल्यवान् छन् दीन पन्थीका यी लघु निबन्धहरू । लेखेर मात्रै कोही लेखक बन्दैन भन्ने यथार्थताबाट खारिएका निबन्धकारको दृष्टिमा जीवन र जगत्मा लेखकका असंख्य गुरु हुन्छन् । संवेदना र अनुभूतिको विलक्षण अभिव्यक्ति हो लेखाइ भन्ने कुरा निबन्धकारको **'लेखाइ'** निबन्ध पढ्दा बोध हुन्छ । **'कालसूत्र'**मा सबै उनिएको देख्ने निबन्धकार पन्थीले **'हुटिट्याउँको मन'** कसरी छाम्न सकेको हो, पढ्दा आश्चर्य लाग्छ ।

प्रस्तुत निबन्ध-संग्रहको नाम पनि **'हुटिट्याउँको मन'** निबन्धबाटै राखिएको छ । उक्त निबन्धको एक अंशमा हेरौं । **हुटिट्याउँको मन**मा के लाग्छ -'मान्छे त आफूलाई सर्वश्रेष्ठ प्राणी हुँ भन्छ । यिनैले बिगार्छन् आकाशलाई, वायुलाई, जललाई । बुद्धिमान् भईकन पनि आपत्तिमा पर्छ मान्छे आफै । भूकम्प हुन्छ, यिनै मर्छन् । आफूले बनाएका घरभित्रै चाँपिएर मर्छन् मान्छे । हाम्रा केही भत्किन्नन् भू-कम्पमा । भू-कम्पको डर छैन मलाई भुर्र उडेर आकाशबाट हेर्छु म पृथ्वी काँपेको । सुनामी आउँछ मान्छे नै स्वाहा हुन्छन् । हामी त खेचर हौं । आकाश हाम्रो हो, त्यसैले त म आकाशको चिन्ता गर्छु । हामी त आकाशमै उड्छौं, भू-कम्प र सुनामी आउँदा ।'

आज मान्छेले आफूलाई जति श्रेष्ठ सावित गरे पनि आफ्नै निर्माणका कारणले आफू अफठ्यारोमा परेको कुरा हुटिट्याउँले मान्छेलाई स्मरण गराएको छ । यसरी विचार गर्दा निकै मिठा व्यङ्ग्यहरू पनि यी निबन्धमा देख्न सकिन्छ । 'ठूलो मान्छे' शीर्षकको निबन्धमा निबन्धकारले सबै कुरा अनित्य, अस्थायी छन् । धन, वैभव र बलले मान्छे ठूलो हुन सक्दैन । कृति र सृजनामै चिरञ्जीवी हुन्छ मान्छे भन्ने धारणा व्यक्त गरेका छन् । वाणीका साधकहरू अक्षय हुन्छन् । मान्छेका सत्कर्महरू अक्षय हुन्छन् । अक्षर अक्षय अर्थात् अविनाशी हुन्छन् । तिनै अक्षर र वाणीहरूको सङ्ग्रह प्रस्तुत निबन्धात्मक कृति पुस्तकालयलाई प्रकाशन गर्न दिएकोमा लेखकप्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**- शशि पन्थी**

**किरण पुस्तकालय**

# शब्दपुष्प–शुभेच्छाका

*प्रा.डा. हिरण्यलाल झवाली*

दुःखी या दीनका नाथ दीननाथ भए पनि
अवस्था दीनको देख्दा हुन्छन् दिक्क स्वयं यिनी
समाती दीनको पन्थ दीन पन्थी भए जसै
साहित्याकाशमा चम्क्यो यही नाउँ जताततै

तम्घास दीनको बास जन्म कर्म यहीं थलो
यैं थलामा बसी गर्छन् दीन-मानिसको भलो
व्यवसाय अरू त्यागी प्राध्यापन अंगाल्दछन्
भाषाका क्षेत्रमा कैल्यै न निभ्ने ज्योति बाल्दछन्

अध्येता अनुसन्धाता स्रष्टा द्रष्टा सबै यिनी
भाषाका क्षेत्रमा चाँडो दीनको चल्छ लेखनी
अभिन्न यिनको नाता छ **'हाम्रो पुरुषार्थ'**मा
रहेर गर्दछन् काम सम्पादन समूहमा

नौला निबन्धका साथ दीन आइसके अब
प्रत्येक रचनाबाट रम्लान् सम्पूर्ण पाठक
जति खाऊँ अभै खाऊँ खाऊँ भैं अभ बेसरी
अनौठो स्वाद मिल्नेछ हरेक रचनाभरि

नयाँ चिन्तन पाइन्छ दृष्टिकोण नवीन छ
यी निबन्धहरू हेर्दा अलग्गै पहिचान छ
घुसाई बीचमा चट्ट गुल्मेली भाषिकाहरू
बोभ हैन सबैलाई खुसी तुल्याउँछन् बरू

भाषा निख्खर देखिन्छ सकिन्न खोट लाउन
बिन्दुमा दीन पन्थीले सक्छन् सिन्धु अटाउन
मीठो सरल भाषामा विचार व्यक्त गर्दछन्
कवितात्मक शैलीमा भावना-बीज छर्दछन्

अनुप्रास मिलेको छ हरेक पंक्ति-पंक्तिमा
निबन्धभित्र पाइन्छन् कवितै कविता यहाँ
रूपरङ्ग सबै हेर्दा कविता नै भने हुने
निबन्ध भन्दछन् आफै कविता म भनूँ भने

सजिला रसिला मीठा कसिला जोसिला अनि
छोटा र छरिता चट्ट फुर्छन् वाक्यहरू पनि
टिप्दछन् दीनले मोती महासागरमा डुबी
ईर्ष्या लाग्छ मलाई ता देखेर यिनको खुबी

नौलो प्रयोग देखिन्छ सबै सूत्र-निबन्धमा
लाग्छ पाणिनि आए भैं निबन्धकार भै यहाँ
लघु आकारका किन्तु पाइँदैन अपूर्णता
स्रष्टा कुशल पाएमा सृष्टिमा हुन्छ पूर्णता

निबन्ध दीनका केही छन् चट्ट चटनीसरि
खुर्सानी नछुनेलाई जिब्रो पोल्ला कि बेसरी

०-०

# समीक्षकको दृष्टि

मैले लेखक दीन पन्थीका ससाना निबन्धहरू खोजी-खोजी पढ्छु । थौरैमा धेरै पस्कनु लेखकको विशेषता हो । लेखकका निबन्धहरू लघु आकारका हुन्छन् । तिनमा विपुल भावराशि लुकेको हुन्छ । उहाँमा दार्शनिक चेत पनि छ । उहाँ शनै-शनै उदात्त मानवतावादतिर आउँदै हुनुहुन्छ । आफू साहित्यिक गोताखोर बनेर पाठकको हृदयको अतल गहिराइ एवं अन्तस्करणमा पुगेरै आफ्नो छाप छोड्नुहुन्छ । उहाँ अस्तित्ववाद, मानवतावाद एव प्रगतिवादमिश्रित चिन्तनबाट खारिदै भिन्दै परिचयका साथ आउँदै हुनुहुन्छ ।

दीन पन्थी एक स्थापित एवं क्रियाशील विद्वान् हुनुहुन्छ । उहाँ सांस्कृतिक रूपान्तरणका विषयमा स्पष्ट हुनुहुन्छ । कोमलकान्त पद-पदावली, प्राञ्जल भाषाशैली, सन्तुलित विचार र परिस्कृत चिन्तनले यहाँलाई उदात्त व्यक्तिको रूपमा चिनाउँदैछ । छोटा-छोटा निबन्धहरूमा गम्भीर भाव पस्केर पाठकलाई एक चिन्तनअवस्थाबाट अर्को चिन्तनअवस्थामा पुऱ्याउने सामर्थ्य उहाँको आलेखमा हुन्छ । मैले उहाँलाई मेरै निम्ति पनि उत्प्रेरक ठानेको छु ।

संस्कृतिका नाममा कुरीति र कुप्रथाहरू पालेर बस्नु हुँदैन । आधुनिकताका नाममा आफ्नो परिचय पनि गुमाउनु हुँदैन । संस्कृति पाल्नुपर्छ, कुरीति र

विकृति फाल्नुपर्छ । यी वाक्यहरूको मर्म कति सन्तुलित छ ? समाजमा रूपान्तरणको अग्रह गर्ने गतिशील व्यक्तित्व प्रगतिशील हुन् । जसले समाजलाई यथास्थितिबाट अघि घचेट्न थाल्छ, त्यो प्रगतिशील हो । असल संस्कृति पाल्नुपर्छ । कुरीति र विकृति फाल्नुपर्छ । यो वाक्यमा सांस्कृतिक रूपान्तरणको गतिशील आशय लुकेको हुन्छ । यसर्थ दीन पन्थी गतिशील चिन्तक हुनुहुन्छ ।

विचार बिऊ हुन् । असल विचार असल बिऊ हुन् । वनस्पतिका बिऊ उर्वर माटोमा रोप्दा झाँगिन्छन् भने विचारका बिऊ मस्तिष्कमा सम्प्रेषित भएपछि मात्र झाँगिन्छन् । यस समाजमा असल विचारकहरू जन्मे भने सिङ्गो समाज असलतिर लाग्न थाल्दछ । हाम्रो समाजमा विचारकहरूको खडेरी परेको छ । यो तप्त खडेरीमा पनि सांस्कृतिक रूपान्तरणका सम्बन्धमा नयाँ विचार पस्कन थाल्नुहुने दीन पन्थीज्यूलाई  साधुवाद !

**- ऋषि आजाद**
**समीक्षक**
(२०६१ भदौ २० गतेको **'जनसंघर्ष'** पत्रिकाबाट)

o–o

*लेखकीय*

# आगो निभाउन अलिकति पानी

यी स-साना लेखाइहरू स्वान्तः सुखाय रचिएका हुन् । आफ्ना अनुभूति, चिन्तन र भावनाहरूलाई मितव्ययी शैलीमा टिपोट गर्दा यी जन्मे । सुहृज्जनको सत्प्रेरणाले यी पुस्तकाकार बन्दैछन् । यी के हुन् भन्नेमा मै अलमलमा थिएँ । मैले यिनलाई लेखाइ भन्थें । पाठकहरूले यिनलाई निबन्ध भनिदिए ।

फुल्को थुँगा झैं आफैमा परिपूर्ण हुन्छ निबन्ध । सौन्दर्य र सुगन्ध खोज्छौं हामी, आकार होइन, रंग होइन, नाम होइन, जात होइन । प्राकृत भावहरू झरना झैं बग्छन् त्यहाँ । झरनाको भाषा झैं अमूर्त र चराको गान झैं बहुअर्थी हुँदा निबन्ध आस्वाद्य बन्छ । समय थोरै छ अहिले पढ्नेलाई । परम्पराबाट अलिकति पृथक् रहेर स्वच्छन्द बन्नुपर्छ-शैलीमा, विचारमा । भाषा सघन हुनुपर्छ निबन्धमा । थोरै शब्दहरूमा विचारहरू खाँदियून् । गागरमा सागर भर्ने धृष्टता गर्नुमा बालापन देखियोस् । गहिराइमा रहस्य छ, अस्पष्टता छ । अस्पष्टतामा मनमौजी अर्थ बुझ्ने छुट होस् । उँखु चुसे जस्तो होस् निबन्धको पढाइ, गिलासको रस निलेजस्तो नहोस् । म त्यसैमा रमाउँछु ।

अन्वय नमिले झैं लाग्ने पदहरूमा अर्थको एउटा मियोमा अन्वय हुन्छ । अव्यवस्थामा एउटा व्यवस्था मिल्छ । अमूर्तताभित्र अनेक अर्थ खुल्छन् । विशृङ्खलतामा एउटा शृङ्खला मिल्छ । स्वाङ, ढोंग र आडम्बर नभएको टेबुल

गफमा एउटा विचार गहिरिन्छ । सघन बन्छ भाव खँदिएर लेखाइमा । सूक्ष्म होस्, सार्थक होस्, सुन्दर होस्- आत्माको अभिव्यञ्जना निर्बन्ध छचल्कियोस् निबन्धमा - म यही चाहन्छु ।

केराका पातहरू पिपलका पातजस्ता हुँदैनन् । गुलाफका फूलहरूको रूप, रंग र गन्ध पारिजातका फूलको जस्तो हुँदैन । प्रत्येक कलाको उचाइ अनुपम हुन्छ । आकाश आकाशजस्तै हुन्छ । व्यक्तिका अनुभूतिहरू फरक-फरक हुन्छन् । अर्काको अनुभव म जान्दिनँ । सहानुभूति स्वाङ्मात्र हुन्छ । प्रत्येक स्वतन्त्र लेखाइमा व्यक्तिका निजी अनुभूतिहरूको नूतन रूपको झझल्को हुन्छ । एउटा कल्पनाशील मन हुनुपर्छ चंगा झैं । मुक्त हुनुपर्छ-ढोंग आडम्बर, लोकाचारबाट । आत्माको अभिव्यञ्जना निबन्ध बनेर बग्नेछ त्यहाँ ।

लामो समयको अन्तरालमा लेखिएका लेखाइहरूमा चिन्तनमा विरोधाभास होला । लेखाइमा पुनरूक्ति होला । बिम्बहरूमा निरर्थकता होला । शब्द प्रयोग र वाक्यविन्यासमा निरङ्कुशता होला । अदृश्यको पछि दर्गुदा विचारमा पश्चगामीपन होला । पण्डितहरूलाई नास्तिकता लाग्ला । प्रगतिशीलहरूलाई रूढीवाद लाग्ला । प्रस्तुति कर्कश, निरस लाग्ला । विज्ञजनसँग म क्षमाप्रार्थी छु ।

मलाई कुनै सिद्धान्त प्रतिपादन गर्नु छैन । लेखनमा म अराजकताको पक्षपाती छु । मान्छेको जीवनजस्तै हाम्रा लेखाइ छन् । हामी सत् बनाउन सक्दैनौं । हामी सत् बदल्न सक्दैनौं । सत् निर्मम छ । चित्मा हामी अलिकति मानवता र अलिकति करुणा खोज्छौं । सत् र चित्को अनुसरण कठिन छ । जीवनको क्षणभंगूरतामा रमाउन सिकिएन । अन्तर्मनमा आगो बल्छ । आगो निभाउन चाहिन्छ अलिकति पानी । त्यही पानी हो यो ।

अन्तमा यस संग्रहको प्रकाशनको जिम्मा लिने किरण पुस्तकालय परिवारप्रति आभारी छु । कवितात्मक शुभेच्छा दिई वर्षौं पहिले मलाई निबन्ध लेखनतर्फ झक्झकाउने मेरा मित्र प्रा.डा. हिरण्यलाल ज्ञवालीप्रति कृतज्ञता व्यक्त गर्दछु । आदरणीय शशि पन्थी, ऋषि आजाद, राजेश अर्याल, टंक पन्थ, रविरमण ज्ञवाली, ध्रुवराज पन्थी, हीरा ए.सी., गणेश श्रीपाली, शंकरप्रसाद गौतम, कविता पन्थी, ईश्वर वि.क. जस्ता सुहृद्हरूको सत्प्रेरणा नमिलेको भए यी लेखाइहरू बिलाएर जान्थे । म सबैप्रति कृतज्ञता व्यक्त गर्दछु । यी निबन्धहरू जुन-जुन पत्रिकाहरूमा प्रथमपल्ट प्रकाशित भए ती-ती पत्रिकाका प्रकाशक-सम्पादकहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

**- दीन पन्थी**

**रेसुङ्गा नगरपालिका-१, आदर्श निकेतन, तम्घास, गुल्मी ।**

०-०

# विषयसूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| सुखानुभूति | १ |
| मान्छे, समाज र सद्भाव | ४ |
| पृथ्वी र मान्छे | ७ |
| धर्म | १० |
| प्रश्नहरू | १३ |
| नव वर्ष | १५ |
| सफलता | १८ |
| स्रष्टा र सृष्टि | २१ |
| बानर र मान्छे | २४ |
| फगत् एक्लै | २७ |
| लेखाइ | ३० |
| त्यान्द्राहरू | ३२ |
| विद्या र विद्यार्थी | ३५ |

| शीर्षक | पृष्ठ |
|---|---|
| माटो | ३७ |
| कालसूत्र | ४० |
| हुटिट्याउँको मन | ४२ |
| ठूलो मान्छे | ४४ |
| पानी | ४७ |
| दृश्य/अदृश्य | ४९ |
| नूतन/पुरातन | ५२ |
| क्रान्ति | ५६ |
| धन | ५९ |
| शङ्खे किरा, हुटिट्याउँ र माकुराहरू | ६१ |
| अक्षर र अमूर्त अभिव्यञ्जनाहरू | ६४ |
| यात्रामा | ६७ |
| राजनीति | ७० |
| माया | ७३ |
| सुर्ताहरू | ७६ |
| अक्षर र अमूर्त अभिव्यञ्जनाहरू-२ | ७९ |
| एकान्तवासका प्रलाप | ८२ |

# सुखानुभूति

सुखको खोजीमा हुन्छन् सबै । भोगी, जोगी, रागी, बैरागी सबै सधैं डुल्छन् आनन्दको खोजीमा । आनन्दकै खोजीमा नागा बाबा डुल्छन् । आनन्दकै खोजीमा राजा–महाराजा डुल्छन् । आनन्दकै खोजीमा बने वेदहरू, शास्त्रहरू, पुराणहरू, कुरानहरू, बाइबलहरू । आनन्दकै खातिर बने-धर्म, स्वर्ग र वैकुण्ठहरू । आनन्दकै खोजीमा भेटिए ज्ञानविज्ञान र कलाकौशलहरू । सुख के हो ? वस्तु हो कि मन ? बुझ्नै सकिन्न यो । संसार विचित्र छ । सुखकै खोजमा एउटा रागी हुन्छ, अर्को बैरागी हुन्छ, एउटाले पाउडर घस्छ, अर्कोले खरानी घस्छ । सुखकै खोजीमा एउटा शहर पस्छ, एउटा वन पस्छ । सुख वनमा छ कि शहरमा ? परिभाषा नै गन्जागोल छ सुखको ।

सुखबाट सुख प्राप्त हुँदैन । गर्मीमा घाम ताप्दा सुख हुँदैन । जाडोमा सिर्सिरे बतास सुखदायी हुँदैन । अघाएको पेटमा भोजन सुखकर हुँदैन । आरामपछिको आराम सुखदायी हुँदैन । दुःख हुनाले नै सुख छ । लाग्छ सुख दुःखकै अर्को पाटो हो । जसले दुःखसँग साक्षात्कार गर्छ, त्यसैले सुखसँग साक्षात्कार गर्छ । सुखपछि दुःख छ, दुःखपछि सुख छ । दुःखका मूलमा सुख छन्, सुखका मूलमा दुःख छन् । हरेक रात प्रभातको संकेत हुन्छ । हरेक दिन रातको आगमनको संकेत हुन्छ । दुःखमिश्रित सुख छन्, सुखमिश्रित दुःख छन् । जसले कष्ट

भोग्छ, उसैले सुख भोग्छ । गुलाबमा काँढा हुन्छन् । तितो खाएपछि गुलियो झन् स्वादिलो हुन्छ ।

जसले त्याग र संयमको साधना गर्छ, त्यसैले भोगको आनन्द भोग्छ । उपनिषद् भन्छ- 'तेन त्यक्तेन भुञ्जीथा' अर्थात् त्यागपूर्वक भोग गर । अति भोग दुःखकर छ । समयको अन्तराल जति बढ्छ, भोगको स्वाद त्यति नै सुखकर रहन्छ । जसले भोकको अनुभव गर्छ, त्यसैले भोजनको आनन्द लिन्छ । जसले प्यासको अनुभव गर्छ, त्यसैले पेयको आनन्द लिन्छ । जसले थकाइको अनुभव गर्छ, त्यसैले विश्रामको आनन्द भोग्छ । भोकविनाको भोजन, प्यास विनाको पेय र थकाइविनाको विश्राम किमार्थ सुखकर हुँदैनन् । हाम्रा बानी विचित्र छन्-बसिरहे हिड्न मन लाग्छ, हिडिरहे बस्न मन लाग्छ । अभावपछिको भावमा आनन्द छ । वर्षामा पानी पर्दा छाता ओढेर हिड्छौं, बाथरूममा छँदा टाउको धारामा थाप्छौं । नखोजेका सुखहरूभन्दा रोजेका दुःखहरू आनन्ददायी हुन्छन् । आनन्द स्वतन्त्रतामा छ । सुनको साङ्लामा जेलिएर सुख खोज्नेहरू दुःख भोगिरहेछन् । चाँदीको पिञ्जडामा थुनिएर आनन्द खोज्नेहरू पिञ्जडाबाट उम्किन खोजिरहेछन् । हामीले सुखी देखेका धेरै मान्छे दुःखी छन् । हामीले दुःखी देखेका धेरै मान्छे सुखी छन् । अर्काले जोखेर दिएको सुख भार भएको छ धेरैलाई । सुख मनमोजमा छ ।

संसार विचित्र छ । कोही खरानी घसेर मस्त छ, कोही अत्तर दलेर अस्तव्यस्त छ । एउटा बाबुलाई थुनेर राजगद्दीमा बस्छ, अर्को स्वतः प्राप्त राजगद्दीलाई लत्याएर भिक्षु बन्छ । सुखको अनुभव मनले गर्छ कि तनले ? यसको उत्तर खोज्न भौंतारिइरहेछन् दार्शनिकहरू । मान्छेले कान छेंड्छ, नाक छेंड्छ, जिभ्रो छेंड्छ किन ? किन सगरमाथा चढ्छन् मान्छेहरू ? कुनै सुरा र सुन्दरीमा दिव्य आनन्द देख्छन् । कुनै त्याग आदर्श र बलिदानमा आनन्द देख्छन् । कसैले आस्था र निष्ठाको लागि ज्यान दिन्छन्, कसैले स्वार्थका लागि भ्रष्टाचार गरेर देश डुबाउँछन्; जनता रूवाउँछन् । देवकोटा भन्छन्- 'खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ? आफू मिटाई अरूलाई दिनु जहाँ छ । के देवकोटा भ्रममा छन् ? के लिंदा मात्र सुख हुन्छ, दिंदा हुँदैन ?

कतै झुप्रामा प्रेम फुलिरहेछ, कतै महलमा घृणा डुलिरहेछ । एउटा माटाका थुप्रामाथि उभिएर हाँसिरहेछ, अर्को सुनका रासमाथि उभिएर रोइरहेछ । कसले बाँड्छ सुख-दुःखहरू कुनामा लुकेर ? के प्रकृतिले सुख बाँड्दैन ? के चन्द्रमाले आनन्द बाँड्दैन ? के जुरेली र कोइलीको कण्ठले आनन्द बर्साउँदैन ? के बैंस र वसन्तले आनन्द बाँड्दैन ? गर्मीमा उकालो चढ्दा नेटाको चौपारीमा शीतल वायुले के आनन्द प्रदान गर्दैन ? उकालो नै नचढ्नेले त्यस्तो आनन्द भोग्छ ?

संसारमा सुख छरिएका छन्, जसले टिप्छ, त्यसैले भोग्छ । क्षण-क्षण भोग्नुपर्छ आनन्द ।

विचित्र छ संसार । कोही धनी छन् तिनका सन्तान छैनन् । कोही गरीब छन्, तिनका धेरै सन्तान छन् । कसैसँग ढुंगा पचाउने पाचनशक्ति छ तर तिनीसँग प्रशस्त भोजन छैन । एउटा भोकले तड्पिरहेछ, अर्को भोजन निल्न नसकेर छट्पटाइरहेछ । एउटा निद्रा नलागेर अस्पटाइरहेछ आरामदायी बिछौनामा, अर्को भुईंमै मस्त निदाइरहेछ । भोक नलागेर सन्ताप छ कसैलाई भोजन नमिलेर सन्ताप छ कसैलाई । एउटासँग भोक छ अर्कोसँग भोजन छ । एउटासँग प्यास छ, अर्कोसँग पेय छ । एउटासँग बिछौना छ, अर्कोसँग निद्रा छ । रछ्यानमा मिल्किएका छन् मणिहरू । शिरमा चढेका छन् काँचहरू । कस्तो नमिलेको संसार हो यो ! ढंगमरू कालिगढले गढेजस्तो । जीवनको उकालीमा चढ्दै गर्दा बैंस भेटिए, वासना भेटिए सुख भेटिए । जीवनको ओरालीमा झर्दै गर्दा ती सबै पोखिए खल्तीबाट । त्यहाँ वैराग्य भेटिए', निराशा भेटिए, हताशा र मुमुर्षा भेटिए, मरूभूमिमा मरूद्यान झैं त्यहाँ पनि भेटिने छन् केही आशाहरू सुखका झिल्काहरू तडित् झैं । आँसुमा पनि चम्किन्छन् हर्ष हर्षाश्रु बनेर । झरीमा चम्किन्छन् बिजुली । हाँस्दाहाँस्दै पनि झर्छन् आँसु । जीवन क्षणक्षण चल्छ । क्षणक्षण हुन्छन् अनुभूति हर्षका, शोकका, सुखका, दुःखका ।

सुख त अनुभूति हो मनबाट उठेको । धनले किन्न पाइने बजारिया वस्तु होइन यो । दुःखमा रूँदा पनि मन हलुंगो हुन्छ । वेदनाहरू बग्छन् आँसुमा । सुखमा हाँस्दा मन प्रसन्न हुन्छ । तर जीवन विचित्र छ । हाँस्दा-हाँस्दै रूनुपर्छ । रूँदारूँदै हाँस्नुपर्छ । जीवनका प्रत्येक क्षणहरू अमूल्य छन् । जीवन रहेसम्म रहन्छन् सुख-दुःखहरू । जीवनान्तपछि न सुख छन् न दुःख छन् । यही शरीर यिनै इन्द्रिय र यही मन हुन् भोक्ता सुख दुःखका । देहान्तपछि आत्मालाई नित्य सुख छ, चिदानन्द छ । कमाएका वैभव यहीं रहलान्, छोरानातिले भोग्लान् । हाम्रा सन्ताप र मृगतृष्णाहरू हामीसितै मर्लान् । सुख र हर्षका उन्मादहरू पानीका फोका झैं बिलाउलान् । हामीले भोगेका दुःखहरूका बन्लान् मर्मस्पर्शी र चिरस्थायी कथाहरू ।

o–o

# मान्छे, समाज र सद्भाव

मान्छे भई जन्मनु नियति हो, पुरुषार्थ होइन । हामी हाम्रा इच्छाले मान्छे भएका होइनौं । मान्छे हामी भाग्यले भयौं । खास कर्मले हामी मान्छे बन्छौं । अरू प्राणीहरू सहजात वासनाले चल्छन्, मान्छे नैतिक सिद्धान्तले चल्छ, भावनाले चल्छ, विचारले चल्छ, बुद्धि-विवेकले चल्छ । शिश्नोदरपूर्ति मात्र मान्छेको काम्य होइन, यिनैमा सीमित बन्नु मान्छे बन्नु होइन । मान्छे भन्नु र मान्छे बन्नु फरक छ । मान्छेको आकारका धेरै मान्छे छन् संसारमा । सत् र चित्को अन्तःप्रेरणाले मात्र मान्छे बन्छ । सत् भनेको सर्वोत्तम शुभ हो, उचित हो, सुन्दर हो र वास्तविक हो । सत्कै भाव हुन् सत्ता र सत्य पनि । चित् भनेको चैतन्य हो, संवेदनाहरूको स्रोत हो । चैतन्य र संवेदनाविना मानवसत्ता असम्भव छ । सत् र चित्का केन्द्र हाम्रा मन र मस्तिष्क हुन् । अरू प्राणीमा भोगाशा मात्र छन् मान्छेमा त्यागेच्छा पनि हुन्छन् । सबै प्राणीमा प्रवृत्ति छन्, मान्छेमा निवृत्ति पनि हुन्छ । मान्छेसँग ज्योतिर्मय अक्षरहरू छन्, शब्दहरू छन्, बोली छ, इतिहास छ, संस्कृति छ, ज्ञान छ, विज्ञान छ, प्रविधि छ र कला छ ।

मान्छेसँग समाज छ । समाजविना मान्छे बन्नुको अर्थ छैन । सृष्टिको प्रारम्भदेखि मान्छे सामाजिक बनेको छ । मानवसमाजबाट मानवसभ्यता बनेको छ । आखेटका, कृषिका, उद्योगका सफलताहरू समाजमै सार्थक बनेका छन् । परिवारदेखि संसारसम्म समाजका अनेक सोपान छन् । कुटुम्बदेखि **'वसुधैव**

**कुटुम्बकम्'** सम्म हाम्रा सामाजिक भावनाहरू फराकिला बन्दै गएका छन् । सामाजिक भावनाबाट सेवा, परोपकार, दया, क्षमा, अहिंसाजस्ता भावहरू विकसित भएका छन् । समाजमा विविधता छ, विविधतामा सहिष्णुताका भावहरू उठेका छन् । मान्छेका भिन्न अनुहार छन्, भिन्न वर्ण छन्, भिन्न आकृति छन्, भिन्न रुचि छन्, भिन्न क्षेत्र छन् र भिन्न विचार छन् । यी अनेकताहरूबीचको एकता र साम्यता नै मानवसमाज हो । संकीर्णताले हाम्रो समाज टुक्रिन्छ, उदारताले हाम्रो समाज जोडिन्छ । मान्छे-मान्छेबीचका भेदभावहरू मेट्दै-मेट्दै जानु छ । मान्छे-मान्छेबीचका समताहरू खोज्दै-खोज्दै जानु छ । सामाजिक सद्भावको बारेमा म अहिले के लेख्न सक्छु र ! हाम्रो समाजबाट अहिले समाज च्यातिदै छ, टुक्राइँदैछ-जातमा,जातिमा,थातमा, नस्लमा । हामी लकीरको फकीर बनेर बरालिइरहेछौं । सद्भावहरू राजनीतिस्वार्थको सागरमा डुब्दैछन् । मानवीय मूल्यको ह्रास हुँदैछ ।

मान्छेका उन्नतिका सूचक घर, खाद्यान्न, मोटर र यन्त्रहरू मात्र होइनन् । सद्भावविनाको भौतिक उन्नति भस्मासुरको वरदान बन्न सक्छ । मानवसमाज सभ्यता, संस्कृति, उद्योग र सद्भावनाको मियोमा घुम्छ । विकृति, बेथिति र रूढीले ग्रस्त समाजमा न स्वतन्त्रता हुन्छ न सद्भाव हुन्छ । त्यसैले हामीले मान्छेहरूलाई अविद्याको मोहनिद्राबाट ब्यूँझाउनु छ । विभेदको व्यामोहबाट जगाउनु छ । भ्रष्ट समाजलाई एउटा आदर्श र सदाचारको बाटोमा हिडाउनु छ । एउटा आदर्श सभ्यता,संस्कृति,सदाचार र सद्भावको विकासविना हामी समुन्नत बन्न सक्दैनौं ।

समाजमा सत् असत् दुबै छन्, विद्या अविद्या दुबै छन्, शुभ अशुभ दुबै छन् । असत्, अविद्या र अशुभ त्याग्दै सत्को, विद्याको र शुभको सत्पथमा लाग्नुपर्छ हामी । गुणसितै दुर्गुण हुन्छन्, फूलसित काँढा भए झैं । सद्भावसितै दुर्भाव छन् । आकर्षक हुन्छन्-दुर्भाव र दुर्व्यसनहरू । उकालो छ सद्गुणहरूको बाटो । साधना र तपस्याबाट प्राप्त हुन्छन् सद्गुण र सद्भावहरू । हामीले सद्भाव, सदाचार, सद्गुण र सद्व्यवहारलाई जीवनशैली बनाउन सकेनौं । फलतः समाजमा विभेद, विद्वेष, विग्रह र वैमनस्य बढे ।

मान्छेसँग काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता दुर्भावहरू नैसर्गिक रूपमा रहेका हुन्छन् । यी निमिट्यान्न हुन्नन् मान्छेको मनबाट । नीतिले, साधनाले, शुभसंस्कारले, सुशिक्षाले, ज्ञानले यिनलाई दमन गर्नुपर्छ । आफ्नै स्वार्थको मात्र पछि लागेर सामाजिक बन्न सकिन्न । आफूलाई अरूले मद्दत गर्छ भने आफूले पनि अरूको मद्दत गर्नुपर्छ । व्यभिचारले, मदले, चुक्लीले, ईर्ष्याले, द्रोहले, कृतघ्नताले, कठोर वचनले र अर्थदूषण (भ्रष्टाचार) ले समाजमा दुर्भाव बढ्छ । अशान्तिका, दुर्भावका, विद्वेषका बीजहरू मान्छेका मस्तिष्कमा हुन्छन् ।

कारणहरूको निदान नभई कार्यको निदान हुँदैन । समाजमा विभेद र असमानता रहँदासम्म ती मान्छेको मस्तिष्कमा रहिरहन्छन् र मौकामा निस्कन्छन् । समाजलाई सद्भावमय बनाउने हो भने समाजबाट कुरीति, दम्भ, भ्रष्टाचार, अविद्या, पाखण्ड, आडम्बर, अस्पृश्यता र भेदभाव हटाउनुपर्छ । समाजका हरेक सदस्यले सुनृता (साँचो र मिठो बोली) अहिंसा (रागद्वेषविहीनता) अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य र अपरिग्रह (अनावश्यक सम्पत्तिसंग्रह नगर्नु) यी पाँच महाव्रत पालन गर्नुपर्छ । पञ्च महाव्रतको पालनले समाजमा सद्भावको उदय हुन्छ । सबै साँचो र मिठो वचन बोल्दा वैमनस्य हुँदैन । वैमनस्य नहुँदा समाजमा मेलमिलाप हुन्छ । राग र द्वेष हिंसाका कारण हुन् । हिंसाले हिंसा जन्माउँछ । क्रोधले क्रोधलाई जित्न सक्दैन । **'अक्रोधेन जित क्रोधम्'** अर्थात् अक्रोधले क्रोधलाई जित्छ भन्छन् । अहिंसाव्रत पालन गर्दा समाजमा विश्वास र समझदारी बढ्छ । अस्तेय भनेको चोरी नगर्नु हो । कसैको सामान, श्रम, बुद्धिको शोषण गर्नु चोरी हो । चोरीले समाजमा बेथिति बढ्छ, अविश्वास बढ्छ, कलह बढ्छ । व्यभिचार पनि समाजमा विद्वेष बढ्ने कारण हो । सम्यक् ब्रह्मचर्यको पालनले समाजमा सद्भावको विकास हुन्छ । हिन्दु संस्कृतिमा अनावश्यक धनसंग्रह गर्नुलाई पाप भनिएको छ । अनावश्यक धनसंग्रहले भ्रष्टाचार र वर्गभेद बढ्छ । वर्गभेदले वर्गसंघर्षको स्थिति उत्पन्न भई युद्ध हुन्छ । श्रीमद्भागवतमा जतिले पेट भरिन्छ त्यतिमात्र मान्छेको आफ्नो सम्पत्ति हो र बढी थुपार्ने चोर हो भनिएको छ । अपरिग्रह व्रतको पालनले समाजमा समानताको स्थिति हुन्छ । समानताले शान्तिस्थापना र सद्भावको विकास हुन्छ ।

हाम्रो मनमा भावहरू स्थिर छन् । इन्द्रियहरूका घोडा चढेर ती बाहिर प्रकट हुन्छन् । तिनलाई मनको लगाम र बुद्धिको सारथी बनाई हाँकेमा ती सद्भाव बन्छन् । हामीले रागलाई प्रेममा बदल्न सक्छौं, ईर्ष्यालाई उद्यममा बदल्न सक्छौं, मोहलाई निष्ठामा बदल्न सक्छौं । जसरी खेतबारीमा दुर्गन्धित मल राखेर सुस्वादु फल फलाउन फुलाउन सक्छौं त्यसरी नै हामीले समाजमा दुर्भावको ध्वंसमा सद्भाव उमार्न सक्छौं ।

वेदमा एउटा मन्त्र छ - **'सहनाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै, तेजस्विनावधितमस्तु मा विद्विषामहै'** अर्थात् सँगै हिडौं, बाँडीचुडी खाऊँ, सँगसँगै काम गरौं, तेजस्वी बनौं, आपसमा द्वेष नगरौं । यस मन्त्रले सामाजिक समताको सन्देश दिन्छ । सामाजिक समताले सद्भावको विकास गराउँछ । सामाजिक सद्भावले नै मानवसमाज समुन्नत हुन्छ । समुन्नत समाजबाट नै मानवता र शान्तिको अभ्युदय हुन्छ । मानवता र शान्तिको अभ्युदय हाम्रो कामना हो । तसर्थ यस वैदिक मूलमन्त्रलाई मनन गरौं र तदनुसार आचरण गरौं ।

**०–०**

# पृथ्वी र मान्छे

जीवन एउटा स्वप्न झैं, रहस्य झैं, माया वा भ्रम झैं लाग्यो मलाई । नियति र समयले खेलाउँछन् जीवनलाई । हामी विवश भएर जन्मन्छौं, बाँच्छौं र मर्छौं । हाम्रो वशमा न जन्म छ न मृत्यु छ । हामी नचाहीकन जन्म्यौं, नचाहीकन मर्छौं । नचाहे पनि नमर्दासम्म बाँच्नु हाम्रो विवशता हो । हामी शून्यबाट आयौं, शून्यमै जान्छौं । बाँच्ने क्रममा हामीसँग हुन्छन्-वासना, जिजीविषा र भोगाशाहरू । मृगतृष्णाजस्तो भोगाशाको त्यान्द्रो समातेर हामी बाँच्छौं-एउटा निरर्थक जीवन । भ्रम र मायामा अल्झिएर प्रतिक्षण चल्छ आनन्दको खोजी । आशा बलवती छ त्यसैले अन्तसम्म तान्छे सबैलाई ।

मान्छेको जीवन क्षणिक छ । मान्छेका संग्रहहरू नाशवान् छन् । मृत्युमा पुगेर पूर्णविराम लाग्ने जीवन दुःखान्त छ । धनवान् र निर्धनप्रति कालको समान चेष्टा रहन्छ । जरामरणले कसैलाई छोड्दैनन् । मान्छेलाई जरामरणबाट कुनै पनि औषधि, मन्त्र, पूजा, दान, जपले रक्षा गर्न सक्दैनन् । क्षणक्षण जीवन चल्छ, क्षणक्षण मृत्यु चल्छ । बितेका क्षणहरू फर्कन्नन् । अमित वैभवशालीहरू पनि सबै छाडेर जानैपर्छ । प्रतिक्षण सुखको अनुभूति खोज्नुपर्छ । यस्तो विवश क्षणिक जीवन पनि पराधीन भएर बित्यो भने व्यर्थ हुन्छ ।

मान्छेले जन्मदा स्थान र वंश रोजेर आउँदैन । नियतिवश प्राप्त हुन्छन् यी । स्त्रीत्व, पुंस्त्व पनि मान्छेका छनोट होइनन् । त्यसैले मान्छे स्थान, वंश, स्त्रीत्व र पुंस्त्वले ठूलो-सानो हुँदैन । मान्छे आफ्नो पुरुषार्थले स्त्री वा पुरुष भएको होइन । नियति र कालको बृहत् आयाममा एउटा बिन्दुपथमा प्रक्षिप्त हुन्छ जीवन । किन हामी एउटा निश्चित स्थान, काल र वंशमा जन्मन बाध्य छौं ? जीवनको अर्थ र अभिप्राय के छ ? के प्रयोजन छ पृथ्वीमा मान्छेका जीवनको ? मान्छे नै नभए पनि यो पृथ्वी मजाले चल्छ । ग्रहनक्षत्रहरू घुम्न, वर्षा हुन, सूर्यचन्द्र उदाउन, फूल फुल्न, फल फल्न, कोइली कुँज्न मान्छे नभएर के फरक पर्छ र !

यो अनन्त आकाश, यी ग्रहनक्षत्रहरू, यो पृथ्वी, यी हिमाल, यी पर्वत, यी मैदान, यी नदीनाला, मान्छेको सृष्टि नहुँदा पनि थिए । मान्छे सृष्टिबाट हराए पनि रहिरहनेछन् यी ।

यी सबैको अधिपति हुँ भन्ने मान्छेको जीवन भने पानीको फोका झैं अस्थिर छ । पृथ्वीकै केही भाग ओगटेर 'म पृथ्वीपति हुँ' भन्ने मान्छे अन्ततः पृथ्वीमै सकिन्छ । मान्छेको प्रारम्भ र समाप्ति यहीं हुन्छ । मान्छे यहींबाट बन्छ र यहीं छरिन्छ । मान्छेका वासना, जिजीविषा र भोगाशाहरू यहीं छरिन्छन् । मान्छेको जीवन पानीको फोका झैं उठ्छ, देखिन्छ र फुट्छ । यस्तो अनित्य चोला भईकन पनि मान्छे इतिहासनिर्माता र सबै प्राणीको राजा बन्छ । जन्मेर नमरुन्जेल मान्छेको जीवन हुन्छ । यसैबीच उसले चिन्तन-मनन र कर्म गर्नुपर्छ । यसैबीच कलह, वैमनस्य, ईर्ष्या र शिश्नोदरपूर्ति पनि गर्नुपर्छ । यसैबीच काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य रहन्छन् । यसैबीच मान्छेले ज्ञानविज्ञान जान्नुपर्छ, भूगर्भ खोतल्नुपर्छ, सागर पस्नुपर्छ र सगर चहार्नुपर्छ । समय छोटो छ मान्छेलाई ।

पृथ्वी प्रकृति हुन्, हामी उनका प्रत्यय मात्र । पृथ्वी हाम्री आधार हुन्, हामी उनका आधेयमात्र । पृथ्वी हामी नरहँदा पनि रहन्छिन्, पृथ्वीविना हामी रहन्नौं । हामीविना पृथ्वी सार्थक छन्, पृथ्वीविना हामी सार्थक छैनौं । चेतना उमार्ने पृथ्वीलाई हामी जड भन्छौं । जीवन उमार्ने पृथ्वीलाई हामी निर्जीव ठान्छौं । सांख्य दर्शन भन्छ - **'प्रकृतिश्चेतनःपुरुषस्तु जडः'** । हामी जड छौं, प्रकृतिले हामीमा चेतना भर्छ । चेतनाको अधिकताले हामी मान्छे भयौं । आकारभन्दा गुण ठूलो हुन्छ । तसर्थ गुणैकपक्षपाती हुनुपर्छ मान्छे । न आकारले, न जातले, न वंशले, न स्थानले मान्छे ठूलो हुन्छ । मान्छे ठूलो गुणले हुन्छ । हीरा, मोती, सुन आकारमा साना भए पनि मूल्यवान् हुन्छन् ।

यहाँ जे सार छ, जे सौन्दर्य छ त्यो सबै प्रकृतिमा छ । यहाँ जे स्वाद छ, जे गन्ध छ, जे रूप छ त्यो सबै पृथ्वीमा छ । भोजन र भोक दुबै पृथ्वीमा छन् ।

हामी निरीह छौं । सूर्यविना हामी अन्धा छौं, वायुविना हामी निस्प्राण छौं, आकाशविना हामी बहिरा छौं, पृथ्वीविना हामी शून्य छौं । हामी जे देखिन्छौं त्यो पार्थिव हो । हामी जे छौं-पृथ्वी हौं, जल हौं, तेज हौं, वायु हौं र आकाश हौं । पृथ्वी बिग्रे हामी बिग्रन्छौं, जल, वायु र आकाश प्रदूषित भए हामी दूषित हुन्छौं । तसर्थ पृथ्वी, जल, वायु र आकाशलाई दूषित नपारौं ।

यो धर्ती हो सबैको । मान्छे श्रेष्ठ प्राणी भए पनि मान्छेको मात्र पेवा होइन यो । सबैकी साझा हुन् वसुन्धरा, हात्तीदेखि भुसुनासम्मकी । पृथ्वी उनै छन् । हाम्रा असंख्य पुस्ता बिते, नदीमा पानी बगेझैं । असंख्य पुस्ता बित्लान् अझै । जन्मने-मर्ने क्रम चलिरहेछ अनादिदेखि । यस्तै चल्नेछ अनन्तसम्म । पृथ्वीको काखमा हाम्रा सृष्टि, स्थिति, प्रलय छन् । हामी नरहे पनि सृष्टि रहनेछ । पृथ्वीमा आउनेजाने यात्रीहरू फेरिनेछन् । यात्रा जारी हुनेछ । हामी नहुँदा पनि हाम्रा असंख्य पुस्ता जन्मून्, बाँचून् यस भूस्वर्गमा ।

o–o

# धर्म

धर्म भनेको धारणा हो । मान्छे, पशुपन्छी र वस्तुले पनि आफ्नो विशेषता धारण गरेका हुन्छन् । धर्म गरेर गरिने कुरा होइन, छोड्न नहुने कुरा हो । मान्छेहरू दुई खुट्टाले टेकेर हिड्छन् । चौपायाहरू चार खुट्टाले टेकेर हिड्छन् । पक्षीहरूका प्वाँख हुन्छन् ती आकाशमा सरर्र उड्छन् । बाघले अरू प्राणी मारेर खान्छ । हरिण घाँसमा चर्छ । आगो तातो हुन्छ । हिउँ चिसो हुन्छ । सिस्नाले पोल्छ । खुर्सानी पिरो हुन्छ । कागती अमिलो हुन्छ । सबै प्राणी र वस्तुले पनि आफ्नो धर्म निभाएका छन् । संसार धर्मले चलेको छ । मान्छेले पनि मानवधर्म निभाउनु पर्छ । धर्महीन मान्छे तापहीन आगो भैँ असम्भव र व्यर्थ छ ।

धेरै मान्छेहरू आडम्बर र स्वाङ्लाई धर्म ठान्छन् । पूजापाठ, कर्मकाण्ड, टुनामुना र स्वाङ्सित धर्मको कुनै सम्बन्ध छैन । यी त जीवनशैली, लोकाचार र संस्कृति मात्र हुन् । ईश्वर पूजा गरे खुशी हुने र नगरे खिन्न हुने अज्ञानी मान्छे जस्तो हुँदैन । ईश्वर संसारको विधाता हो । यस संसारमा जे जति वैभव छ, सम्पत्ति छ त्यो ईश्वरकै हो । मान्छेले चढाएको भेटी पाएर भगवान् प्रसन्न हुँदैन । देवताहरू कंगाल छैनन्–मान्छेले चढाएका धूप, धजा, अक्षता र भेटी बटुलेर हिड्ने ! मान्छेले चढाएको नैवेद्य मान्छेले नै खान्छ । मान्छेले दिएको भेटी, अक्षता मान्छेले नै बटुल्छ । धर्मको गति सूक्ष्म छ । हाम्रो धर्मले जनसेवालाई नै जनार्दनसेवा मान्छ । परोपकारलाई पुण्य र परपीडालाई पाप मान्छ । हामी चन्द्र, सूर्य, पृथ्वी, वायु, जल, अग्नि, वृक्ष र नदीहरूलाई देवता मान्छौं । यसमा विश्वकल्याणको भाव छ । यसमा कृतज्ञताको भाव छ । हामीलाई रातमा शीतल उज्यालो दिने चन्द्रमा देवता होइन ? हामीलाई प्रकाश र ताप दिने सूर्य देवता होइन ? हामीलाई बोकेर हिड्ने, पालनपोषण गर्ने पृथ्वी देवता होइन ? जसविना

हामी केही क्षण बाँच्न सक्दैनौं त्यस्तो प्राणवायु हाम्रो देवता होइन ? जलविना प्राणी, वनस्पति कोही बाँच्दैन, त्यस्तो जीवनाधार जल देवता होइन ? ताप दिने अग्नि हाम्रा ऋषिमुनिहरूको आविष्कार हो, त्यस्तो अग्नि के देवता होइन ? हामीलाई छहारी, इन्धन, औषधि र प्राणवायु दिने वृक्षलाई देवता मान्नु के उपयुक्त छैन ? हाम्रा देवताहरू प्रत्यक्ष छन् । तिनलाई भेट्न स्वर्गलोक जानु पर्दैन । हाम्रा ईश्वर पनि प्रत्यक्ष छन् । हामी तर्कले, अनुमानले, श्रद्धाले, अन्तर्दृष्टिले भगवान् देख्छौं । आँखा नहुनेहरूले रंग र आकृति देख्न सक्दैनन् । भित्री आँखा नहुनेहरूले ईश्वर देख्न सक्दैनन् । ज्ञानीहरू ईश्वरलाई जलमा, थलमा, नभमा, घटघटमा, कणकणमा यत्रतत्र सर्वत्र देख्छन् । हामी महलमा ईश्वर खोज्छौं तर ईश्वर झुपडीमा पनि हुन्छ । हामी झिलीमिली पोशाकमा ईश्वर खोज्छौं तर ईश्वर पसिनाले भिजेका पोशाकहरूमा पनि बस्छ । हामी सुनमा ईश्वर खोज्छौं, सुनमा त कलिको बास हुन्छ । ईश्वर त माटामा बस्छ र त्यही बसेर वनस्पति औषधि र अन्नहरूको सृजना गर्छ । आफैमा परिपूर्ण छ ईश्वर, सर्वव्यापी, शाश्वत, सर्वशक्तिमान् ।

रूपमा धर्म अनेक भए पनि सारमा धर्म एक छ । सबै धर्मको सार परोपकार, शान्ति र कल्याण हो । रुचिको भिन्नताले धर्ममा अनेक सम्प्रदाय, मत र पन्थहरू छन् । नदीहरू जता बगे पनि सागरमा पुग्छन् । सबै धर्महरूमा शान्ति, दया, परोपकार र मानवताका भाव छन् । सबै धर्म सम्मान्य छन् । जे नामले सम्बोधन गरिए पनि भगवान् एक छ । विश्वको विधाता एक छ । धर्मीहरू दोषी हुन सक्छन्, पाखण्डी हुन सक्छन्, आडम्बरी, दम्भी र ढोंगी हुन सक्छन् तर धर्म त गंगाजल झैं निर्मल हुन्छ । जल त स्वच्छ र शीतल नै हुन्छ । त्यसलाई बिगार्ने, मैलाउने त मान्छे हो । सभ्य, उन्नत र सर्वश्रेष्ठ भनिने मान्छे ।

धर्मका संकीर्ण अनुयायीहरूले धर्मलाई धमिल्याउँछन् । एकथरी मान्छेहरू भगवान्लाई आफैले पाले झैं गर्छन् । आफूलाई दाता ठान्छन् । देवतालाई आफूले दया गरेको ठान्छन् तर देवताहरू शक्तिशाली छन्-वायु झैं, जल झैं सूर्य झैं ? पृथ्वीलाई के दियौं ? वायुलाई के दियौं ? सूर्यलाई के दियौं ? बरू लियौं । भगवान्बाट जीवन लियौं । पृथ्वीबाट आधार लियौं । सूर्यबाट ताप र प्रकाश लियौं । जलबाट तिर्खा मेट्यौं । वायुबाट प्राण लियौं । बरू रुखले फल दिन्छन्, नदीले जल दिन्छन् । हामीले के दिन्छौं ? वास्तवमा मान्छे असहाय र अकिञ्चन छ । अर्काथरी मान्छेहरू आफूलाई अधर्मी र नास्तिक ठान्छन् । दुवैथरी मूर्ख हुन्-दुई छेउँका । जसले धर्म मान्दिनँ भन्छ-त्यसले चैतन्य मान्दैन, त्यसले सत्य, शान्ति, कल्याण र बुद्धि मान्दैन । त्यसले कर्तव्य र मानवता मान्दैन । धर्म र ईश्वरविहीन जगत् र जीवन शून्य छ । पिताविनाको पुत्र हुँदैन । जगत्पिताविना जगत् पनि हुँदैन जगत् छ र त्यसको निर्माता पनि छ ।

घडा छ र कुमाले पनि छ । नास्तिकता एउटा उन्मादमात्र हो । सुखमा धर्म र ईश्वर चाहिन्न । दुःख र विपत् पर्दा चाहिन्छन् धर्म र ईश्वर ।

सुखको मूल धर्म हो । मान्छे सबै सुखको खोजीमा छन् । सुखकै खोजीमा बटुलियो धन । आनन्दकै खातिर लेखिए पुराणहरू । सुखशान्तिकै लागि पुजिए देवताहरू । धर्मविना सुख छैन । भगवान्मा विश्वासविना शान्ति छैन । धर्मबाटै चुहिएर झर्छ सुख टपाटप टिप्नुपर्छ हामीले । सुख चुहिरहेको छ, आनन्द बर्सिरहेको छ-क्षण-क्षण । हामी दिग्भ्रमित भएर जिल्लिइरहेका छौं । धर्मतत्त्व र ईश्वरतत्त्व बुझेपछि दुःख छैन, चिन्ता छैन । धर्ममा नित्य सुख छ, चिदानन्द छ । धर्ममा सर्वोत्तम शुभ छ, मंगल छ, शान्ति छ । धर्ममा सतहीहरू कि ढोंगी हुन्छन् कि नास्तिक हुन्छन् । ढोंगीहरू धर्मलाई लोकाचार ठान्छन् । नास्तिकहरू अज्ञानी हुन्छन्, आफैभित्रको ईश्वर चिन्न नसकेर भ्रमित हुन्छन् ।

धर्म त्यही हो जसले हाम्रो कल्याण गर्छ । ईश्वर त्यही हो जसले हाम्रो मनमा राज गर्छ । देवता तिनै हुन् जसको आधारमा हामी छौं । दैत्य तिनै हुन्-जसले हामीमा राग, द्वेष, ईर्ष्या र अहंकार भर्छन् । स्वर्ग त्यही हो जहाँ शान्ति र प्रेम छ । नर्क त्यही हो जहाँ हिंसा, वैमनस्य र घृणाको बास छ । कुनै मुकुटधारी भगवान् छैन जसले लौरो लिएर मान्छे चराउँछ । भगवान् हामीभित्रै छ त्यसलाई खोज र चिन । कुनै त्यस्ता रंगीचंगी देवता छैनन् जसले हामीले चढाएका धूप, धजा, अक्षता र भेटी बटुल्छन् । देवता हाम्रै सेरोफेरोमा छन् तिनको स्वागत गर । सिङ् र दाह्रा भएका कुनै दैत्य छैनन् बाहिर । दैत्य हामीभित्रै छन्, तिनलाई लखेट । भावनामा बस्छन् देवताहरू । कणकणमा बस्छन् भगवान् । शुद्ध चित्त भएमा भगवान् सर्वत्र भेटिन्छन् । तीर्थव्रत, मन्दिर, मूर्ति, पूजा, अनुष्ठान सबै आस्था बढाउने साधन हुन् । जसले कण-कणमा भगवान् देख्छ, अनुभव गर्छ त्यसलाई यी चाहिन्नन् । भगवान् जड छैन, नित्य चैतन्य छ । चैतन्यको अनुभव गर, चैतन्य पूज, चैतन्य बन ।

पूजा के हो ? केवल सेवा, केवल श्रद्धा । अक्षता चढाऊ-भोकाहरू अघाउँछन् । धजा चढाऊ-नाङ्गाहरूको आङ् ढाकिन्छ । पाद्य चढाऊ-प्यासीको प्यास मेटिन्छ । अर्घ चढाऊ-नातागतले तागत पाउँछ । फूल च्यातेर जग्गेमा फाल्दैमा स्वर्ग फल्दैन । मूर्तिमा पुर्पुरो ठोक्दैमा भगवान्को दर्शन मिल्दैन । जग्गेमा असत् आर्जनको चन्दा धकेलेर अहङ्कार गर्दैमा धार्मिक भइन्न । आडम्बरी, ढोंगी, धनाभिमानी, भ्रष्टाचारी र दम्भीहरूलाई सुख स्वर्गको द्वार खुल्दैन । तपस्यामा फल्छ धर्म । तत्त्वज्ञानमा फुल्छ सुख शान्ति ।

०-०

# प्रश्नहरू

जगत् बनाउने को होला ? जगत्मा जीवन भर्ने को होला ? जीवनमा राग र वासना छर्ने को होला ? यो सृष्टि कसको खेती होला ?

ब्रह्माण्डमा यी गोलगोल ग्रहनक्षत्रहरू कसले किन घुमाइरहेको होला ? आकाश कति होला ? समय कति होला ? आकाश र समयको आदि-अन्त होला कि न होला ? ताराहरू कति होलान् सगरमा ? यो धरती किन बन्योहोला ? अन्य ग्रहहरूमा मान्छे झैं प्राणी होलान् कि नहोलान् ? मान्छेको के प्रयोजन होला यस अनन्त ब्रह्माण्डमा ? प्राणीको उत्पत्ति किन हुन्छ पृथ्वीमा ? किन जन्मेका जति मर्छन् ? भन्छन्-चौरासी लाख योनि छन् धरतीमा । तिनको के प्रयोजन छ विश्वमा ?

फूलहरू किन फुल्दा हुन् बोटमा ? कसले भर्दछ ? तिनका रंग र बुट्टाहरू ? कसले खन्याउँछ तिनमा पराग र बास्नाहरू ? फलहरू किन फल्दा हुन् बोटमा ? कसले भर्दछ तिनमा रस र स्वादहरू ? कसले छर्छ बेगिन्ती झार, वनस्पति र वृक्षहरू वनमा ? कसले दिन्छ पन्छीहरूलाई रंगीन प्वाँखहरू ? कसले बाँड्छ प्राणीमा भिन्न-भिन्न आकार र रंगहरू ? कसले बाँड्छ बाघ, भालु र चितुवालाई दाह्रा नंग्राहरू ? किन हुन्नन् मान्छेका प्वाँखहरू ? किन हुन्नन् हरिण र चित्तलका दाह्रा-नंग्राहरू ? कसले दिन्छ विषधरलाई विष ? कसले तिखार्छ वनका काँडाहरू ? को होला यो धरतीरूपी फूलबारीको माली ?

किन रक्सी बनाएर पिउन्नन् बानरहरू ? किन घर बनाएर बस्दैनन् चिम्पान्जीहरू ? किन आगो बालेर ताप्दैनन् बाघ-भालुहरू ? कसले दियो मान्छेलाई मात्र यतिका बुद्धि ? किन जान्दैनन् पशुहरूले अन्य पशुलाई मान्छेले झैं दुहुन ? किन मान्छेले मात्र पढ्छ पुस्तक ? किन मान्छेले मात्र गर्छ राजनीति ?

समयचक्रलाई कसले घुमाइरहेको होला ? यो पृथ्वी, जल, तेज, वायु र आकाश कसले बनाए होला ? बीजमा वृक्ष र वृक्षमा बीज बनाउने को होला ? प्राणीमा बैंस र वासना भर्ने को होला ? भालेपोथीको यौनसमागमको प्रेरक को होला ? यस पृथ्वीमा सर्वप्रथम जन्मने को होला ? सर्वप्रथम जन्मनेलाई जन्माउने को होला ? बानरबाट नर भयो भनी डार्विन भन्छ, कतै फेरि नरबाट बानर बन्ला कि नबन्ला ?

उँखुमा गुलियो कसले भर्छ होला ? कागतीमा अमिलो भर्ने को होला ? वनमा वनौषधिहरू कसले छर्छ होला ? गुराँस र लालुपातेलाई लाल बनाउने को होला ? काग र कोइलीलाई काला कसले बनाए होला ? मयूर र डाँफेका प्वाँखहरू रंगाउने को होला ? बाह्रसिंगालाई सिङ् कसले दिए होला ?

हामीहरू किन आयौं यस धरतीमा ? जन्मनुभन्दा अघि हामी कहाँ थियौं ? थियौं वा थिएनौं ? गीता भन्छ-हामी थियौं । हामी अविनाशी छौं । चार्वाक भन्छ-हामी थिएनौं । जीवन शून्यबाट शून्यसम्मको यात्रा हो । मरेपछि हामी हुन्छौं वा हुन्नौ ? अध्यात्म भन्छ-हामी हुन्छौं पछि पनि । आत्मा अजरामर छ । चार्वाक भन्छ हामी हुन्नौं । शरीरसितै सकिन्छौं हामी । चेतनबाट जड बन्छ भन्छन् आस्तिकहरू । चेतन जडबाट बन्छ भन्छन् नास्तिकहरू । के हो सत्य ? कहाँ छ वास्तविकता ?

मान्छे नामको जादूगरी यन्त्र कसले बनायो ? कसले भऱ्यो यसमा राग, द्वेष, लोभ र छलकपट खाँदेर ? के कुनै छ यो जगत् बनाउने ? के जगत् आफै चल्छ ? ईश्वर के कल्पनामात्र हो ? के विज्ञानभन्दामाथि केही छैन ? के रूढी र फजूल हुन् मान्छेका आस्था र विश्वासहरू ? प्रकृतिमाथि मान्छेको विजय सम्भव छ ? किन अजरामर बन्न सकेन मान्छे ? के मान्छे र उसको विज्ञान परिपूर्ण छ ? मान्छेले बनाएको विज्ञानको दास के मान्छे नै होला ? आफैले बनाएको कालकूटबाटै के मान्छे जातिको अन्त होला ?

हात्ती त्यति ठूलो किन भए होला ? किन बन्यो उसको सूँड त्यस्तो ? भुसुनो किन त्यति सानो ? किन यत्रो असमानता सृष्टिमा ? कसले तन्कायो जिराफको घाँटी ? किन चमेरो रुखमा उल्टो भुँडिन्छ ? किन देख्दैन उल्लूले दिनमा ? गाईका सिङ् उम्रिने किन ? मान्छेका सिङ् नहुने किन ? ढेडुवाको मुख कालो किन ? मान्छेले स्यालको सिङ् र एक मुखे रुद्राक्षको खोजी किन गर्छ होला ? उट्पट्याङ् झैं लाग्ने यी प्रश्नहरू के निरर्थक छन् ? यिनको जवाफ कतैबाट मिल्ला कि नमिल्ला ?

०-०

# नव वर्ष

वसन्त आयो फेरि । पृथ्वीले अर्को एक फन्को मारिन् । हेमन्तले नंग्याएका बोटहरूले पालुवाको हरियो खास्टो ओढे । शिशिरले भुत्ल्याएका पाखाहरूले फेरि हरियो चोली लगाए । पर्वतहरूले कोरीबाटी गरे । सिउँदोमा गुराँस फुलाएर पर्वतहरू सौभाग्यवती बने । आरूबखडाका बोटहरूमा हिउँ झैं शुभ्र फूलहरू लागे । माहुरीहरू डुल्न थाले फूलमा, नक्कली स्वार्थी प्रेमी झैं । चौरहरू हरिया भए । धरती रंगीन बनिन् थरिथरिका फूलले, पालुवाले । चराहरूले वसन्तको स्वागत गान गाए । बैस र वसन्तको सम्बन्ध छ अनादिकालदेखि । वसन्तमा बैंस जाग्छ । सृष्टिलाई अविरल चलाउन ब्रह्माले वसन्त र कामदेवको सृजना गरेका हुन् भन्छन् पुराणहरू । सृजना अखण्डित छ । प्रणयलीला दोहोरिन्छ वसन्तमा । चराहरूले गुँड बनाउन थाले । प्रत्येक वर्ष आउँछ वसन्त यस भूखण्डमा । वसन्त सुखद छ । आँखाहरूलाई सुन्दर रूपरंग छन्, नाकलाई फूलका सुगन्ध छन्, कानलाई कोइलीका मधुर गुञ्जन छन्, जिभ्रालाई मधुर किम्बु, काफल र ऐंसेलु छन् र छालालाई अनुकूल वायुका सुखस्पर्श छन् । पाँचै इन्द्रिय प्रसन्न हुन्छन् वसन्तमा । सुखद वसन्तको माझमा उभिएर मनायौं हामीले नव वर्ष अहिले पनि ।

आकाश नाङ्गो र नीलो छ । पहाडहरू घाम तापिरहेछन् । सल्लाहरू विरहको सुसेली सुसेल्दै छन् । दानी बादलहरू देखिन्नन् कतै । छुचो आकाश थकाइ

मारेर पसारिएको छ अनन्तसम्म । पानी दिन्न आकाश तर काकाकुल पानी मागिरहेछ । छुच्चासँग के माग्नु ?

ऋतुपरिवर्तन भइरहेछ अनादि कालदेखि । घडी, मुहूर्त, प्रहर, अहोरात्र, पक्ष, मास, ऋतु, अयन हुँदै संवत्सर फेरिइरहेछन् । प्रकृतिले रूप बदलिरहन्छिन् । यही परिवर्तन र नित्यनूतनतालाई हामी सौन्दर्य भन्छौं । घुमिफिरी प्रत्येक वर्ष वसन्त आइरहेछ, नव वर्ष भनेर हामी दंग पर्छौं । रुखका मात्र होइन हाम्रा पनि पात झरिरहेछन् उमेरका । प्रत्येक नव वर्षले हाम्रो केशमा तुसारो छर्छ, हाम्रा अनुहारमा चाउरी थप्छ । प्रत्येक नव वर्षले हामीलाई जीर्ण बनाइरहेछ । हो एक वर्ष बढी बाँच्यौं हामी कालसँग पैंठेजोरी खेलेर । फेरि कोइलीको सुमधुर गुञ्जन सुन्न पायौं । फेरि काफल खान पायौं । फेरि कोमल

पालुवा र प्रफुल्ल वल्लीहरूमुनि बसेर प्रेमका गीत गाउन पायौं । कानेखुसी गरेर भए पनि नव वर्षका शुभकामना बाँड्न पायौं । गुलाव फुलेको र ओइलिएको हेरेर जीवनका रहस्य बुझ्न पायौं । प्रकृतिका नूतनताहरू हेरेर सृष्टिको शाश्वतता बुझ्न पायौं ।

प्रकृतिमा वसन्त छ तर तुँवालो लागेको छ बस्तीभरि र मान्छेका मनभरि पनि । आकाशमा चन्द्रमा हाँस्छन् तर मन अँध्यारो छ मान्छेको । बम र बारूदका त्रासको धरापमुनि चाँपिएर हामीले नव वर्षको शुभकामना बाँड्यौ यस पालि । सुखद वसन्तबीच पनि हामी उन्मुक्त हाँसो हाँस्न पाएनौं यसपालि । प्रेतहरू डुल्छन् बस्तीमा मृत्युको सन्देश बोकेर । रुख पलाए, मन पलाएन मान्छेको । फूलहरू फुले तर फुलेनन् मान्छेका अनुहारहरू । भाइले दाइलाई मार्‍यो । भान्जाले मामालाई मार्‍यो । भतिजाले काकाको टाउको काट्यो । नेपालीले नेपालीलाई मार्‍यो यस पालि । कुरूक्षेत्र भयो नेपाल यस पालि । शान्तिको यस बगैंचामा यस पालि त्रास, क्रोध, द्वेष र मृत्युका फूल फुले । सेवा, परोपकार, सृजना र तपको यस साधनाभूमिमा यस पालि द्वेष र रागका विषवृक्षहरू पलाए । तैपनि सन्त्रासमुनि जिजीविषा बाँचिरह्यो । मानवताको भावना कुनामा लुकेर बाँचिरह्यो यस पालि ।

मृत्युका सन्त्रास र अमंगलबीच पनि फेरि चिरायु र उत्तरोत्तर प्रगतिका मंगलमय कामनाहरू गरिए । गत वर्ष कतै बम पड्के, कतै बन्दूक, गर्जे, कतै खुँडा–खुकुरी नाचे । मरेकाहरूको सम्झना गर्न भ्याएनन् बाँचेकाहरूले । आँसु बगाउन पाएनन्, दिवंगतहरूको सम्झनामा बाँच्नेहरूले । बाँचेकाहरूले दशैं मनाए सुटुक्क । प्रेमी–प्रेमिकाहरूले प्रीत गाँसे खुसुक्क । त्रासमुनि पनि सृष्टि रोकिएनन, प्रकृति रोकिएन, नदीनालाहरू बगिरहे । घडीको टिक्टिक् चलिरह्यो । धेरै पसिना बग्यो खेतबारीमा । झर्नाहरूमा पानी बग्यो । शहरतिर बार र डिस्कोहरूमा भोड्का र

बियरसँग बैंस पनि बग्यो भन्थे । हाम्रो गाउँतिर त वर्षैभरि मान्छेको रगत् बग्यो । कतै भोक चिच्यायो, कतै रोग जम्जमायो, कतै शोक र सुर्ता बास बसे त कतै त्रासले डेरा जमायो ।

पोहोर जस्तै त होला यस वर्ष पनि । युद्ध चलिरहला । बन्दूक पड्किरहलान् । सपनाको खोजीमा देश-परदेश भौंतारिनन् युवाहरू । शान्तिस्थापनाका वार्ता र गोष्ठीहरू चल्लान् पाँचतारे होटलहरूमा । मन्त्रीहरूका मिठा भाषण सुनिएलान् । हेलिकप्टर उड्लान् आकाशमा । हत्केलाको पाली बनाएर हेर्लान् मान्छेहरू तलबाट । देशविकास होला कुरामा । चन्दाको धन्दा चलिरहला । गाउँहरूलाई खिज्याएर हाँस्लान् शहरहरू । नेताहरूका बैठक अविरल चल्लान् गण्डकी बगेझैं । कागजका विकासी घोडाहरू टाप कँसेर दगुर्लान् फाइलहरूमा । शान्ति, विकास र राष्ट्रियता कुनामा लुकेर बस्लान् । त्याग, अहिंसा,, सदाचार र नैतिकता शब्दकोशमा बाँच्लान् । शान्तिवार्ता चलिरहला र अशान्ति पनि भइरहला फाइदामन्द व्यापार झैं । दुःखीका चर्चा गर्न पाउलान् सुखीहरू । कमैयाहरूको नाममा भित्रिएको सहयोग कमाउहरूको भागमा जाला । सत्ताको खेल चलिरहला यस वर्ष पनि । सधै खेलखाल त चल्छ यस भूखण्डमा । दुर्गम पहाडतिर अनिकाल र हैजाले मान्छेहरू मर्लान् । विषाक्त मदिरा र च्याउ खाएर ज्यान गुमाउनेहरूको समाचार आउला टि.भी. र रेडियोहरूमा । बलले विचारलाई बिचरा बनाउला । अन्यायले न्यायलाई गिज्याउला । विवेकमाथि प्रतिबन्ध छ यस लोकमा । हो यस वर्ष पनि यस्तै-यस्तै होला । उज्यालो आउने छेकछन्दै छैन क्षितिजमा । अँध्यारैमा बित्ला यो वर्ष पनि ।

o-o

# सफलता

सबै सफलता भेटाउन बुर्कुसी मारेर कुँदिरहेछन् । सफलता क्षितिज झैं परपर भागिरहेछ । सफलता खोज्दाखोज्दै चिहानमा पुगिरहेछन् मान्छेहरू । सफलता एउटा मृगमरीचिका । सफलताको खोजीमा हात लागिरहेछन्-शून्यता, निस्सारता, निराशा र निरर्थकताहरू । नियतिले फ्याँकेको जीवन हो मान्छेको । जीवन निस्सार, निरर्थक र प्रयोजनविहीन छ । जन्म मेरो रहर होइन । नियतिवश जन्में । मृत्यु मेरो इच्छा होइन । नियतिवश म मर्नेछु । जीवन मेरो नियति हो । नियतिका प्रवाहमा बग्दै जहाँ पुगिन्छ त्यो मेरो गन्तव्य हो । जरा, व्याधि र मृत्युको सराप बोकेको जीवनमा सफलता कहाँ छ ? जीवनसंघर्षको मरूस्थलमा मरूद्यान कहाँ छन् ? जीवनजस्तो असफल खेल अर्को देखिन मैले । यस्तो असफल खेलभित्र सफलता खोज्न भौंतारिइरहेको छु म । अपूर्णताभित्र पूर्णता खोज्न बरालिइरहेछु म । दु:खका रासहरू उधिनेर त्यहाँ म सुख खोजिरहेछु । शून्यताभित्र म खोजिरहेछु चिदानन्द । निस्सारताभित्र म सार खोजिरहेछु । निरर्थकताभित्र म खोजीरहेछु जीवनका अर्थ र मूल्यहरू । उनान्सयको चक्करमा म घुमिरहेछु कोलका गोरू झैं जहाँबाट हिंड्यो त्यहीं भएर । मेरो मूर्खतालाई गिज्याएर काल हाँसिरहेछ ।

जीवनका तितामिठा स्वादहरू चाख्दाचाख्दै हामी जर्जर हुन्छौं । अन्धाले हात्ती छामे झैं हामी जीवन छाम्छौं । जीवनको अर्थ र आकृति नबुझी हामी मर्छौं । सुखको खोजीमा भोगमा भासिदा रोग मिल्यो । मन बेचेर धन जोर्दाजोर्दै बूढौली फुल्यो । इमान बेचेर मान खोज्दा अपमान मिल्यो । म तोरी थिएँ, उम्रिन सक्थें, फुल्न-फल्न सक्थें बारीभरि । संसारको कोलमा पेलिएर म तेल भएँ । अब म उम्रिन सक्दिनँ, फल्न सक्दिनँ । उफ् ! जीवन नफर्किने एकोहोरो यात्रा रहेछ ।

साहूजी मोटरमा सलल बग्दै गए । पसले फुटपाथमा हिड्छ चप्पल पड्काउँदै । एउटा भरिया भारी बोकेर नाङ्गा खुट्टाले हिडिरहेछ । खाते बालकहरू भुस्याहा कुकुरहरूसित जोल्टिएर सुतेका छन् । एउटी बौलाही चौबाटोमा बुङ्गै नाचिरहिछ । समाज र बालकल्याणमन्त्री कता छन् कुन्नि ! विमान चढ्दा देखेनन् कि यिनलाई ! यिनका भाषणहरू कसले सुन्छ ? सडक किनारामा कात्तिके बैंस झिकेर कुकुरहरू भुक्छन्, ङ्यार्र-ङुर्र गर्छन् । न सिंगार-पटार न प्रेमपत्र कुकुरहरू डेटिङ्मा निस्केका छन् । एउटी तरूनी तन्नेरीको हात समातेर मस्किंदै हिडिरहिछ । काम एउटै, शैलीमात्र फरक हुन्छ मान्छे र कुकुरको । कुकुरहरू निर्लज्ज छन् । दिनदहाडै खुलासडकमा प्रेम गर्छन् कुकुरहरू । मान्छेहरू लज्जाशील छन्, गुप्ताङ्ग ढाकेर हिड्छन्, झ्याङ्मुनि पुग्छन् वर्जित फल चाख्न ।

खोलाको किनारमा गिट्टी कुट्ने युवायुवतीहरू किन त्यसरी उन्मुक्त हाँसो हाँस्छन् ? केले कुत्कुत्याउँछ तिनीहरूलाई ? अभाव र दारिद्र्यबीच कसले दियो तिनीहरूलाई हाँसो ? कसले दियो तिनीहरूलाई हिसी र गालामा प्राकृत लाली ? कसले दियो मनमोहक अङ्गहरू, सङ्लो मन र चम्किला आँखाहरू ? कसैले नहेरे पनि फुल्छन् वनफूलहरू । कसैले नसुने पनि गुन्जिन्छन् कोइलीका स्वरहरू । ढुंगामा पनि सुनाखरी फुल्छ ।

कारबाट झर्छन् भद्र महिलाहरू । अत्तरको गन्धले सुवासित हुन्छ परिवेश । आँखामा गाजल, गालामा क्रिम, ओंठमा लाली दलेर ठाँटिएका छन् ती । कति सुन्दर गहना र पोशाक तिनका ! कति कोमल अङ्गहरू तिनका ! वैभवले घेरिएर पनि किन उदास छन् तिनीहरू ? किन अरू झैं उन्मुक्त हाँसो हाँस्न सक्दैनन् तिनीहरू ? वैभवको भारीले चाँपिएर हो कि, ऐश्वर्यको स्वर्णबन्धनले बाँधिएर हो कि ? तिनीहरू खिन्न छन् । स्वतन्त्र छैनन् ती वैभव, वंश र इज्जतका साङ्लाले कँसेर । उन्मुक्त छैनन् ती स्वाङ् र औपचारिकताका कृत्रिम पिञ्जराले थुनेर ।

मलामीहरू शंख फुक्दै घाटतिर झर्छन् । जन्तीहरू बाजा बजाउँदै हिड्छन् । कतै प्रारम्भ हुन्छ जीवनको, कतै समापन हुन्छ जीवनको । ठूलीले छोरो पाई । छैंटी होला, न्वारन होला । ठूलीको पोइ फेटा बाँधेर बसेको छ । छैटीमा भावीले के लेख्छ भनेर उत्सुक छ छोराकी आमा । तरूनी कटाक्ष गर्छे, तन्नेरी मख्ख पर्छ । सृष्टिको खेती यसरी नै धानिन्छ वासनाका फन्दाहरूले । एउटी बूढी तरूनीलाई हेरिरहिछ, म पनि यस्तै थिएँ भनेर गुन्दै । एउटा भूतपूर्व तन्नेरी गालाभरि चाउरी बोकेर लौरो टेकी हिडिरहेछ । यस्तै-यस्तै हुन्छन् जीवनका गतिहरू, चक्रहरू । स्थायी वेश्याकर्ममा रत छन् दम्पतिहरू र अरूलाई भनिरहेछन्-यी व्यभिचारी छन् भनेर । भालेपोथीको मैथुनेच्छालाई प्रेम भनेर मुक्तकण्ठले गाइरहेछन् कविहरू । दोहोरिइरहेछन् सन्तान जन्माउने धन्दाहरू ।

परमायु सय वर्ष हो मान्छेको । जसमा पचास वर्ष गुज्रिन्छन् सुतेर । केटौली र बूढौली पर्छन् यसभित्रै । शोक, भोक र रोगमा बित्छन् धेरै क्षणहरू । झगडा र वैमनस्यमा बित्छन् थुप्रै घडीहरू । राग, वासना र द्वेषमा उछिट्टिन्छन् कति पक्ष र मासहरू । दाल, भात र डुकु जुटाउँदा चिप्लिएका माछाजस्ता समयहरू समाउन खोज्दाखोज्दै हामी चाउरी पर्छौं । छाम्छौं, ऐना हेर्छौं, चिमोट्छौं आफ्नै अनुहारलाई र आफैसँग प्रश्न गर्छौं-के म उहीं म हुँ हिजोको ?

म खाइरहेछु, पिइरहेछु, सास फेरिरहेछु त्यसैले म जिइरहेछु । म बूढ्यौलीतिर ओर्लिरहेछु । बा अनि हजुरबा बनिरहेछु त्यसैले म सफलताका सिंढीहरू चढिरहेछु । स्वतः गुज्रिने समय गनेर म बुज्रुग बनिरहेछु । म मख्ख छु मेरो सफलतामा । खेतबारी, सुनचाँदी, घर जोडें मैलें । चोर लखेट्न कुकुर पालें, चुकूल लगाएँ । मसँग छन् अरामदायी मोटरकारहरू, ओछ्यान र कौचहरू । यिनै हुन् मेरा सफलताका सोपानहरू । ममताको डोरीले कँसिएर म पढिरहेछु **'म राम्रो म'** । कहिल्यै निथ्रिएनन् भोक, प्यास र वासनाहरू । अँह सुकेनन् क्रोध, लोभ र मात्सर्यहरू । आत्मा बुझिनँ मैले । सत्य टेकिनँ मैले । स्वतन्त्रताको मूल्य बुझिनँ मैले । म सफल भएँ बन्धनहरूमा बाँधिएर । सम्झनु पर्नेलाई भुलें मैले । भुल्नु पर्नेलाई सधै सम्झिरहें । यसै गरी म सफलताको भ्रममा रहें ।

बन्धन हो सफलता भने म सफल छु । स्वतन्त्रता हो सफलता भने म विफल छु । खानु हो सफलता भने टाट्नामा घाँस खाने बँधुवा वस्तुहरू धन्य छन् । लगाउनु हो सफलता भने सोकेशका सुन्दरीहरू सफल छन् । सफल छन्-बुख्याचाहरू-कोट-टोपी ढल्क्याएर उभिएका हुन्छन् बारीमा । बुख्याचाहरू चरा धपाउँछन् उभिएर । आत्माहीन, स्पन्दनहीन बुख्याचाहरू । आत्मा बेचेर जोडेका सुनौला सेजमा पल्टेर जोड घटाउमा मग्न छन्-आत्मारामहरू । भ्रष्टाचरणबाट जोडेका सुनका सिक्काहरू गन्दैछन् राजा मिदासका प्रेतहरू । निरर्थक जीवनभित्र अर्थ र सार खोजिरहेछु म पनि मूर्खले पानीको कुण्डमा जून खोजे झैं । समयसित साटेका चाउरीहरू बोकेर बैंस किन्न हिडेका छन् सेंठहरू । सुख पाइन्छ बजारमा जोखेर । ययातिले झैं बैंस साटेर भोग्लान् अक्षय कामसुख यिनीहरूले । भोजनभन्दा भोक सस्तो छ लोकमा । भोक किन्न हिड्दैछन् भोजनवालहरू ।

अतिशय सफल छन् कालपाशले बाँधिएका यी मान्छेहरू । एरिष्टोटल सफल कि अलेक्जेण्डर ? गान्धी सफल कि हिट्लर ? जुद्धशमशेर सफल कि गंगालाल ? देवकोटा सफल कि वीरनारायण चौधरी ? ठम्याउन सकिनँ मैले सफलतालाई । व्यामोह भयो मलाई ।

०–०

# स्रष्टा र सृष्टि

पृथ्वी गोल छ भकुण्डो भैँ र सूर्यको वरिपरि घुम्छ भन्ने हामीले पढ्यौं । उँखु गुलियो छ भन्ने हामीले जान्यौं । आगाले पोल्छ भन्ने हामीले बुझ्यौं । पृथ्वीलाई हामीले गोल बनाएका होइनौं । उँखुलाई गुलियो रसले भर्ने हामी होइनौं । आगोलाई तातो बनाउने पनि हामी होइनौं । पृथ्वी रत्नगर्भा हुन् भन्ने हामीले बुझ्यौं । भूगर्भ खोतलेर हामीले रत्नहरू झिक्यौं । रत्नहरू हामीले बनाएका होइनौं । मान्छे स्रष्टा होइन । मान्छे आफै सृष्टि हो स्रष्टाको । स्रष्टाभन्दा सृष्टि शक्तिशाली हुँदैन ।

प्रकृति हुन् सृजनाकी खानी । मान्छे हो प्रकृतिको अनुयायी प्रत्यय । अन्वेषण, संयोजन र रूपान्तरणद्वारा प्रकृतिका रहस्यहरू बुझ्दैछ मान्छे । प्रकृतिलाई जित्ने असफल प्रयासमा छ मान्छे । पानी पर्दा छाता ओढेर हिड्छ । जाडो हुँदा आगो ताप्छ, लुगा ओड्छ । आँधी, तूफानमा घरभित्र ओत लाग्छ ।

यहाँ नभएको वस्तु छैन, भएको वस्तु हराउँदैन । तत्वहरू अविनाशी छन्, रूपहरू नाशवान् छन् । मान्छेले खेती गर्छ अर्थात् खन्छ, खोस्रन्छ, छर्छ । उम्रिने, हुर्किने, फुल्ने, फल्ने, पाक्ने प्रक्रिया मान्छेको होइन । मान्छेले भकारीमा

राखेको धान उम्रिन्न, खेतमा छरेको उम्रिन्छ । पृथ्वी, जल, तेज, वायु र आकाशको संयोजन र सहकार्यमा खेती फल्छ । मान्छेले भन्छ मैले खेती गरें । स्रष्टाको भावको भ्रम छ मान्छेमा ।

सृष्टिको प्रक्रिया स्वस्फूर्त, रहस्यमय र जादूगरी छ । विशिष्ट नियम र प्रक्रियामा चले झैं लाग्छ सृष्टि । विशिष्ट प्रयोजनका लागि भए झैं लाग्छ सृष्टि । व्यवस्था छ व्यवस्थित सृष्टिमा । भाले–पोथीको व्यवस्था सकल प्राणीमा छ । भाले पोथीमा मैथुनको प्रेरक कामवासना दुर्जेय छ । कामवासनाको व्यवस्था नभएको भए सबै भालेपोथी ब्रह्मचारी बस्थे । प्राणीविहीन बन्थ्यो जगत् ।

वनस्पतिमा पनि वृक्षमा बीजको व्यवस्था छ । बीजरोपणको व्यवस्था झन् दृढ छ । मान्छेले तोरी छरे झैं कुनै स्रष्टाले वनस्पतिका बीजहरू छर्दैन । आफै छरिने व्यवस्थित प्रक्रिया हुन्छ प्रकृतिमा । वृक्षमा बीज र बीजबाट वृक्ष बन्ने निरन्तर प्रक्रियामा सृष्टि जीवन्त बन्छ । स्रष्टा लुक्दछ, सृष्टि देखिन्छ ।

सबै वनस्पतिका बीज बन्छन् । उन्यूका पनि पातको पृष्ठमा सूक्ष्म फल लाग्छन् । भुवा वा पंख भएका बीजहरू हावाद्वारा छरिन्छन् । सिमल, सिसौ, सल्ला, लाँकुरी, टुनी, मौवाजस्ता वृक्षका बीजहरू उडेर कोशौं पर पुगेको हामी देख्छौं । जुन वनस्पतिका बीजहरू चराद्वारा छरिने व्यवस्था हुन्छ त्यस्ता वनस्पतिका फलमा मिठो आवरण हुन्छ । जस्तो पीपल, वर, स्वामी, खन्यू, खरी, घँगारू, चुत्रो आदिका मिठा फल चराले खान्छन्, उड्छन्, कोशौं पर गएर बिष्टाबाट बीजहरू वनभरि छर्छन् । कस्तो व्यवस्थित व्यवस्था छ सृष्टिको ! मान्छेले खेती गर्ने अन्नका बीजहरूले प्राकृतिक व्यवस्था गुमाएका हुन्छन् । ती नछरी, स्याहारसुसार नगरी हुर्कन्नन्, फल्दैनन् ।

हामी सृष्टि स्वतः हुन्छ भन्छौं । विना व्यवस्था आफै केही हुँदैन । व्यवस्था र प्रयोजन हुन्छ सबै प्रक्रियामा । पृथ्वी नघुमी सूर्य उदाउँदैन । सूर्य नउदाई, ताप नभई बाफ उड्दैन । बाफ नभई बादल बन्दैन । वायु विना बादल उड्दैन । बादलविना वर्षा हुँदैन । वर्षाविना लोकको पालना हुँदैन । सबै व्यवस्था प्रकृतिमा सृष्टि, स्थिति र प्रलयका निम्ति व्यवस्थित छन् । ब्रह्माण्डको गति, यतिमा लयबद्ध छन् स्रष्टाका व्यवस्थाहरू ।

प्राणीमा पनि बीजको व्यवस्था छ । बीजरोपणका लागि वासनाको प्रबन्ध छ । मातामा दूध र शिशुप्रतिको मोहभाव पनि एउटा व्यवस्था हो । जताततै प्रबन्ध, प्रयोजन र त्यसमा लयबद्ध छ सारा सृष्टि । कल्पवृक्ष हो पृथ्वी जे माग्यो त्यही दिने । जे रोप्यो त्यही फल्ने । स्रष्टाको सृष्टिमा अक्षय भण्डार छ । यो कुवेरको ढुकुटी हो । यहाँ फल छन्, जल छन्, अन्न छन्, धातु छन्, रत्न छन्, वृक्ष छन्,अमृत छन्, सञ्जीवनी बुटी छन् । अन्वेषण, संयोजन र रूपान्तरण गरे

हुन्छ । सृजना गर्नु पर्दैन र मान्छे स्रष्टा पनि होइन । म स्रष्टा हुँ भन्ने भ्रम उत्पन्न भएपछि मान्छे आफै सकिन्छ–डाइनोसर झैं । सृष्टिका रहस्यहरू खुल्दै जालान्-अन्वेषणबाट । स्रष्टाको रहस्य रहस्य नै रहला । धेरै रहस्यहरू छन् प्रकृतिमा । अविदित छन् अझै मान्छेले जान्नु पर्ने कुराहरू । आजसम्मको उपलब्धि नै पूर्ण होइन । कहिल्यै पूर्ण हुँदैनन् खोजहरू ।

प्रकृतिमा सृष्टि, स्थिति र प्रलय तीनै छन् । सृष्टिका लागि मात्र व्यवस्था छैनन्, स्थितिका लागि पनि छन् । सकल प्राणीका लागि भोजनका प्रबन्ध छन् । जसको सृष्टि भयो, आज त्यसको स्थिति छ, भोलि त्यसको प्रलय अनिवार्य छ । स्रष्टाको अन्त्य छैन तर सृष्टिको अन्त्य निश्चित छ । स्रष्टामा जन्म र मृत्यु छैनन्, सृजनामा जन्म छन्, मरण छन् । त्यस महान् स्रष्टाप्रति नतमस्तक भएर भक्तिभाव अर्पण गर्छु–जसले यस सुन्दर धराधाममा प्रकट भई मनुष्यलीलाको कौतुकमय अभिनय गर्ने भूमिका दियो ।

o–o

# बानर र मान्छे

दुई खुट्टाले टेकेर धरती नाप्ने वामनको पौरखी सन्तान हो मानव । विचार, प्रज्ञा, अनुभूति, विद्या, बुद्धि, भावना र कल्पनाले ब्रह्माण्ड खोतल्ने विस्मयकारी जीव हो मानव । मानवलाई भन्छन् नर । मानव सभ्य छ किनभने ऊ सभामा बस्छ । मानव बुद्धिमान् छ किनभने उसले कूटनीति गर्छ, राजनीति गर्छ, छलकपट गर्छ । भित्र रिसाएर बाहिर मुस्कुराउन सक्छ मान्छे । मानव दूरदर्शी छ किनभने उसले माहुरीले झैं सम्पत्ति सञ्चय गर्छ । मानव सुसंस्कृत छ किनभने उसले छैंटी, न्वारन र अन्त्येष्टि गर्छ । मानव लज्जाशील छ किनभने उसले गुप्तांग ढाक्छ, लुकेर मैथुन गर्छ । बानरबाट नर भयो भनी डार्विन भन्छ । नर फेरि बानर बन्न सक्छ भन्ने मलाई लाग्छ । फेरि पुच्छर उम्रिन सक्छ मान्छेको । फेरि जंगल पस्न सक्छ मान्छे । फेरि नांगिन सक्छ मान्छे । आफ्नै इतिहास र गौरव भुलेर बानर झैं बन्न सक्छ नर । मान्छेको सभ्यता र संस्कृति लोप हुन सक्छ फेरि । नर वा नरजस्तै छ बानर । वैकल्पिक नर हो कि बानर ? नरको पुर्खा हो बानर । त्यसैले त देखिन्छ नरमा प्रायः बानरप्रवृत्ति ।

नरको पुच्छर छैन, बानरको छ । बानरले रक्सी बनाएर खान्न, मान्छेले खान्छ । बानर रक्सीले मातेर सडकमा सुत्दैन । बानरले घर बनाउन्न, मान्छेले घर बनाएर बस्छ । बानर झरीमा रूझ्छ, छाता ओढ्दैन । बानरले खेती गर्दैन, पैसा गन्दैन । बानरले किताब पढ्दैन, गहना लगाउँदैन । लाली–लिपिष्टिक लगाउन्नन्

बानरसुन्दरीहरू । बानरलाई चिन्ता छ खानको । ऊसँग चिन्तन छैन भोलिको । ऊसँग छैनन् वेदान्त र रौंचिरा दर्शनहरू । सम्पत्ति सञ्चय गर्दैन बानर । बानरका डाक्टर छैनन्, अस्पताल छैनन् । खोइ बानरका धनसारहरू ? खोइ सेफ र तालाचाँवी बानरका ? खोइ बानरका खेतबारी र तिनका लालपुर्जा ? खोइ आचार, विचार र कर्मकाण्डका पोथीपात्रा बानरका ?

आहार निद्रा भय र मैथुन छन् दुबैमा । जननेन्द्रिय छन् दुबैका । दुबैथरिले जन्माउँछन् सन्तानहरू । भालेपोथीमा बैंस चढेपछि दुबै वासनावश रत हुन्छन् मैथुनमा । बच्चालाई माया गर्ने र स्तनपान गराउने प्रवृत्ति छ दुबैमा । मान्छेमा स्वार्थ, लोभ, द्वेष र ईर्ष्या छन् ।

यी होलान् बानरमा पनि । बानरमा राजनीति छैनन्, कूटनीति, छल र प्रवञ्चना छैनन् । बानरमा स्वाङ, ढोंग, आडम्बर र भडक छैनन् । बानरमा धनी-गरीब छैनन्, उच-नीच छैनन् । बानरमा जातिभेद छैन । समानता छ बानरसमाजमा । बानरले समानताका लागि संघर्ष गर्नुपर्दैन । नरमा असमानता छ त्यसैले समानताका नारा फलाक्नु पर्छ मान्छेले । नरमा धनी-गरीबका भेद छन्, उचनीचका बार छन्, जातभातका पर्खाल छन्, वर्ग र राष्ट्रका अहंकार छन् । बानरमा छैनन् यी कुनै ।

मान्छेहरू धनमत्त बन्दा बिचरा अकिञ्चन छन् यी आदर्श रामभक्तहरू । मान्छेका आ-आफ्ना राष्ट्र बन्दा राष्ट्रविहीन छन् यी महाबली बालिसुग्रीवका सन्तानहरू । खोइ बानरको राष्ट्रियता ? खोइ बानरको नागरिकता ? कहाँ गए बानरराज्य किस्किन्धाहरू ? आफ्ना आदिम सखा नरहरूले ज्ञानविज्ञान जान्दा किन निरीह छन् यी महाबली हनूमान्का खलकहरू ? नरहरू सभ्य बन्दा किन जंगली छन् बानरहरू ?

नरजस्तै त हो नि बानर । बालि, सुग्रीव, हनूमान्, अङ्गद आदि हुन् यिनका पुर्खा । रामलाई सघाएथे यिनले । रावणलाई लडाएथे यिनले । क्षीर सागर उफ्रेर तर्ने को हो ? कसले जलायो सुवर्णमय लङ्का नगरीलाई ? कसले भेट्यो अशोक वाटिकामा जानकीलाई ? हनूमान् चालीसा पढ्छौं हामी सभक्ति, सश्रद्धा । महाबली पवनपुत्रको आरती गर्छौं, भन्छौं-भगवन् हनूमान् ! हाम्रो संकट हर । यिनै संकटमोचन हनूमान्का सन्तानलाई हामी कुकुर लगाएर लखेट्छौं, ढुंगाले हान्छौं । किन नरको मात्र दाइँ छ यस धरतीमा ? के मान्छेको मात्र पेवा हो धरती ? के यो धरती बानरको होइन ? के यी बूटा, फलफूल र अन्नजलमा बानरको हक बन्दैन ?

बानरका छुट्टै खेतबारी छैनन् । जंगल पनि अंशबण्डा गरिसक्यो मान्छेले । पृथ्वीका खण्डहरूलाई तेरो र मेरो भनेर मान्छेले तानातान गर्छ । आकाश पनि

बाँडिसक्यो मान्छेले कित्ता काटेर । समुद्र पनि भागबन्डा भइसक्यो । के मान्छेको मात्र हो पृथ्वी ? एक दिन चराहरू चिर्बिराएको सुनें मैले । ती चराहरू मानौं भनिरहेका थिए-हे भगवान् ! यस धरतीमा कि मान्छेलाई मात्र जन्मन देऊ, होइन भने सकल प्राणीलाई बाँच्न देऊ । सबैलाई भोक लाग्छ, पेट भर्नुपर्छ । जंगल फाँडिए । फल छैनन्, फूल छैनन् । प्यास लाग्छ । मूल जति थुनेर मान्छेले लगे । के खाने ? के प्युने बानरले ? आफ्नो बाहेक अरूको वास्ता छैन मान्छेलाई । न्यायालयमा बानरलाई न्याय मिल्दैन । बानरको जमिन्दारी र जागीर छैन । किन बानर आफ्नै राज्यमा राज्यविहीन बने । तसर्थ नरले छर्छ, बानरले खान्छ । छर्ने धनी हुन् कि खाने ? यही प्रश्नको उत्तर खोजिरहेछन् बानरहरू । केवल पेट भर्ने चिन्ता छ बानरलाई । चिल्ला ढुंगाहरू बटुलेर धनी गरीब बन्नु छैन बानरलाई । टल्कने धातु संगालेर म धनी छु भन्ने अहंकार पाल्नु छैन बानरलाई । पाल्नु छ त एउटा पेट पाल्नु छ । स्वच्छन्द वनबूटामा उफ्रनु छ । इज्जत, प्रतिष्ठा, मान, सम्पत्ति, खेतबारीका चिन्ताले मान्छेलाई निद्रा लाग्दैन । रातभर आनन्दले सुत्छन् असभ्य बानरहरू । उता सभ्य मान्छे भने कुकुर पालेर दैलो थुनेर, चुकूल लगाएर, भयभीत भएर ओछ्यानमा ओल्टे-कोल्टे पर्दै रात बिताउँछ ।

पहेंलो सुनको टलकमा लोभ छैन बानरलाई । कागजका नोट व्यर्थ छन् उसलाई । हीरा, मोती, मणि, माणिक्यहरू खाँदा मिठा छैनन् । के काम तिनको ? के हुन्छ कान वा छातीमा झुण्डाएर तिनलाई ? खाने कुरा पो सम्पत्ति हो । टिप्यो, खायो, अघायो, पुग्यो । संगाल्नु महापाप हो, संगाल्नेहरू पो के बोकेर गए सँगै ? न खेत न बारी, न धन्सार न भकारी, न भाँडाकुँडा, न आवास, न वाहनहरू, न झोली-तुम्बा, न कमण्डलु । तै पनि फुर्तिला छन् यी करपात्री सन्न्यासी बानरहरू । उनान्सयको चक्करमा चिन्तित र उदास नरहरूलाई गिज्याएर बुटामा बसेर हाँस्छन् बानरहरू ।

o–o

# फगत् एक्लै

मान्छे एक्लै जन्मन्छ र एक्लै मर्छ । मान्छेले अनुभूति पनि एक्लै गर्छ, कल्पना एक्लै गर्छ र विचार र चिन्तन-मनन पनि एक्लै गर्छ । मान्छे एक्लै भावनाहरूमा डुब्छ र एक्लै पश्चात्ताप गर्छ । मान्छेले एक्लै संकल्प गर्छ र एक्लै विकल्प गर्छ । मान्छेले एक्लै ध्यान गर्छ र एक्लै तपस्या गर्छ । जीवन-वनमा मान्छे नितान्त एक्लो छ, निसहाय छ र निरीह छ । बाँच्नेहरू वरिपरि हुन्छन् मान्छे एक्लै जल्छ चितामा । यत्रो समाज, यतिका प्रियजनहरू केवल श्रद्धाञ्जलि दिन्छन् बिदाइका । जीवन बाँच्दै गर्दा बन्छन् मित्रहरू, शत्रुहरू । वासनामा रम्दा जम्छन् परिवारहरू, कुटुम्बहरू । स्वार्थमा जोडिन्छन् नाताहरू, स्वार्थमा तोडिन्छन् नाताहरू । यिनै माकुरेजालमा जेलिएर सकिन्छ मान्छे अन्तमा माउखानेहरूले खाएर । एक्लै आयो, एक्लै गयो । रित्तै आयो रित्तै गयो । के लिएर जान्छ अन्तमा मान्छेले ? केका लागि हुन् यी संघर्षहरू ? कसका लागि हुन् यी चिन्ता र सुर्ताहरू ?

मान्छेका बाहिर हुन्छन् परिवारहरू, कुटुम्बहरू, बन्धुबान्धवहरू, समाजहरू । मान्छेभित्र अर्को मान्छे हुन्छ-नितान्त एक्लो, नाङ्गो, अराजक र आदिम । मान्छेका बाहिर हुन्छन्-धर्म, आदर्श, प्रेम र सद्भावहरू । मान्छेका भित्र हुन्छन्-स्वार्थहरू, डरहरू, इच्छाहरू, वासनाहरू, मात्सर्यहरू र उद्दाम भोगाशाहरू । प्रेमका नखराहरूमा लुकेका हुन्छन् स्वार्थमय मैथुनेच्छाहरू । सेवा र परोपकारका

लोकाचारहरूभित्र छिपेका हुन्छन् असीम लालसाहरू । आदर्श, नैतिकता त स्वाङ् र ढोङ् मात्र बन्न पुग्छन् । मान्छेभन्दा कुटिल, निर्दयी, स्वार्थी, छली र जाली प्राणी अर्को छैन जगत्मा ।

सम्बन्धहरू स्वार्थले जोडिएका हुन्छन् । उपनिषद् भन्छ–अत्मानं कामाय सर्वं प्रियं भवति । पतिका लागि पति प्यारो भएको होइन, पत्नीका लागि पत्नी प्यारी भएकी होइन । सबै आफ्ना स्वार्थका लागि प्रिय भएका हुन् । समाज, परिवार सम्पत्ति सबका सब आफ्ना लागि प्रिय भएका हुन् । सँगसँगै बस्दा पनि एक्लाएक्लै हुन्छ मान्छे । समूहमा बसे पनि मान्छेका चित्त र चिन्तन एक्लाएक्लै छरिएका हुन्छन् । मान्छेभित्रको मान्छे एकाकी, अराजक र असामाजिक हुन्छ । बाहिर धर्मिक देखिए पनि मान्छे भित्र पापी हुन्छ । यो जगत् पाखण्डी, धर्मध्वजी, भ्रष्ट र ढोंगीहरूले भरिएको छ । माया, प्रेम, सद्भाव, मैत्री, श्रद्धा, भक्ति पूजा कुनै पनि निष्काम छैनन् । जालझेलले भरिएको यस कुटिल जगत्मा सज्जन सदाचारीहरूको सदा हार हुन्छ । जीवन एकाकी यात्रा हो । यात्रापथमा भेटिन्छन्, छोडिन्छन् यात्रीहरू । गन्तव्यमा एक्लै पुग्नुपर्छ मान्छेले ।

मान्छे मर्छ । मलामीहरू घाटसम्म पुग्छन् । हाँस्दै फर्कन्छन् मलामीहरू । परिजनहरू क्षणिक विलाप गर्छन् । प्रियजनहरू सहानुभूति प्रकट गर्छन् । शोकसभा हुन्छ । श्रद्धाञ्जलि अर्पण गरिन्छ । असामयिक निधनमा शोकोद्गारहरू प्रकट गरिन्छन् । किरिया हुन्छ । गरूडपुराण भनिन्छ, पिण्डदान हुन्छ । तमाम लोकाचार र स्वाङ पूरा गरिन्छ । हामी एकजना मर्छौं, सकिन्छौं, दिवंगत आत्मा बन्छौं । यसरी नै सकिदै जान्छन् सबै-सबै । नमर्ने कोही छैन यस मर्त्यमा । जो उत्पन्न हुन्छ त्यो नष्ट हुन्छ । ज्यूँदाहरू तत्काल आफू नमरेकोमा ढुक्क र मख्ख छन् । हरेक मलामी यसरी नै लास बन्दै जान्छ । नयाँ थपिन्छन्, पुराना सकिन्छन् । पुराना पात झर्छन्, नयाँ पात पलाउँछन् । वन त रहिरहन्छ, पात झरेर गए पनि । भोलि पनि संसार चल्छ यसरी नै । हामी नभए पनि यी हिमालहरू यसरी नै उभिन्छन् । यी नदीहरू यसरी नै बग्छन् । यी सूर्य, यी चन्द्रमा यसरी नै उदाइरहन्छन्, अस्ताइरहन्छन् । हामी नभए पनि बैंस र वसन्त आउँछन्, मायाप्रीति लाइन्छन् यसै गरी । फूलहरू फुलिरहन्छन्, फलहरू फलिरहन्छन् । पातहरू झरिरहन्छन्, पातहरू पलाइरहन्छन् । यी पृथ्वी सँगसँगै जान्निन् कसैसित । नदीमा पानी बगेझैं बगिरहन्छ यो सृष्टि यसरी नै । प्रत्येक वर्तमान अतीतमा धकेलिन्छ यसरी नै ।

सूर्य एक्लै चम्कन्छ आकाशमा । चन्द्रमा एक्लै घुम्छ पृथ्वीका वरिपरि । तारा-नक्षत्रहरू एक्लाएक्लै घुम्छन् अनन्त ब्रह्माण्डमा । पृथ्वी एक्लै घुम्छिन् आफ्नो कक्ष र अक्षमा । मान्छेको एक्लोपन प्राकृत हो र समाज कृत्रिम हो । परिवारमा रमे पनि समाजमा जमे पनि प्रतिपल हामी भित्र एक्लै हुन्छौं । मान्छे-मान्छेको

भिडमा पनि म त प्रत्येक मान्छे एक्लै-एक्लै देख्छु । संसार रंगीचंगी छ । रंगीन छन् समाजका व्यवहारहरू । गोजी छामेर नखरा गर्छे प्रेमिका । बैंस देखेर पछि लाग्छ प्रेमी । काम देखेर फुरूंग पर्छ मालिक । धन सकिएपछि कर्के आँखाले हेर्दिन प्रेमिका । बैंस निथ्रिएपछि तर्केर हिड्छ प्रेमी । बल सकिएपछि वास्ता गर्दैन मालिक । फूल वैलाएपछि भमराहरू बस्दैनन् फूलको बोटमा ।

तोरी फुल्न छाडेपछि माहुरीहरू आउन्नन् बारीमा । बूढो भएपछि मान्छे पनि उपेक्षित हुन्छ गोरू झैं । ब्याउन छाडेका बाख्रा र भैंसी बेचिन्छन् कसाईका हातमा । पूर्व उपकारीप्रति कृतध्न हुन्छ मान्छे । कहाँ छ धर्म ? कहाँ छ आदर्श ? कहाँ छ दया ? कहाँ छ कृतज्ञता ? मातापितालाई अनाथालयमा हुलेर सनाथ बन्छन् सन्तानहरू । नियतिको वशमा छ जीवन । विगत सम्झदै, भविष्यको आशा संगाल्दै मरूस्थलको एकाकी यात्रा गर्दै जानु हो जीवन । निर्लक्ष्य यात्रामा बरालिदै एक्लै मृत्युको मुखतिर लाग्नु हो जीवन ।

मान्छेसँग सधै न धन रहन्छन् न जन रहन्छन्, न यौवन रहन्छन् । खहरेका भेल झैं अस्थायी छन् यी । बिजुली झैं अस्थिर छन् यी । पानीका फोकाझैं अनित्य छन् यी । यिनीहरू भाग्छन् मान्छेलाई एक्लै छोडेर । समाजमा गरेका त्यागहरू भुलिन्छन् छिटो । संसार स्वार्थसाधनको कुरूक्षेत्र हो, जसले जित्छ त्यसैलाई सलाम गरिन्छ, जसले हार्छ त्यसलाई राक्षस भनिन्छ । यहाँ बलियाले निर्धालाई पेल्छ, बाठाले सोझालाई निचोर्छ । यो संसार मत्लबीहरूको सौदा गर्ने हाट हो । यही नीति हो समाजको । यही रीति हो परम्पराको । यहाँ कोही कसैको हुँदैन । यहाँ प्रत्येक मान्छे असहाय छ, एक्लो छ ।

यो संसार बटुल्दै र छर्दै जाने खेत हो । हामीले धेरै बटुल्यौं यहाँ । धन, बटुल्यौं जन बटुल्यौं, यौवन बटुल्यौं । अब छर्दै जानु पर्छ सबै । अब छाड्दै जानुपर्छ सबै । बोकेर जान मिल्दैन यिनी । राख्न मिल्दैन साथमा सधै । सबै छरेर बटुलेका जति निस्कनुपर्छ अब महायात्रामा एक्लै, फगत् एक्लै ।

o–o

# लेखाइ

अनन्त सृजनाका सम्भावना छन् भाषामा । सीमित अक्षरबाट बन्छन् असीमित शब्दहरू, वाक्यहरू । आजसम्म कसैले नलेखेको वाक्य लेख्न सक्छौं हामी । अक्षर उनै, शब्द उनै तर वाक्य नूतन, भाव चिरन्तन जोड्न सक्छौं हामी । यही हो भाषाको सृजनशीलताको जादू । यसैमा छ लेखनकलाको चातुरी । यसैबाट उत्पन्न हुन्छ अनन्त-नूतनता, असीम शिल्पसौन्दर्य, अतुल भावराशि र गम्भीर विचार-सागर । नभएको हुनुमा छ साहित्यकलाको महिमा ।

अक्षरहरू जोडेर शब्द, शब्दहरू उनेर वाक्य र वाक्यहरूको सार मथेर निकालिन्छ अर्थ । अर्थमा घोलिएका हुन्छन् भावना, अनुभूति र विचारहरू । एउटा कलम, अलिकति मसी, कागजका पानाहरू यत्ति हुन्छन् लेखाइका सरजाम । यिनै साधनले लेखकले मनमस्तिष्क खन्याउँछ आफ्नो लेखाइमा । अक्षरका किरिङ्मिरिङ् रेखाहरूबाट चेतनाको उज्यालो उमार्छ लेखकले । निर्जीव कलम, मसी र कागजबाट जीवनका भावहरू उमार्छ लेखकले ।

लेखेर मात्र कोही लेखक बन्दैन । कति लेखन्दासहरूले महाभारतभन्दा बढी लेखे होलान् । कोलका गोरूहरू दिनभरि हिड्छन्, कतै पुग्दैनन्, जहाँका तहीं हुन्छन् । लेखन्दासहरू पनि लेखक बन्दैनन् । धनले भइन्न लेखक । कुर्चीमा बसेर मात्र भइन्न लेखक । बाहुबल काम लाग्दैन यसमा । बुद्धिले, कल्पनाले, अनुभूतिको तीब्रताले, संवेदनाले, शिल्पले, प्रतिभाले र अथक साधनाले बनिन्छ लेखक । सुखले बनिन्न लेखक । दुःखकष्टका असीम प्रहारले, संवेदनाका अजस्र प्रेरणाले र करुणाका अश्रुधारले बनाउँछन् लेखक । जीवन र जगत्मा असंख्य गुरु हुन्छन् लेखकका । लेखकले अरूले नदेखेको देख्छन्, अरूले नबुझेको

बुझ्छन् । संवेदना र अनुभूतिको विलक्षण अभिव्यक्ति हो लेखाइ । सौन्दर्यविहीन लेखाइ बनियाको बहीखाता झैं निरस हुन्छ ।

वाल्मीकिले एउटी चरीको आर्तनाद सुने, एउटा व्याधाको क्रूरता देखे । वाल्मीकिको मनमा प्रवाहित करुणाबाट रामायण प्रकट भयो । वाल्मीकि रामायणको प्रेरणास्रोत अरू थिएन । वाल्मीकिले त्यत्रो शिल्पसौन्दर्य कसबाट सिके जंगलमा ? देवकोटालाई पढाउनेहरू महाकवि थिएनन् । वेदव्यासलाई सिकाउने को थियो त्यसबेला वेदव्यासभन्दा जान्ने ? रूसोले कुनै विश्वविद्यालयमा पढेनन् तर आज रूसो सबै विश्वविद्यालयमा पढिन्छन् । रूसोको जीवनशैली निकृष्ट थियो तर उनका उत्कृष्ट लेखाइहरूले क्रान्तिका विचारबीज बनेर संसार हल्लाए ।

गोर्कीले विश्वविद्यालयमा पढेनन्, अभावपूर्ण जीवन, दुःखकष्टका ठक्करहरू र जीवनभोगाइका तिता यथार्थहरू उनका गुरु बने । आफ्ना अजरामर लेखाइमा बाँच्छ लेखक । घोडाका लगाम पक्डेर पेट पाल्ने शेक्सपियर आज आफ्ना अमर नाटकहरूमा बाँचेका छन् । ती धनाढ्यहरूको नामनिशान छैन जो घोडा चढेर नाटक हेर्न आउँथे । अभावपूर्ण जीवन बाँच्ने देवकोटा, गोर्की, प्रेमचन्द आज लाखौं पाठकको मनमा छन् त्यस बेलाका धनाढ्य, पदासीनहरू इतिहासको गर्भमा बिलाइसके । टाल्सटायलाई पुज्छ दुनिया जारलाई पुज्दैन । लेखनाथको स्मृतिमा शिर निहुराउँछ मान्छेले चन्द्रशमशेरको शालिकअघि झुक्दैन । मान्छेले मार्गरेट थ्याचर, जर्ज डब्लु बुस र मोरारजी देसाईलाई भुलिसके तर चर्चिल, र नेहरूलाई भुल्ने छैनन् । उनीहरू सदा बाँच्ने छन्, सम्झिनेछन् आफ्ना कालजयी कृतिहरूमा । लेखनकला यशस्कर छ र कष्टकर पनि । सत्यान्वयी लेखकहरू हावाको गतिमा ढल्कनन् । उनीहरू युग बदल्नको लागि तत्कालीन सत्ता र शक्तिको विरूद्ध लेख्छन् । आफ्ना ओजस्वी लेखाइबाट बरू दण्डित हुन्छन् तर भाट वा स्तुतिगायक बन्दैनन् ।

तानाशाहहरू असत्यको खेती गर्छन् । सत्य खुल्ने डरले उनीहरू लेखकहरूसँग सदा त्रस्त रहन्छन् । चाटुकार, भाट र स्तुतिगायकहरूको वर्तमानमात्र हुन्छ, भविष्य हुँदैन । ओजस्वी लेखकहरू आफ्ना लेखाइका कारण पुरस्कृत होइन दण्डित भए । हाम्रा कृष्णलाल अधिकारी **'मकैको खेती'** लेखे बापत थुनिएर जेलमै मरे । सलमान रूस्दीले **'सटानिक भर्सेज'** लेखे । संकीर्ण मुल्लाहरूले उनको टाउको गिड्ने फतवा जारी गरे । अहिले लुकीलुकी हिंडिरहेछन् 'रूस्दी' । **'लज्जा'** लेखे बापत तसलिमा नसरीन देशनिकाला भएकी छन् । जति दण्डित भए उनीहरू त्यति प्रख्यात छन् । लेखक जति दण्डित हुन्छन् त्यति ओजस्वी हुन्छन्, जति पुरस्कृत हुन्छन् त्यति फिका हुन्छन् ।

०–०

# त्यान्द्राहरू

संसार विचित्र छ । संसार विभिन्न छ । विभिन्नतामा सौन्दर्य छ । विभिन्नता देख्न लालायित छन् आँखाहरू । विभिन्नता चाख्न अतुर छन् जिभ्राहरू । विभिन्नता सुन्न उत्सुक छन् कानहरू । एकरूपताले पट्यार लाग्छ । एकरसताले वाक्क लाग्छ । ध्वनिको एकताले दिक्क लाग्छ । त्यसैले सप्तरंग बने । त्यसैले षड्रस बने । त्यसैले राग र रागिनी बने । अनेकतामा विलक्षणता छ । विलक्षणतामा कला छ । कलामा आनन्द छ । आनन्दमा जीवनको सार्थकता छ । त्यही सार्थकताको खोजीमा छौं हामी । जहाँ क्षणक्षणमा नूतनता छ, त्यहाँ सौन्दर्य छ । त्यहीं माधुर्य छ । जगत्मा रूपमा, रसमा, शब्दमा, रंगमा, गुणमा भिन्नता छ । त्यही सौन्दर्यमा, त्यही माधुर्यमा रमाइरहेछौं हामी । कालक्षेपणको यही क्रम चलिरहेछ–युगयुगान्तर । पुस्ताहरू बित्छन्, प्रकट हुन्छन् । यही व्यतिरेकमा संसार चल्छ, रम्छ, बढ्छ । रुचिमा भिन्नता छ लोकमा । एउटा जोगी भई खरानी घस्छ, एउटा भोगी भई अत्तर घस्छ ।

एउटाले मुण्डन गर्छ, एउटाले जटा पाल्छ । ठिकबेठिकका लालमोहर समाज ठोक्छ । मान्छेको मन संस्कृत हुँदैन, प्राकृत हुन्छ एकदम अराजक । त्यसैले त मान्छेमा बेलाबेला जंगली रूप प्रकट हुन्छ । बाहिर सुसंस्कृत, सभ्य मान्छे मनभित्र जंगली हुन्छ । आखेट युग बाँकी छ मान्छेको मनमा । आदतहरू आदिम छन् अझै । व्यवहार बर्बर छन् अझै । मान्छे आदर्शले, नैतिकताले चल्छ भन्नु

एउटा ढोङ् हो, प्रवञ्चना हो, कपट हो । मान्छे लोभले, मदले, अहङ्कारले, कामले, मात्सर्यले चल्दैछ अझै । त्यसैले त नियम, कानून र विधिका बन्धनले बाँध्नुपर्छ मान्छेलाई । आत्मशास्तालाई विधिका बन्धन चाहिन्न । औंलाका रेखाझैं फरक-फरक हुन्छन्-मान्छेका मनहरू-भिन्न, अनुपम र अतुलनीय ।

संसारका सारा जीवन माउखाने छन्, माउको अन्तमा बच्चाको उन्नति निश्चित छ । एउटाको ध्वंस अर्काको सृजना बन्छ । बिरुवा हुर्किन बिऊ कुहिनुपर्छ । फल फल्न फूल ओइलाउनुपर्छ । वर्षा हुन बादल सकिनुपर्छ । कोही धनाढ्य हुन कोही कंगाल बन्नुपर्छ । पालुवा पलाउन पुराना पात झर्नुपर्छ । ध्वंसको जगमा सृजना प्रकट हुन्छ । क्रान्तिको भग्नावशेषबाट शान्तिको उदय हुन्छ । मातापिताको चाउरीमा सन्तानको बैंस फुल्छ । टाउकाहरूमा टेकेर एउटा स्वर्ग पुग्छ । टेकिनेहरू त्रिशंकु बनेर चमेरा झैं बीचमै झुँडिन्छन् । जगका ढुंगाहरूले गुमनाम भएर घर बोकिरहनुपर्छ । माथि टल्कने गजूर र हजूरलाई जगको वेदना अनुभव हुँदैन ।

कसैको बलिदानमा कसैको स्वर्ग फल्छ । संसार चतुरहरूको चलाखीमा चाख राख्छ । त्यागी, वैरागीहरूको त्यागलाई दुनिया लात मार्छ । जसले जित्छ त्यसले राज गर्छ, जसले हार्छ त्यो कुल्चिन्छ, टेकिन्छ र खिइन्छ मात्र । एउटाको विपत्तिमा अर्काको सम्पत्ति जम्छ । एउटाको विजय अर्काको पराजय बन्छ । सबैको जय हुने खेल खेल्न बाँकी छ ।

मुसाको घरमा रूवाबासी चल्दा बिरालाको घरमा भोजभतेर हुन्छ । मान्छेका घरमा मासुको भोज चल्दा बाख्राको खोरमा कुटुम्बवियोगको शोक बन्छ । लाग्छ-मान्छेका आदर्श, दया, धर्म, परोपकारका बहस व्यर्थ बकबास हुन्, प्रलाप मात्र हुन्, स्वाङ् हुन् ।

मान्छेका गुणहरू ढाकेर ढाकिन्नन् र बैगुनहरू पनि ढाकिन्नन् मौकामा छताछुल्ल हुन्छन् बाहिरै । सत्यको उद्‌घाटन एक दिन भइछाड्छ ।

काँढाहरू बिज्छन् । छेस्काहरू दुबै तिरबाट घोंच्छन् । कृतघ्नहरू पूर्वोपकारीप्रति घात गर्छन् । संजीवनी शत्रुको पनि जीवन रक्षा गर्छ । म देख्छु-मिठा फल फल्ने बोटहरूमा मान्छेले झटारो हान्छन् । गुणी हुनु सम्भवतः विपत्तिको निमन्त्रणा बन्छ । हामी देख्छौं-औषधिका बोटहरूका बोक्रा ताछिएका हुन्छन्, फलेका हाँगाहरू लाछिएका हुन्छन् । सत्य हो-गुणको वैरि मानुष जाति । मूर्खहरू आफूलाई सर्वज्ञ ठान्छन् । ती झुक्दैनन् सिख्रा रूख झैं । आफू नभए संसारै चल्दैन भन्ने भ्रम पाल्छन् ती । न तिनले फूलले झैं सुवास छर्छन् न फलले झैं मिठास भर्छन् । ती व्यर्थ छन् । लुंच्चाहरू ससाना लाल्चामा आस्था फेर्छन् । छुच्चाहरू तुच्छ लाल्चामा अन्तर्मनको द्वारमा ताल्चा ठोक्छन् । रित्तो भाँडो

बज्छ । खोत्राहरू सिंगारिन्छन् । सुनमा बुट्टा नभरे पनि चम्किन्छ । आत्मप्रशंसा नगरे पनि गुणीको गुण जाहेर हुन्छ । फलेका बोटहरू झुकेर पनि सम्मानित छन् । गजराजसँग खरायोले स्पर्धा गर्न सक्दैन । कागहरू कोइलीजस्तै हुन्छन् तर वसन्तमा कोइलीकै कदर हुन्छ ।

नरोपीकन वनमारा झांगिन्छन् । धानलाई मलजल गर्नुपर्छ । संरक्षितभन्दा अरक्षित शक्तिशाली हुन्छन् । वणिक्हरू सुनचाँदी गन्छन्, धनभन्दा ठूलो जगत्मा के छ र भन्छन् । बटुल्छन् टल्कने धातु र रंगीन ढुंगाहरू । जमीन नाप्छन् सधै । केवल पण्यको मोलमोलाई चल्छ वणिक् जगत्मा । ढुङ्गा, माटो, वृक्ष, जीव सबै खरीद बिक्रीका वस्तु बन्छन् । अरू भाव, अरू विचार, कल्पना, कला जो पण्य हुँदैनन् ती सबै व्यर्थ छन् यस जगत्मा । धूलेबाजी खेल्ने शिशु झैं छन् तिनका व्यवहार । त्यान्द्राहरू तुच्छ छन्, नगण्य र नाचीज । विचारका त्यान्द्राहरू मनमा डुल्छन् । मान्छे हुनुको अर्थ त्यान्द्रामा अल्झेको छ । मेरो मस्तिष्कमा भरिएका छन् त्यान्द्राहरू । भावना, कल्पना, विचारका त्यान्द्राहरूमा झुण्डिएको हुन्छ जीवन । म फुकाउन खोज्छु त्यान्द्राहरू । ती अल्झिन्छन् । वस्तुका त्यान्द्राहरू म घाममा सुकाउँछु । ऊनका, परालका, कपासका, जुटका, खरका त्यान्द्राहरू म जुटाउँछु । नसा र तन्तुका त्यान्द्राहरू बुनिएर म बनें । म त्यान्द्रा लगाउँछु, म त्यान्द्रा खान्छु, त्यान्द्रा सोंच्छु । प्रत्येक मान्छे एउटा त्यान्द्रा हो । त्यान्द्राबाट डोरी बन्छ । डोरीले हात्ती बाँधिन्छ । आऊ त्यान्द्राहरू बाटौं । आऊ त्यान्द्राहरू बुनौं ।

o–o

# विद्या र विद्यार्थी

विद्या त्यो प्रकाश हो जसले भ्रमहरू हटाउँछ । हामी अज्ञानको अन्धकारमा असत्यलाई सत्य ठानी भड्किरहेछौं । विद्याले सत्यको स्वरूप चिनाउँछ । हामी अविद्याको अन्धकारमा डोरीलाई सर्प ठान्छौं तर उज्यालोमा डोरी चिनिन्छ । ज्ञान नहुन्जेल रहन्छन् भ्रमहरू । प्रकाश नहुन्जेल रहन्छ अन्धकार । अविद्यालाई अन्धकार र विद्यालाई प्रकाशसँग तुलना गरिन्छ । विद्या ज्ञान पनि हो विज्ञान पनि हो । विद्या सत्यको, ज्योतिको अमृतको प्रतीक हो । या विद्या सा विमुक्तये अर्थात् विद्या त्यही हो जसले मुक्ति दिन्छ । विद्याले जडताबाट, अज्ञानबाट, कूपमण्डूकताबाट, अहङ्कारबाट मुक्ति दिन्छ । जीवनजगत्‌को यथार्थ बुझेपछि अहङ्कार रहँदैन । तत्त्वज्ञान भएपछि व्यर्थ स्वाङ् लोकाचार, लाल्चा, आडम्बर रहन्नन् । संसार चिनेपछि कूपमण्डूकता रहन्न । चेतना खुलेपछि जडता त्यसै भाग्छ । फलेको हाँगो झुकेजस्तै विद्वान् पनि विनम्र हुन्छ ।

विद्या किताबबाट मात्र प्राप्त हुँदैन । अनुभूत ज्ञानराशि हो विद्या । किताब विद्याका साधन हुन्, साध्य होइनन् । किताबमा, श्रुतिस्मृतिपरम्परामा, अनुभूतिमा र नवीन अन्वेषणमा ज्ञानधारा प्रवाहित भएको हुन्छ । विद्या विश्वविद्यालयका तुलाले जोखिने वस्तु पनि होइन । यो संसार एउटा पाठशाला हो । यो प्रकृति विश्वविद्यालय हो । ज्ञानको भोक जोसँग छ त्यही विद्यार्थी हो । जसबाट सद्ज्ञान प्राप्त हुन्छ, तिनै गुरु हुन् । जीवनजगत्‌का रहस्यहरू खोतल्दै जानु विद्याको काम हो । सुगा रटाइले रहस्यका ढोका खुल्दैनन् । विद्याकै सहाराले मान्छेले भूगर्भ खोतलेको छ, खगोल चहारेको छ, ग्रहनक्षत्रहरूको गणना गरेको छ, पदार्थहरूका गुण र स्वभावहरू पर्गेलेको छ । आखेट युगदेखि राकेटयुगसम्मको मानवजातिको महायात्रामा विद्याको भूमिका सर्वोपरि छ । विद्याले

धर्म, आत्मा, जीवन, मृत्यु, सौन्दर्य, पुरुषार्थ, मनजस्ता विषयहरूका अनन्त जिज्ञासालाई सम्बोधन गरेको छ । विद्याको सीमा छैन । नित्यनूतन कुरा आइरहन्छन् संसारमा । मानव सभ्यता अघि बढिरहन्छ । स्थापित मान्यतामै अल्झिएर बस्ने हो भने हामी जति हिडे पनि कोलका गोरू झैं जहाँका तहीं हुन्छौं । उपनिषद्ले भन्छ 'चरैवेति, चरैवेति' अर्थात् निरन्तर गतिशील बन, अघि बढ । हामीलाई लाग्छ झोलामा किताब बोकेर हिड्ने मात्र विद्यार्थी हो । हामीलाई लाग्छ विद्या भनेको सम्पत्ति आर्जन गर्ने कला मात्र हो । विद्यार्थीसँग त कहिल्यै नभरिने जिज्ञासाको झोला हुन्छ । किताबका कुरा सबै कण्ठ गरे पनि तत्त्व बुझिएन भने विद्वान् भइन्न । **'बडे-बडे पोथी पढकर पण्डित भए न कोय'** अथात् ठुल्ठुला ग्रन्थ रट्दैमा कोही पण्डित हुँदैन ।

सुकरातले कुन स्कूलमा पढेथे ? लियोनार्दो दा भिन्ची पढ्ने बेलामा स्कूलबाट भाग्थे । शेक्सपीयरले उच्च शिक्षा पढेका होइनन् विश्वविद्यालयमा । वेदव्यास र वाल्मीकिलाई पढाउने को थियो त्यतिबेला उनीहरूभन्दा श्रेष्ठ ? गोर्कीले विद्यालय कुचेनन् । सिद्धिचरण आठकक्षा फेल हुन् । बालकृष्णसमको औपचारिक शिक्षा इन्टरमिडियटसम्म हो । यिनीहरूले जगत्बाट सिके, जीवनबाट पढे । दत्तात्रेयका चौबीस गुरु थिए । पृथ्वी, परेवा, पुतली, माहुरीजस्ता गुरु थिए उनका । उनले पृथ्वीबाट क्षमाशील बन्नुपर्छ भन्ने सिके, परेवाबाट बढ्ता प्रेममा आसक्ति गर्न हुन्न भन्ने सिके, पुतलीबाट रूपमा आसक्त हुनुहुन्न भन्ने बुझे, माहुरीबाट बढी धनसञ्चय गर्न हुन्न भन्ने जाने । यसरी जिज्ञासा भए सिक्ने कुरा धेरै छन् जगत्मा । न्युटनले फल तल खसेको तथ्य खोज्दा गुरुत्वाकर्षण पद्धति पत्ता लगाए । यो जगत् नै विश्वविद्यालय हो ।

जो सँग विद्या हुन्छ, त्यसलाई विद्वान् भनिन्छ । विद्याको न कुनै सीमा छ न पूर्णता छ । छोटो जीवनमा मान्छेले पढेको बुझेको कुरा अत्यन्त अल्प हुन्छ । विद्या प्राप्त गर्न इच्छुक विद्याव्यसनी व्यक्ति नै विद्वान् हो । जोसँग सरलता छैन, अहंकारी छ, संकीर्ण छ त्यो विद्वान् होइन । मूर्खहरू आफ्नो अत्यल्प जानकारीलाई पूर्ण ठानी मख्ख पर्छन् । ममात्रै जान्ने हुँ भन्ने अविनम्र व्यक्ति सबैभन्दा मूर्ख हुन्छ । विद्वान्हरू त म केही जान्दिनँ भन्छन्, विनम्र हुन्छन् । अल्पज्ञानी खहरे झै गुड्कन्छ, ज्ञानी सागर झैं शान्त हुन्छ । विद्वान् समदर्शी हुन्छ, उदारचित्त हुन्छ । धनीहरूसँग झुकेर कुरा गर्ने र गरीबहरूलाई हप्कीदप्की गर्ने स्वभाव विद्वान्को हुँदैन । जुन विद्यामा मानवता, स्वाभिमान र स्वतन्त्रता छैन त्यो कुविद्या हो । कुविद्याभन्दा अविद्या राम्रो हुन्छ । नराम्रा कुराहरू लेखेको कागजभन्दा कोरा कागज राम्रो ।

०-०

# माटो

सबै माटाबाट बन्छन्, माटामाथि चल्छन् फिर्छन् र अन्तमा माटैमा लम्पसार परेर माटोमय बन्छन् । हामी हौं माटैका डल्ला अर्थात् माटाबाट बनेका घैंटा । हाम्रो धारण, पालन, पोषण माटाबाटै भएको छ ।

अमीर गरीब सबैको घर माटो हो । माटैबाट आएका हामी माटैमा बसेका छौं र माटैमा मिल्नु छ ढिलोचाँडो । सुन बिछाएर चाँदी ओढेर बस्नेहरू पनि माटामा मिल्छन् । चौरस्तामा भीख माग्नेहरू पनि माटामा मिल्छन् । बोरामा निदाउनेहरू पनि माटामा मिल्छन् । लचकदार बिछौनामा निद्रा बोलाउनेहरू पनि माटामा मिल्छन् । ढिडो खानेहरू पनि माटामा मिल्छन् । मिठो खानेहरू पनि माटामा मिल्छन् । को मिलेन माटामा ? सबैको स्थायी वतन माटै त हो नि ! सुनभन्दा माटो महिमामय छ । सुनविना जीवन चल्छ, माटोविना चल्दैन । हात्ती, बाघ, भालु चितुवाहरूले सुनका मुकुट पहिर्दैनन् । मृग, चित्तल, घोरलहरूले सुनका औंठी लगाउन्नन् । बाँदरहरूले सुनको संकलन गर्दैनन् । बाँदरलाई एउटा केरा र एउटा सुनका डल्ला सँगै दिदा केरै लिएर दगुर्छ । स्वाद नहुने, नटोकिने, भोक नमेट्ने पहेंलो सुन उसलाई व्यर्थ छ ।

माटैमा रूप छन्, रस छन्, गन्ध छन् । माटैमा फुल्छन् केंवरा, मालती, सयपत्री र रजनीगन्धाहरू । माटैमा लहराउँछन्-धान, गहूँ, चना, तोरी र केराउहरू ।

गन्धवती पृथ्वीमै उम्रिएर उभिन्छन् श्रीखण्डका बोटहरू । माटैमा उम्रिएर जीवनदायी हुन्छन् वनौषधिहरू । रसवती पृथ्वीमै उम्रेर फल्छन्–आँप, केरा, स्याउ, अंगूर र सुन्तलाहरू । अहा ! माटाको बास्ना कति मनमोहक ! माटाको स्वाद कति मधुर ! वर्णनातीत, अनिर्वचनीय ! माटाको माया कति चर्को ! दिवाना नै बनाउने ।

यो आकाश, यी नक्षत्रहरू, यो पृथ्वी, यी हिमालहरू, यी पर्वत, यी मैदान र यी सागर चिरस्थायी छन् । यी सबैको अधिपति मैं हुँ भन्ने मान्छेको जीवन भने पानीको फोकाभैं अस्थिर छ । पृथ्वीकै एक भाग ओगटेर म पृथ्वीपति हुँ भन्ने मान्छे अन्ततः पृथ्वीमै लम्पसार परेर सकिन्छ । मान्छे नै नभए पनि यो पृथ्वी मजाले चल्छ तर पृथ्वीविना मान्छे चल्न सक्दैन । पृथ्वी प्रकृति हुन् हामी उनका प्रत्ययमात्र । यहाँ जे सौन्दर्य छ त्यो सबै पृथ्वीमा छ । यहँ जे रूप छ, जे गन्ध छ, जे स्वाद छ त्यो सबै पृथ्वीमा छ । चराचर दृश्यमान् जति छ त्यो पृथ्वी हो ।

माटो हुन् पृथ्वी । पृथ्वीको एक खण्डमा हामी जन्म्यौं । रोजेर जन्मेनौं । जन्मभूमि रोज्न पाइन्न । जहाँ जन्म्यौं ती हाम्री जन्मभूमि भइन् । उनैले हामीलाई धारण गरिन् । उनैले हामीलाई पालिन् । उनैमा हामी तल्लय हुनेछौं । माटाकी पृथ्वी कति प्यारी हाम्री ! कति राम्री ! उनैको काखमा छ देश हाम्रो ! देशमा छौं हामी । त्यहीं छ हाम्रो पहिचान ! हाम्रो अस्तित्व ! त्यसैलाई भन्छौं हाम्रो माटो । माटाका लागि हामी लड्छौं पनि । माटो बिर्सनेहरूले आफ्नै आत्मा बिर्सन्छन् । सुन, डलर, खाना र पोशाकसित साट्ने वस्तु होइन माटो । गहिरिएर हेरे माटामा सबै छ । रातो, कालो, खैरो, पहेंलो सबै रंगको हुन्छ माटो । पृथ्वीभरि नै हुन्छ माटो । तर आफ्नो माटोको बास्ना आफ्नै हुन्छ । त्यसमा रूप हुन्छ आफ्ना माटामा मिलेका पुर्खाको । त्यसमा पदचिह्न हुन्छन् मातापिताका । त्यसमा पसिना भिजेका हुन्छन् बन्धुहरूका । त्यसमा रगत्को आभा हुन्छ माटोका लागि लडेका वीरहरूको । त्यसमा स्मृति र भावनाहरू हुन्छन् भिजेका ।

संसार विजयीहरू पनि माटैमा लम्पसार परे अन्तमा । तिनीहरू पनि मरेर माटै बने । सम्पूर्ण अहंकार, वासना, उन्माद, वैभव र ऐश्वर्यहरू पनि चिरस्थायी रहेनन् कसैका । केवल माटो बनेनन् मान्छेका विचारहरू, भावनाहरू र कल्पनाहरू । धरतीमा असंख्य मान्छे जन्मे, मरे, सबै बिलाए माटोमा । माटो मात्र अजरामर भएर रहिरह्यो यस धरतीमा ।

माटाले फोहोर–दुर्गन्ध पचाएर हामीलाई स्वाद र सुगन्ध दिन्छ । हामी कृतघ्न छौं, माटालाई हेला गर्छौं । हामी माटो खोस्रन्छौं, माटैमा हिड्छौं, माटैमा उम्रेका

खान्छौं, प्रतिक्षण माटालाई लात्तीले हान्छौं । खोइ प्रायश्चित्त गरेको ? खै माफी मागेको माटासित ? खोइ माटालाई प्रणाम गरेको ? खोइ चुम्बन गरेको माटालाई ? धुलेबाजी खेलेको होइन माटामा ? के आफ्नो माटोको स्पन्दन र धड्कन छाम्न सकेनौं हामीले ? माटै खाएर माटै कुल्चेर माटामाथि हिड्छौं हामी । कति राम्रो छ माटाको बस्ती ? माटाबाट बनेर माटै खाएर माटामाथि हिड्नेहरू माटैमा मिल्ने कुरा बिर्सेर मैमत्त बन्छन्, स्वर्गको गफ हाँक्छन्, माटाको ममता छोडेर आकाश ताक्छन् ।

माटाको ममता विचित्र छ । माटाले तानेर घर फर्कन्छन् लाहुरेहरू सुवर्णमय लङ्का छाडेर राम अयोध्या फर्के झैं । माटाको ममता जोसँग छैन त्यसलाई ज्यूँदै मरेको भनिन्छ । निर्जीव माटाका लागि मान्छेले ज्यान दिएको छ । तेरो माटो र मेरो माटोको खिचातानीमा यो माटो कतिपल्ट रगत्ले भिजेको छ । माटो निर्जीव हो तर देशभक्तिमा यो जीवन्त बन्दछ । माटो अचेतन हो तर मातृभूमिको ममतामा चैतन्य बन्दछ । पुर्खाका गाथाहरूमा माटो भावना बन्दछ । माटाका लागि पुर्खाले तन दिए, हामीले मन दिन सकेनौं । पुर्खा माटाका लागि लडे, हामी भातका लागि लडिरहेछौं । मातृभूमिको माटो उठाएर मुठीमा राखी खोइ हामीले संकल्प गरेको ?

०–०

# कालसूत्र

कालका वशमा सबै छन् तर काल कसैको वशमा छैन । कालकै गतिमा चल्छन् ऋतु, अयन र संवत्सरहरू । कालकै अधीनमा चल्छन् जीवनहरू । कालक्रममै आउँछन्-बाल्य, यौवन र जरा । कालकै आदेशमा उदाउँछन्, अस्ताउँछन्, घाम र जून पनि । फूल फुल्छन्, फल फल्छन्, पात पलाउँछन् झर्छन्, मान्छे जन्मन्छन् मर्छन् सबै कालकै खेल हुन् । कालले मान्छेलाई सबल बनाउँछ, दुर्बल पनि बनाउँछ, कालकै क्रममा साम्राज्य उदाए, अस्ताए । शक्तिशाली विश्वविजेताहरू पनि कालक्रममा निर्बल भए । सबैलाई पछार्न सक्ने बाहुबलीहरू पनि समयको गतिसँगै आफै पछारिए ।

लाखौंलाई मृत्युदान दिएर मृत्युञ्जय बन्न चाहन्थ्यो सिकन्दर । उसलाई बत्तीस वर्षमै कालज्वरका किटाणुहरूले खाए ।

तरबार चम्काउँदै, बाणहरू सन्सनाउँदै हिड्ने चंगेज खान कुनै दिन आधा एशिया र पूरै यूरोपको अधिपति बनेको थियो । उसको क्रूरताले काँपेको थियो पृथ्वी, भिजेको थियो माटो मान्छेको रगत्ले । किन बन्न सकेन चंगेज खान अजरामर ?

लाखौंलाई ग्याँसच्याम्बरमा हुलेर अजम्बरी बन्न चाहन्थ्यो हिट्लर । संसारको शक्तिमान् अधिपति बनेर सृष्टिलाई हल्लाउन चाहन्थ्यो ऊ । कसले हान्यो कन्चटमा गोली उसलाई ?

जडसूत्रहरू घोक्दै पोलपोटले रगत्का ताल र मानव कङ्कालका पहाडहरू ठड्याएर मानवतालाई लज्जित बनाएको थियो । कम्बोडियाको धरतीमा पोलपोटका प्रहारका घाउहरू बोकेर बाँच्दैछन् अझै मान्छेहरू । अन्तमा मानवताकै अपराधी घोषित भएर, असहाय एक्लै घृणाको भारी बोकेर, सबैले थुकेर रुखमुनि मरेको थियो ऊ । समयले नै बनाउँछ शक्तिशाली र निर्बल पनि ।

जित्दैनन् यमदूतहरूले मनको साम्राज्य । माटो जित्छन् केही क्षणका लागि । धन लुट्छन् केही पलको लागि । जन जित्छन् केही घडीको लागि । अनि जित्छन् खरानी र मसानको शून्यता । क्रूरता, त्रास र लोभले जितेका राज्यहरू कहाँ छन् ? तरबारले जितेका सिकन्दर र चंगेज खानका राज्यहरू आज कहाँ छन् ?

अहिंसाले जितेको बुद्धको राज्य, क्षमाले जितेको ईशाको राज्य, भावना र कलाले जितेको वाल्मीकि, व्यास,शेक्सपीयर, भिन्ची र देवकोटाको राज्य, विचारले जितेको सुकरात, प्लेटो, अरस्तू, शंकराचार्य, रूसो र भोल्टेयरको राज्य कहिल्यै खुम्चिएनन्, बिलाएनन् । राष्ट्रका पर्खालहरू नाघ्दै कालजयी बनेर बढिरहे ।

संसारमा ज्ञानी पनि जन्मे, मानी पनि जन्मे, दानी पनि जन्मे । यस धरतीमा बुद्ध, गान्धी, ईसा र हेनरी ड्युना पनि जन्मे । तैमुरलङ्, पोलपोट, हिटलर, मुसोलिनी, इदी अमीन र बोकासाहरू पनि जन्मे । कति ऐश्वर्यशाली, वैभवशाली, शक्तिशालीहरू मिले माटोमा । कति प्रतापी विश्वविजयीहरू बिलाए यस माटोमा । कालचक्रको भ्ँाँतामा पिसिए सबै । आकाश उही छ, पृथ्वी उनै हुन्, सूर्यचन्द्र उनै हुन्, ग्रहनक्षत्रहरू उनै छन् ब्रह्माण्डमा । केबल समय बग्यो, युग गुड्यो । फेरिए आउने जाने यात्रीहरू । पृथ्वीको भोग धेरैले गरे तर पृथ्वी कसैसँग सती गइनन् र जान्निन् पनि ।

धन जन, यौवन चञ्चल छन् बिजुली झैं । सत्ता र शक्ति पनि सधै रहन्नन् कसैसँग । असम्भव भन्ने शब्द मूर्खहरूको शब्दकोशमा हुन्छ भन्थ्यो नेपोलियन । ऊ पनि पिसियो कालचक्रमा, मर्‍यो एकान्त सेन्टहेलेना टापुमा सबै असम्भव भएर ।

आज खोइ नादिर शाह र तैमुर लङ् ? खोइ कहाँ छन् खुमेनी, इदी अमीन, बोकासा, पोलपोट र सद्दाम हुसेनहरू ? कहाँ गए गद्दाफी ? तिनका क्रूरताले झस्कलान् मान्छेहरू, घृणाले थुक्लान् बरू तर झुक्दैनन् श्रद्धाले मान्छेका शिरहरू ।

त्रास, क्रूरताले राज्य जित्न उद्यत नायकहरू आज कहाँ छन् ? कुन दूलामा छन् ? हिंसा र घृणाको खेती गरेर व्यक्तिगत सुखभोगका लालसा पाल्नेहरू आज कुन रंगमञ्चमा अभिनय गर्दैछन् ? कालसूत्रमा उनिए सबै । कालप्रवाहको वेगले बगरमा फालिए सबै ।

सुख र दुःख घुम्छन् सधै कालका सीमाहरूमा । जन्म र मृत्युबीचका हुन् सुख-दुःखहरू । जन्मपूर्व र मृत्युपश्चात् छैनन् सुखदुःखहरू । नफुर्क कोही सुखमा, नथर्क कोही दुःखमा । आखिर सुख-दुःख सबै उनिएका छन् कालसूत्रमा ।

o-o

# हुटिट्याउँको मन

चकमन्न हुन्छ रात । खोलो सुसाइरहन्छ । ताराहरू पिलपिल गर्छन् । चन्द्रमा एक्लै मतिर फर्केर हाँसिरहेको हुन्छ । मान्छेहरू घरघरमा चुकूल लगाएर सुतिरहेका हुन्छन् । डरपोक हुन्छन् मान्छेहरू । चोरको डर हुन्छ मान्छेको जातलाई । संग्रह हुन्छ मान्छेसँग । मसँग दुईवटा खुट्टा र पखेटामात्र छन् सम्पत्ति । आकाश खस्ने डर नमानेर ढुक्कसँग सुत्छ हुस्सू मान्छे । ममात्र चनाखो छु यस पृथ्वीमा । कुनै क्षण खस्न सक्छ आकाश । खसिहाल्यो भने त्यो नीलो आकाश मेरा पादयुगलले थामिएला भनेर म उपर्खुट्टी लगाएर निदाउँछु । आकाश थामियो भने जोगिएलान् मान्छेहरू पनि । मेरा पाउबलले थामिएको पृथ्वीमा निर्भय बनी बाँच्लान् प्राणीहरू ।

हुनसक्छ, आकाशका खाँबाहरू मक्किएका छन्, ती भाँचिन सक्छन् । हुन सक्छ, आकाशका भित्ताहरू चर्किएका छन्, ती भत्किन सक्छन् । कसले गरेको छ आकाशको स्याहार-सुसार ? आकाश थकित, जीर्ण र ज्वरग्रस्त छ-निरन्तरको झरीले, हुरीले र घामले । मान्छेहरू स्वार्थी, मतलबी र उद्दण्ड छन् । मान्छेहरू हल्ला गर्छन्-ओजन तह फाटेको छ । चुहुने भएको छ आकाश । मतलबी मान्छेले उडाएको धुवाँले आकाश विषाक्त बनेको छ । म उद्विग्न बन्छु, चिन्तित छु । आकाश खस्छ कि क्या हो ? म त्रसित छु । कुनै दिन जीर्ण घरको छत झैं खस्न सक्छ आकाश हामीमाथि । भासिन सक्छ यो पृथ्वी । नासिन सक्छ यो सृष्टि । चाँपिन सक्छन् यी मेरा कोमल बचराहरू पनि । मलाई रातमा निद्रा लाग्दैन यही पीरले । दिनमा भोक लाग्दैन यही चिन्ताले । म दुब्लाएर सुइखुट्टे भएको छु यही सुर्ताले । रातरातभरि जाग्राम बसेर म चौकीदारी गर्छु पृथ्वीको ।

बानरहरू चकचक गर्छन्, यी पटमूर्ख छन् । रातभरि सुत्छन् रुखका हाँगामा । आकाश खस्छ भन्ने ज्ञान छैन यिनीलाई । मान्छे त आफूलाई सर्वश्रेष्ठ प्राणी हुँ भन्छ । यिनैले बिगार्छन् आकाशलाई, वायुलाई, जललाई । बुद्धिमान् भईकन आपत्तिमा पर्छ मान्छे आफै । भूकम्प हुन्छ, यिनै मर्छन् । आफूले बनाएका घरभित्रै चाँपिएर मर्छन् मान्छे । हाम्रा केही भत्किन्नन् भूकम्पमा । भूकम्पको डर छैन मलाई भुर्र उडेर आकाशबाट हेर्छु म पृथ्वी काँपेको । सुनामी आउँछ मान्छे नै स्वाहा हुन्छन् । हामी त खेचर हौं । आकाश हाम्रो हो, त्यसैले त म आकाशको चिन्ता गर्छु । हामी त आकाशमा उड्छौं भूकम्प, र सुनामी आउँदा ।

भूकम्पजस्तै खकम्प भयो भने म त आफ्ना खुट्टाले आकाश थामेर बाँचुला ? के गरेर बाँच्छन् मान्छेहरू ? मान्छेले पृथ्वी आफ्नो बिर्ता ठान्छ । चाँपिन सक्छ यो पृथ्वी आकाश खसेर । आफ्नो घर सम्पत्तिसितै स्वाहा हुनेछन् यी हुस्सूहरू ।

माउखाने र हुँडारजस्तै हुन्छन् मान्छेहरू कृतघ्न र हुस्सू । म त्रसित हुँदा यिनीहरू किन ढुक्क छन् ? म चिन्तित हुँदा यिनीहरू किन मस्त छन् ? मानौं आकाश खस्दैखस्दैन । किन सचेत नभएर यी अस्तव्यस्त छन् आफ्नै प्रपञ्चमा ? खकम्प भयो भने चिराचिरा पर्नेछन् आकाशका । चोइटाहरू झर्नेछन् पृथ्वीमा । शङ्खे किराहरू कडा खोलभित्र गुडुल्किएर बाँच्लान् । मूसाहरू प्वालभित्र पसेर जोगिएलान् । म आफ्ना खुट्टाले आकाश थामेर बाँचुला । अरू त आकाशले चाँपिएर भसाक्भुसुक् हुनेछन् एक क्षणमा । हाँसेहाँसोस् मूर्ख संसार । म त उपर्खुट्टी लगाएर ढुक्क हुन्छु ।

साँच्चै कुनै दिन आकाश भत्कियो भने के होला ? आगाका झिल्काजस्ता यी पिलपिले ताराहरू पनि सँगसँगै खस्लान् । तिनबाट डढेलो लाग्न सक्छ बादलको भुवामा । चन्द्रमा कहाँ उदाउला आकाश खसेपछि ? सूर्य हिड्ने बाटोमा पहिरो गयो भने सूर्यले कहाँ अडिएर जगत्लाई राप र ताप देला ? सँगसँगै खस्ने हुन् कि सूर्यचन्द्रहरू पनि ! फुंगाल्ने हो कि सूर्य समुद्रमा गर्मीले आत्तिएर ? इन्द्रेनी कहाँ लाग्ला आकाश खसेपछि ? कहाँ अडिएर बादलले वर्षा गर्ला ? कि सुख्खा र अँध्यारोमात्र हुन्छ पृथ्वी ? कत्रो चिन्ता छ आफूलाई । किन निश्चिन्त छन् यी पटमूर्ख मान्छेहरू ? हो आकाश खस्यो भने कुनै दिन हुटिट्याउँमात्र हुनेछन् सृष्टिमा । हुटिट्याउँका हुनेछन् राज्यहरू । मान्छेको कुनै हस्तक्षेप हुनेछैन त्यहाँ । मान्छेको बिर्ता रहनेछैन पृथ्वी । त्यहाँ धुवाँ उड्ने छैन । त्यहाँ हामी चराझैं उड्ने चिलगाडीहरू हुने छैनन् । सबै नष्ट हुनेछन् रेल, मोटर र पानीजहाजहरू । चल्ने छैनन् बजारहरू, पढिने छैनन् पुस्तकहरू, बनाइने छैनन् सडक र घरहरू । केवल हुनेछन्-हुटिट्याउँ, मूसा र शङ्खे किराहरू मात्र त्यहाँ । मान्छेको नामोनिशान हुनेछैन त्यहाँ ।

०–०

# ठूलो मान्छे

मान्छेको चोला दुर्लभ मानिएको छ । यस्तो दुर्लभ चोला भौतिक रूपमा पानीको फोकाजस्तै अस्थिर छ, खहरेको वेगजस्तै अनित्य छ र बादलको छायाँजस्तै क्षणिक छ । अनित्य र क्षयशील देहद्वारा अक्षय कीर्ति आर्जन गर्नु मनुष्यजीवनको ध्येय हो । अस्थिर देहद्वारा चिरस्थायी सृजनाहरू गर्नु जीवनको सौन्दर्य हो । हाम्रा वैभवहरू अस्थिर छन् । हाम्रा यौवनहरू चञ्चल छन् बिजुली झैं । हाम्रा देहहरू अनित्य छन् । हाम्रो शारीरिक सौन्दर्य चिरस्थायी छैन । पछिसम्म रहन्नन् यी । कृतिमै पछिसम्म बाँच्न सक्दछ मान्छे । संसार हो सरिरहन्छ, जीवन हो बगिरहन्छ । शरीर छुट्छन्, धन छुट्छन्, जन छुट्छन् तर सृजनाहरू सर्दै जान्छन् पुस्ता-पुस्ता हुँदै पछिसम्म । कृति र सृजनामै चिरञ्जीवी हुन्छ मान्छे ।

मान्छे जसको कीर्ति छ उही ठूलो हुन्छ । मान्छे जो असल छ उही ठूलो हुन्छ । जो विनम्र हुन्छ उही सम्मानित हुन्छ । जो होंचिन खोज्छ उही उच्च हुन्छ । जसले अरूलाई होच्याउन खोज्छ त्यो आफै होचिन्छ । जो भोगमा आसक्त छ त्यो शरीरसितै मर्छ । जो त्यागी छ त्यो जीवनान्तर बाँच्छ । मान्छे तनले ठूलो हुँदैन । मान्छे धनले ठूलो हुँदैन । मान्छे उदार मनले, उदात्त विचारले र सत्कर्मले महान् हुन्छ ।

आज सुकरात, प्लेटो र अरस्तू छैनन् हामीसँग । उनीहरूका हाडखोर पनि पचिसके आजसम्म । आज बुद्ध ईशा, भोल्टेयर, रूसो, टाल्सटाय, लिङ्कन, मार्क्स, गान्धी कोही छैनन् हामीसँग । उनीहरूका विचार छन् हामीसँग, संघर्ष र त्यागका गाथा छन् उनीहरूका हामीसँग । जसले आज पनि हामीलाई बाटो देखाउँछन्, प्रेरणा दिन्छन् । आजसम्म झक्झकाइरहन्छन् ती विचारहरूले हामीलाई । आज हामीसँग वाल्मीकि, व्यास, कालिदास, होमर, गेटे, ह्युगो, गोर्की, प्रेमचन्द र देवकोटा छैनन् तर उनीहरूका वाणी सुरक्षित छन् हामीसँग । नित्यनूतन, सुन्दर, कालजयी र ओजस्वी वाणीहरू । वाणीहरू अक्षरबाट बन्छन् र अक्षय हुन्छन् । अक्षर र वाणीसितै अजरामर हुन्छन् वाणीसाधकहरू । मान्छेको देह क्षर हुन्छ अर्थात् नाशवान् । मान्छेका सत्कर्महरू अक्षर हुन्छन् अर्थात् अविनाशी । जो अक्षर बन्छ त्यही ठूलो मान्छे हुन्छ । लामो समय बाँचेर चौरासी पूजा गर्दैमा कोही ठूलो मान्छे हुँदैन । नमरेसम्म उमेर त स्वतः बढ्दै जान्छ । अल्पायुमै दिवंगत हुने शंकराचार्य, विवेकानन्द, शेली, कीट्स, मोतीराम भट्ट, अच्छा राई रासिकहरू आफ्ना सृजनाहरूमा अजरामर छन् । उनीहरू चिरायु छन् कृतिमा, विचारमा । शाहजहाँ माटामा मिले तर उनको ताजमहल खडा छ अमरप्रेमको कालजयी गाथा बोकेर । महात्मा गान्धी मारिए प्रार्थना गर्दागर्दै । महात्माको शरीर ढल्यो तर कीर्ति ढलेन, सत्यप्रतिको उनको अटल निष्ठा ढलेन, उनको आस्था ढलेन । झन् उच्चतर भयो । आस्था ढल्दैन गोलीले, निष्ठा ढल्दैन बम-बारूदले, विचार सुक्दैन हत्याहिंसाले । पुजिए महात्मा तर गोडसे पुजिएन । गोली हान्नेहरू होइन, निष्ठाका लागि छातीमा गोली थाप्नेहरू पूज्य हुन्छन् । कहाँ गए जुद्ध शमशेर ? शुक्रराज शास्त्री हाम्रो छातीमा छन् । नरशमशेर राणा कहाँ छन् गोली हान्ने ? गोली थाप्ने गंगालाल नेपाली जनका मनमनमा छन् ।

दुःखसित डराउँछन् मान्छेहरू । दुःखले मान्छेलाई महान् बनाउँछ । दुःखका निरन्तर प्रहारले मान्छेलाई इस्पात बनाउँछ । दुःखैका बन्छन् रोचक कथाहरू । दुःख नपाई को महापुरुष बनेको छ ? सुखी मान्छेका कथा लेखिन्नन्, लेखिए पढिन्नन् । कसले पढ्छ सुखी मान्छेका उकाली-ओराली नभएका सपाट जीवनका कथाहरू । राम वनवास जान नपरेको भए सीता हरिन्नथिन् र रामरावणको युद्ध पनि हुन्नथ्यो, सम्भवतः रामायण पनि लेखिन्नथ्यो । भोगले, लोभले, क्रोधले, कामले, रागद्वेषले मान्छे ठूलो हुँदैन । त्यागले, परोपकारले, संयमले, धैर्यले मान्छे ठूलो हुन्छ । कमल हिलामा फुल्छ । महापुरुष पनि दुःख, संकट र विपत्तिहरूबीच प्रकट हुन्छ । त्यागीका गाइन्छन् गाथा । जीसस क्राइष्ट क्रसमा टाँगिएर विश्वका ज्योति बने । विषपान गरेर सुकरात विश्ववन्द्य बनें । श्रीकृष्ण बन्दीगृहमा जन्मेर भगवान् बने । राज्याभिषेक हुने बेलामा वनवासको दण्ड भोगेर राम पुरुषोत्तम बनें, आदर्शपुरुष बनें । राजगद्दी त्यागेर भिक्षु बनेका सिद्धार्थ बुद्ध

बनें । संसारमा 'म खाऊँ मै लाऊँ' भन्ने कति भोगीहरू पचेर गए, कति धनवान्हरू आफ्नो वैभव छोडेर बिलाए । न तिनका भोगाशा शान्त भए न तिनका भोगका कथा बने, न तिनीहरू पूज्य बनें । त्यागीहरू भने नक्षत्र झैं चंकिए इतिहासमा । तिनीहरू ठूला मान्छे भए । संसारले कति सुनको पलङ्मा सुत्ने महाराजा, नेता, सेंठ र धनवान्हरूलाई भुलिसक्यो । तिनको नामोनिशान छैन इतिहासमा तर कंगाल रूसो, देवकोटा र प्रेमचन्दहरू आफ्ना कृतिमा अजरामर छन् । मान्छे जसले सुख पायो त्यो ठूलो होइन, परोपकारको लागि जो अघि सर्छ त्यही ठूलो हो । आफू सिंगारिने ठूलो होइन, अरूलाई सिंगार्ने ठूलो हो । उदरपूर्ति चरामूसाले पनि गर्छन् । आफ्नो सुख चाहने मान्छेको प्रवृत्तिमा सबै चल्छन् । आफूले दुःख पाएर पनि जो अर्काको सुखको निमित्त काम गर्छन् तिनै ठूला मान्छे हुन् ।

o–o

# पानी

म हुँ पानी । दुनियाँकी म हुँ रानी । म लक्ष्मीकी हुँ माता । सागरमा छ बास मेरो । मविना चल्न सक्दैन जीवनको सेरोफेरो । थलचर, जलचर, नभचर सारा, बाँच्न सक्दैनन् नपाई मेरो सहारा । मविना जगत् बन्छ मरू, जीवन बन्छ शुष्क तरू । म कल्पतरू हुँ धराकी । म झरें स्वर्गबाट स्वर्गङ्गा भएर । शिवले थामे मेरो वेग ।

म जल, म शीतल, म धवल । म प्राणाधार जगत्की । मलाई खोजेर रुन्छ काकाकुल, बनी व्याकुल ग्रीष्ममा । म नहुँदा जगत् मर्छ । मेरो कलकलमा जगत् जिउँछ । म स्वच्छ, पावन र निर्मल छु । मान्छेले मैलाउँछ मलाई । उल्टै धमिलो भन्छ मलाई । म ऊर्जा हुँ, बल हुँ, ज्योति हुँ । म बल्छु ज्योति बनेर घरघरै । म चलाउँछु यन्त्रहरू ऊर्जा बनेर । म ठोस भएर हिउँ बन्छु बाफ भएर बादल । घामसँग मितेरी लगाएर म बन्छु नौरंगे इन्द्रेनी । बादल बनेर कपास झैं म उड्छु सगरमा । सागरदेखि सगरसम्म बास छ मेरो । म जमें हिमालमा । त्यहाँ म विश्राम गर्न चाहन्थें, समाधिमा जम्न चाहन्थें, तप गर्न चाहन्थें । जगत्को करुणाले म पग्लें । लोकहितार्थ म बगें । फाँटहरू सिंचेर हरिया बनाएँ । जगत्को भोकप्यास मेटें । म गंगा, यमुना, सरस्वती, सिन्धु र गण्डकी बनेर धुन्छु मान्छेका कल्मषहरू । म नाइल, अम्याजन, मिसिसिपी, भोल्गा, ह्वाङ्हो र इरावती बनेर सिंगार्छु मैदानहरू । म मानसरोवरमा थकाइ मार्छु ।

त्यहाँ म हाँसहरूसँग खेल्छु । कैलाशलाई छातीमा राख्छु । म रारामा चन्द्रमालाई काखमा सुताउँछु । म फेवामा माछापुच्छ्रे सजाउँछु । म बादल बनेर सगरमा सयर गर्छु । बतासिसत म हिड्छु । म मादल बजाएर नाच्छु बिजुलीसँग, चपल, चञ्चल, उज्ज्वल बिजुलीसँग । म स्वच्छ, निर्मल, शीतल बूँद भएर झर्छु धरतीमा । म झर्दा माटोमा महक आउँछ, जीवन लहराउँछ । म सकिन्छु आफै । आफू सकिएर लोकहितमा म छरिन्छु प्राणीमा, वनस्पतिमा, माटोमा । गतिको प्रेरणाले म बगें । धर्तीका विभेद, अन्याय र पन्पक्ष देखेर म गर्जें । संसार अँध्यारो देखेर म चम्कें । जीवनका अनन्त दुःख देखेर म रोएँ । पृथ्वीका सौन्दर्य देखेर म इन्द्रेणी बनेर चम्कें । म शितबिन्दु बनेर टल्कें । मान्छेका बैंस देखेर मलाई रहर लाग्यो । म किशोरी झैं चपल झर्ना बनेर उफ्रें, गाएँ, किलकारी भर्दै हाँसे । म इन्द्रेनी बनेर घामपानीमा नववधू झैं मुस्काएँ । कविहरूले गाए मेरो सौन्दर्यगान ।

म हुँ जीवनजल । म स्रोत हुँ सत्यकी, शिवकी र सौन्दर्यकी । ममा घोलिन्छन् रसहरू, रंगहरू, रूपहरू । म शुद्ध छु, पवित्र छु, निर्मल छु । म शीतल छु, संसारको तापले तात्छु । म निर्मल छु संसारको मलले मैलिन्छु । मैले नै बनाउँछु धरतीलाई शश्यश्यामला । शुष्क मरूभूमिमा मैले नै सजाउँछु मरूद्यानहरू ।

म कोमल, म स्निग्ध, म भयंकर, प्रलयकी हुँ म कारण । म अमितबलशालिनी बाढी बनेर खैलाबैला मच्चाउँछु । सुनामी बनेर डुबाउँछु टापुहरू । कसले नाप्छ मेरो शक्ति ? झञ्झावात बनेर काँप्छु म । आँधी, हुरी र तूफान बनेर नाच्छु म । पेटमा आगो छ मेरो-वडवानल । म हुँ आगाकी जननी ।

o–o

# दृश्य/अदृश्य

म त अदृश्यमा विश्वास गर्छु । म अदृश्यलाई पुज्छु । म अदृश्य चैतन्यबाट परिचालित छु । मेरो मन अदृश्य छ, उसैले मेरो यस स्थूल कायालाई कजाउँछ, डोराउँछ, चराउँछ । आश्चर्य छ देखिने डोरिन्छन् नदेखिनेले डोराउँछ, देखिने कजिन्छ नदेखिनेले कजाउँछ, देखिने चर्छ, नदेखिनेले चराउँछ । जड देखिन्छ, चैतन्य देखिन्न । शरीर देखिन्छ, प्राण देखिन्न । कार्य देखिन्छ, कारण देखिन्न । विनाशशील देखिन्छ, अविनाशी देखिन्न । फूलहरू फुलेको देख्छौं, तिनमा रूप, रङ्ग र गन्ध भर्नेलाई देख्दैनौं । फलहरू फलेको देख्छौं, तिनमा रस र स्वाद भर्ने कारिगरलाई देख्दैनौं । दुर्दमनीय कामवासनाको वशीभूत हुन्छौं, कामदेवलाई देख्दैनौं । भूकम्पको त्रासदी भोग्छौं तर भूकम्पलाई देख्दैनौं । जादूमय छ यो जगत् । जादूमय जगत्को जादूगरलाई हामी देख्दैनौं, चिन्दैनौं, जान्दैनौं ।

देखिनेभन्दा नदेखिने शक्तिशाली छन् जगत्मा । हामी वस्तु देख्छौं परमाणु देख्दैनौं । हामी चलेको देख्छौं, चलाउने ऊर्जालाई देख्दैनौं । यहाँ अदृश्यले दृश्यलाई चलाउँछ । सूक्ष्मले स्थूललाई नचाउँछ । जसले बनाउँछन् ती देखिन्नन्, जो बन्छन् ती देखिन्छन् । कारणहरू सूक्ष्म हुन्छन्, कार्यहरू स्थूल हुन्छन् । अज्ञानीहरू केवल स्थूल देख्छन्, ज्ञानीहरू सूक्ष्मको अन्वेषण गर्छन् । कारणतत्त्व र बीजतत्त्व सूक्ष्म हुन्छन् । वनस्पति र प्राणीका उत्पत्तिका कारण सूक्ष्म बीजाणु

हुन् । बीजाणुबाटै तिनका, गुण र आयु प्रकट हुन्छन् । अदृश्य र सूक्ष्मको अन्वेषणमै ज्ञानविज्ञान छ ।

मान्छेको स्थूल शरीरका धारक, सञ्चालक र नियन्ता प्राण, मन र आत्मा हुन् । मान्छे हाडमासुको दृश्य पिण्डमात्र होइन । मान्छे अदृश्य आत्मा हो, मन हो, प्राण हो, विचार हो र भावपुञ्ज हो । शरीर साधनमात्र हो अदृश्य चैतन्यको । यस जडलाई चैतन्य सम्झेर हामी भ्रमित छौं । इन्द्रिय, मन र आत्मासँगको साहचर्य छँदासम्म जीवन हुन्छ शरीरको । साहचर्य सकिएपछि मरण हुन्छ । यस्तो प्रिय, कर्मकर शरीर प्राणले छोडेपछि व्यर्थ र बेकम्मा हुन्छ । माटोमा पुर्नुपर्छ वा पोलेर खरानी पार्नुपर्छ यसलाई । यो शरीर आत्माको अस्थायी घर हो । पोशाकमात्र हो यो चैतन्यको । डेरा हो यो मन र प्राणको । हाडछालाको यो पिञ्जराभित्र चैतन्यपंक्षीको निवास हुन्जेल यो व्यक्ति हो, व्यक्तित्व हो अन्यथा यो खण्डहर हो ।

म आफै अदृश्य छु । मभित्रको अदृश्य सत्ता नित्य छ, शाश्वत छ, चैतन्य छ, निर्विकार छ । म आत्मा हुँ परमात्मासँग अभेद्य र अद्वैत । म अंश हुँ परमात्मा अंशी हो मेरो । म अङ्ग हुँ परमात्मा अङ्गी हो मेरो । म प्रत्यय हुँ परमात्मा प्रकृति हो मेरो । म आधेय हुँ परमात्मा आधार हो मेरो । म निरर्थक छु परमात्माविना । परमात्मा आकाश हो, म घैटाभित्रको आकाशखण्ड । म शरीर होइन, शरीर मेरो हो । यो शरीर, यी अङ्गप्रत्यङ्गहरू म होइनन्, मेरा हुन् । म त अदृश्य छु, निराकार छु । देखिने, छोइने, नाशिने म होइन, मेरो शरीर हो । म शून्यबाट बनें, म शून्य हुँ र शून्यमै बिलाउँछु । पानीका फोका झैं पानीमा । शून्य मेरो परमात्मामा म तल्लय हुन्छु, पानीमा पानी झैं, वायुमा वायु झैं, आकाशमा आकाश झैं । खुट्टा बजार्दै, हात हल्लाउँदै हिड्ने मेरो शरीर, हाँस्ने, रुने, सुँघ्ने, सुन्ने, छुने मेरा इन्द्रियहरू देखिन्छन् तर म देखिन्न । विद्युत्को तार देखिन्छ तर ऊर्जा देखिन्न । मान्छेको आत्मा त्यस्तै ऊर्जा त हो नि ।

जगत् सूक्ष्म र अदृश्य ऊर्जाबाट सञ्चालित छ । हामी पृथ्वीलाई जड भन्छौं । यसभित्र ऊर्जाको अक्षय भण्डार छ । सूक्ष्म एकाईमा सबै पदार्थहरू परमाणुमय छन्, सबै प्राणी र वनस्पतिहरू बीजमय छन्, कोशमय छन् । पीपलको बीजबाट पीपल उत्पन्न हुन्छ, तुलसीको बीजबाट तुलसी उत्पन्न हुन्छ, मान्छेको बीजबाट मान्छे उत्पन्न हुन्छ, बानरको बीजबाट बानर उत्पन्न हुन्छ । सृष्टिक्रम विस्मयकारी रूपमा व्यवस्थित छ । आत्माझैं तत्त्वहरू पनि अविनाशी हुन्छन् । रूप फेरिन्छन्, नाम फेरिन्छन्, काम फेरिन्छन्, तत्त्व फेरिन्न । सबै वस्तुको पुनर्जन्म सम्भव छ रूपान्तरणमा । तत्त्व नित्य छन्, रूप अनित्य छन् ।

वासनाहरू अदृश्य छन्, असत्य छैनन् । भावना र विचारहरू असत्य छैनन्, दृश्य जगत्मा तिनले हलचल उत्पन्न गर्छन् । अनुभूति र कल्पनाहरू अदृश्य छन् तर प्रबल छन् । क्रोध अदृश्य भएर जगत् जलाउँछ । प्रेम अदृश्य भएर जगत् भिजाउँछ । अदृश्य ऊर्जाविना दृश्य निर्जीव छ । सूक्ष्मशक्ति नभई स्थूल पिण्ड गतिहीन छ । दृश्य स्थूल हुन्छ, द्रष्टा सूक्ष्म हुन्छ । अदृश्य भूकम्पको प्रलय हामी देख्छौं । सूक्ष्म वायुको वेग हामी अनुभव गर्छौं । मान्छेको चेतना जादूमय छ । गहिरिएर हेर्दा यो जगत्, यो सकल सृष्टि नै जादूमय छ । हामी अदृश्यको बोध गर्छौ चेतनाले, अनुमानले, कल्पनाले । हामी मान्छे शरीरले चलेको देख्छौं आँखाले । यथार्थमा मान्छे शरीरले चल्दैन । मृत शरीर किन चल्दैन ? मृत शरीरलाई किन दुख्दैन ? मान्छे प्राणबाट चल्छ, मनबाट चल्छ । प्राण ऊर्जा हो शरीरको । मन भोक्ता हो सुख-दुःखको । बस चलेको देख्छौं । बसको बोडीले बस चल्दैन, बस इन्जिनले चल्छ, इन्जिन ऊर्जाले चल्छ । स्थूलदर्शी सबै हुन्छन् । सूक्ष्मदर्शी नै तत्त्वदर्शी हुन्छन् । जसले अदृश्य सत्ता अनुभव गर्छ त्यही ज्ञानी हो । जे देखिन्नन् ती छैनन् भन्नु मूर्खता हो बरू नदेखिने शक्तिहरू देखिनेभन्दा शक्तिशाली छन् र महत्त्वपूर्ण छन् । विचारवान्हरू मान्छेभित्र रहेको मन देख्छन्, प्राण देख्छन् र आत्माको अनुभव गर्छन् । विचारवान्हरू अणुमय बीजभित्र वृक्ष देख्छन्, सृष्टिका रहस्य बुझ्छन्, परमाणुमा विश्व देख्छन्, शरीरभित्र आत्मा देख्छन्, शून्यमा शक्ति देख्छन् । ढुंगामूढा गनेर, देखिनेबाहेक केही छैन भन्ने मूढधीहरूले यो जगत् र जगत्को जादूमय रहस्य बुझ्दैनन् ।

o–o

# नूतन/पुरातन

हिजोलाई पुरातन भन्छौं हामीले र आजलाई नूतन । प्रत्येक आज भोलिमा बदलिदै जानु समयको नियम हो । भोलिले आजलाई पुरातन भन्ला । संसार समयगतिसँगै सर्दै जान्छ । सबै पुरातन पूर्व नूतन हुन् र सबै नूतन हुनेवाला पुरातन हुन् । सर्दै जाने संसारमा स्थिर र अटल केही छैन, सूर्य, चन्द्र, पृथ्वी सबै सर्छन् आ-आफ्नो गतिमा । प्रतिक्षण इतिहास बन्ने समयको दौडमा सबै पुरातन हुन्छन् । समय पछि नहेरेर कुँद्छ तर हामीले पछि पनि हेर्नुपर्छ । कालको गति नबुझ्ने अबुझहरूलाई लाग्दो हो यस संसारमा एक ममात्र नूतन हुँ अरू जम्मै हुन् पुरातन । वर्तमान अतिशय छोटो छ । हामी आयौं भूतबाट । आगतको यात्रामा हामी निस्केका छौं । हामी प्रतिक्षण भूत हुन्छौं, हामी प्रतिपल पुरातन हुन्छौं ।

हामी मान्छे हौं । हामी शरीरले मात्र बाँच्दैनौं मनले पनि बाँच्छौं, मस्तिष्कले पनि बाँच्छौं, कीर्तिले पनि बाँच्छौं, प्रीतिले पनि बाँच्छौं । हामीलाई वर्तमानले मात्र पुग्दैन, अलिकति विगत साँच्छौं, अलिकति आगत चियाउँछौं । विगत हाम्रो इतिहास हो, वर्तमान हाम्रो जीवन हो, आगत हाम्रो आशा हो । विगतका मधुर यादहरू सम्झेर, आगतका मधुर आशाहरू संगालेर हामी वर्तमानको तितोलाई भुल्छौं । यथार्थ त वर्तमान नै हो । समस्याले चाँपेको वर्तमानका भुक्तमानहरू सहने सामर्थ्य विगत र आगतका स्मृति र आशाले दिन्छन् । जीवन मृगमरीचिका

न हो । हिजोलाई आजले भुल्यो भने भोलिलाई पर्सिले भुल्नेछ । को रह्यो र सधै ? कसका वैभवहरू चिरस्थायी बने र ? कसका शक्ति र सत्ता सधै रहे र ? रहने इतिहास हो, संस्कृति हो, कथा हो । कीर्ति हुन् रहने, स्मृति हुन् शेष रहने । मान्छे त माटो हुन्छ युग नबित्दै । कसले हेर्छ चिहान खोस्रेर ? विगतको भव्यता र आगतको नव्यता-सम्झेर-कल्पेर बाँच्नुपर्छ मान्छेले तितो रुखो वर्तमानमा ।

कसैले भन्छन्-उहिलेका कुरा खुइलिए । पुराना कुरा सम्झेर अब काम चल्दैन । तर म भन्छु उहिलेका कुरा खुइलिएका छैनन् बरू हामी खुइलिएका छौं वा खुइलिदै छौं प्रतिपल कालको मुखतिर धकेलिंदै छौं । मान्छेको इतिहास खुइलिन्न । उहिलेको पृथ्वी हो, आज बनेको होइन । जसमाथि हामी बाँच्छौं, मर्छौं । हाम्रो सृष्टि, स्थिति र लय यहीं हुन्छ । हाम्रो जन्मस्थान र चिहान यहीं हो । हामी उफ्रेर मंगल पुगे पनि हाम्रो वासस्थान यहीं हो । के हाम्रो वासस्थान खुइलियो ? के हाम्रो पितापुर्खादेखिको यो कर्मभूमि विलीन भयो ? के पृथ्वीले प्राणीलाई अन्न, जल, फलफूल दिन छाडिन् ? कसरी पुरातन, बेकम्मा भएर खुइलिइन् त पृथ्वी ? उहिलेको हो वायु अहिलेका मान्छेले बनाएका होइनन् । उहिलेकै हावामा सास फेर्छन् क्रान्तिकारी आधुनिकहरू पनि । उहिलेकै पानीले जीवन धानिएको छ हाम्रो । यी हिमाल, यी पहाड, मान्छेले उठाएका हुन् र ? यी मैदान मान्छेले सम्याएका हुन् र ? यी खोलानाला र सागरहरू मान्छेले खनेका हुन् र ? यी चन्द्र, सूर्य, ताराहरू आज बनेका हुन् र ? यी सब पुरातन हुन् । नूतन केही छैनन् । जुन धर्तीमा हामी बामे सर्‍यौं त्यो हामी नजन्मदै थियो । जुन आकाशमा हामीले सास फेर्‍यौं । त्यो हामी नजन्मदै थियो । मान्छेले नयाँ पृथ्वी, नयाँ आकाश, नयाँ वायु लिएर यहाँ आएको होइन र लिएर पनि जान्न । उहिलेको केही पनि खुइलिएको छैन । बरू हाम्रो बुद्धि खुइलिएको छ, विवेक खुइलिएको छ ।

विगतका जम्मै भव्यता, सभ्यता र संस्कृति हराइदिने हो भने हामी बुंगा हुन्छौं, बर्बर हुन्छौं । पुर्खाले हामीलाई भाषा दिए । भाषा नूतन होइन, पुरातन परम्परा हो । हाम्रो वाणी हामीले बनाएको होइन । अग्रजबाट सिक्यौं हामीले भाषा । भाषा नभए हामी बाँदर भैं हुन्थ्यौं सभ्यता र संस्कृति नभएका । भाषामै उनिएर आएका हुन्-सभ्यता, संस्कृति, कला कौशल र ज्ञानविज्ञानहरू । हामीले ज्ञानविज्ञान, संस्कृति, कलाकौशलको विराट् विरासत पाएका छौं अतीतबाट । हिंजोले सिकाउँछ सभ्यताको पाठ आजलाई । हिजोलाई लत्याएर कोही सभ्य बन्न सक्दैन आज । आजको सभ्यता हिंजोको जगमा उभिएको छ । सभ्यता र संस्कृति परम्परागत हुन्छन् । परम्पराबाट विकृति पनि आउँछन् । निफनेर फाल्नुपर्छ विकृतिलाई भूस भैं । स्याहार गरेर राख्नुपर्छ सस्कृतिलाई चामल भैं ।

सभ्यतामा थपिने नूतन आयामहरूलाई स्वागत पनि गर्नुपर्छ । बेकम्मा भएका प्रचलनहरूलाई बिदाइ पनि गर्नुपर्छ । प्रत्येक पिंढीमा परिवर्तन हुन्छ, त्यो युग धर्म हो । त्यसलाई आत्मसात् गर्नुपर्छ । गुणलाई ग्रहण गर्ने गुणग्राही बन्नुपर्छ मान्छे । अवगुणसितै गुणलाई हुर्‍याउने प्रवृत्तिले हामीलाई समृद्ध र समुन्नत बनाउँदैन ।

मानवसृष्टिको प्रारम्भमा मान्छे नाङ्गै थियो । ढुंगाका हतियार बोकेर वन-वनमा भौंतारिन्थ्यो । उसँग कपडा थिएन, भाषा थिएन, सभ्यता थिएन, संस्कृति थिएन, ज्ञानविज्ञान थिएन, कलाकौशल थिएन, आचारविचारको नैतिकता थिएन । यी जम्मै मान्छेले आर्जेको हो पछिबाट । आजसम्मका उपलब्धिहरू पनि पूर्ण होइनन् । पछि थपिदै जालान् उपलब्धिहरू । नूतनताको नाममा पुरातन धरोहरहरू भत्काउने होइन । हो विकृतिहरू राख्ने होइन । आफ्नै शरीरको पनि मल फाल्नुपर्छ । सतीप्रथा थियो, हरायो । दासप्रथा थियो, हरायो । छुवाछूत प्रथा छ नराम्रो, त्यो पनि हराएर जानेछ । कुविचार, कुप्रथा, संकीर्णता हराएर जानेछन् सबै । संस्कृति, सभ्यता, उदारता जोगाएर राख्नुपर्छ सबै । पुरानो हो भनेर सुन फाल्नु हुँदैन, नयाँ हो भनेर कसिंगर राख्नु पनि हुँदैन ।

हामीले विगतबाट धेरै राम्रा उपहार पाएका छौं । चीनको ग्रेटवाल, भारतको ताजमहल, मिश्रका पिरामिडहरू सबै हिजोका उपहार हुन् आजलाई । होमर, भर्जिल, वाल्मीकि, व्यास, कालिदास, गेटे, दाँते, टाल्सटाय, गोर्की, प्रेमचन्द, सम, लेखनाथ र देवकोटाजस्ता स्रस्टाहरूका कालजयी सृजनाहरू उपहारस्वरूप पाएका छौं हामीले हिंजोबाट । सुकरात, अरस्तु, चाणक्य, कपिल, पतञ्जलि, बुद्ध, रूसो, मार्क्स र गान्धीका विचारहरू के हामीलाई विगतले दिएका सम्पत्ति होइनन् ? भिन्ची, मार्कोनी, एडिसन, न्यूटन र आइन्स्टाइनका आविष्कारहरू के आजको हाम्रो सभ्यताका आधार होइनन् ? के सम्पूर्ण मानवसभ्यता आज एक दिनमा प्रकट भएको हो ? हाम्रो विगत भव्य छ । यस्तो विगतलाई बोक्रे बुद्धि र संकीर्ण दृष्टिले तिरष्कार गर्नु के कृतघ्नता होइन ? कृतघ्नताको उपचार कहाँ छ ?

होड चलेको छ अहिले नयाँ नेपाल बनाउने । बनाएर बन्ने होइनन् नयाँ र पुराना । समयक्रममा बन्छन् सबै नयाँ र पुराना पनि । सबैका आउँछन् बैंस । बाँचे बन्छन् सबै बूढा । नयाँ नेपालमा पनि पुराना चलन छन् धेरै । खुट्टाले टेकेर हिड्छन् सबै । आँखाले हेर्ने, कानले सुन्ने, मुखले बोल्ने पुरानै चलन छ । फेरिएको देखिन्न कतै । उनै पहाड, उनै हिमाल, उनै तराई, उनै नदीनाला, उनै लेकबेंसी । म त उस्तै देख्छु नयाँ नेपाललाई । दृष्टिभ्रम भएको हो कि मलाई । हो परिवर्तन भएको छ । हो क्रान्ति भएको छ । सिंहदरबारमा बस्ने मान्छेका अनुहारहरू फेरिएका छन् । कुर्ची, पलङ्, टेबुलहरू फेरिएका छन्, कार्पेट

फेरिएको छ । बानी फेरिएका छैनन् । नागनाथका ठाउँमा सर्पनथ बसेका छन् । बोतल फेरिएको छ, रक्सी उही हो । बोत्रो फेरिएको छ गुदी उही हो । मान्छे फेरिएका छन् प्रवृत्ति उही हो ।

भोकहरू घटेनन्, बढें । भ्रष्टाचार हटेनन्, डटे । घोषणा, भाषण, गोष्ठीबाट उदायो नयाँ नेपाल । बोलीमा नूतनता आयो, व्यवहार पुरातन छ । कतै भुखमरीले मान्छे मरे, कतै दिनहुँ भोज भए । गरीबी हटाउन यानहरू उडे आकाशमा । गरीबी आकाशबाट देखिएन । भ्रष्टाचार माथिबाट देखिएन । विमानमा उड्नेहरूका गरीबी हटे । पृथ्वीबाट विमान उडेको हेर्नेहरूका गरीबी बढे । भोकको खेती गरेर भोग जुटाउने नूतन चलन छ नयाँ नेपालमा । खित्का छाडेर हाँसे किताबमा सिद्धान्तहरू ।

o–o

# क्रान्ति

संसारमा प्रत्येक क्षण क्रान्ति भइरहेछ । क्रान्ति संसारको रीति हो, नीति हो । संसार प्रतिपल सरिरहेछ, बदलिइरहेछ । बदलिनु क्रान्ति हो । बीज उम्रिन्छ, हुर्कन्छ, फुल्छ, फल्छ र मर्छ । मान्छे जन्मन्छ, हुर्कन्छ र मर्छ । यिनै त हुन् परिवर्तन वा क्रान्तिहरू । संवत्सर बदलिन्छन्, ऋतु बदलिन्छन्, मास बदलिन्छन् र पक्ष बदलिन्छन् । प्रत्येक महिनामा संक्रान्ति आउँछ । हिजो शरद् थियो, आज हेमन्त आयो । अलि अघि उज्यालो दिन थियो, अहिले अँध्यारो रात आयो । केही वर्ष पहिले कालो कपाल थियो, अहिले सेतै भयो कपास झैं । अँस्तिसम्म स्याउजस्तै पोटिला गाला थिए, अहिले तिनमा चाउरी देखिए । हिंजोका गुच्चा खेल्ने फुच्चाहरू आज समाज हाँक्ने अगुवा भए । हिजो बाँदर हिड्न नसक्ने भीरमा आज मोटर दगुऱ्यो । हिजो दियालो, राँको बालेर बस्नेहरू बिजुली बत्ती बाल्ने भए । हिंजो चप्पल पड्काउँदै धुले बाटोमा हिड्नेहरू आज पजेरो र हेलिकप्टरमा सयर गर्ने भए । के यो परिवर्तन होइन ?

क्रान्तिकारी समय हो । रातपछि प्रभात आउँछ । समयकै निर्देशमा चल्छन् सबै । प्रत्येक दिन प्रारम्भ हुन्छ सूर्योदयबाट । प्रत्येक सूर्योदय एउटा क्रान्ति हो, प्रत्येक सूर्यास्त एउटा क्रान्ति हो । क्रान्ति कालको गतिसितै हुन्छ । नित्य गतिमान् छ संसार । घडीको टिक्टिक्सितै दगुरिरहेछ समय । समयको गतिसितै बदलिइरहेछ संसार । संसारसँगै बदलिइरहेछन् व्यक्तिहरू, वस्तुहरू, विचारहरू ।

प्रत्येक पुस्तासँगै क्रान्ति भइरहेछ । समय क्रान्तिकारी छ पर्खनुपर्छ, छताछुल्ल भएर पोखिन्छ क्रान्ति, डाँडाभरि, पाखाभरि, मैदानभरि र मनभरि पनि । प्रतिगमन हुँदै हुन्न जगत्मा । प्रत्येक पिंढीले स्वागत गर्छ क्रान्तिलाई । क्रान्ति भनेर भ्रान्ति बोकिरहेछन् भ्रान्तहरू । मान्छे चिच्याउँछ क्रान्ति ल्याउन । नारा लगाउँछ इन्कलाब जिन्दावाद भनेर । समय न आई क्रान्ति हुन्न । क्रान्ति आएपछि रोकिन्न । क्रान्ति त हुरी झैं, बाढी झैं, तूफान झैं, झरी झैं आउँछ ।

रक्तपात क्रान्ति होइन । विध्वंस क्रान्ति होइन । कलह क्रान्ति होइन । कसैलाई मार्नु क्रान्ति होइन । नमारे पनि मर्छन् समय आएपछि सबै । मार्नु क्रान्ति हुने भए दैवी आपत्ति, हैजा, रोगहरू क्रान्तिकारी मानिन्थे । हत्याराहरू पनि मर्छन् समय आएपछि । बाघ पनि मर्छन्, हरिण पनि मर्छन् । परेवा पनि मर्छन्, बाज पनि मर्छन् । नारा, जुलुस, झण्डा, लौरो, बन्दूक, खुकुरी सम्झन्छौं हामीले क्रान्ति भनेपछि । त्रासदी रक्तपात, मृत्यु, लुटपाट होइन क्रान्ति । जनता झुक्याएर आफ्नो दुनो सोझ्याउने चतुरहरूको मेसो पनि होइन क्रान्ति । क्रान्ति पात झर्नुमात्र होइन, पात पलाउनु पनि हो । क्रान्ति फूल ओइलाउनु मात्र होइन, फल लाग्नु पनि  हो । के कोइलीको मधुर गुञ्जन क्रान्तिको सन्देश होइन ? त्यो गुञ्जन के वसन्तको स्वागतगान होइन ? क्रान्ति एउटा युगान्त हो विचार र प्रविधिको । क्रान्ति एउटा निशान्त हो सुप्रभातको संकेत । क्रान्ति एउटा युगारम्भ हो नूतन सोंच र निर्माणको ।

प्रत्येक नूतन पुरातन बन्दै जाने यस संसारमा स्थिर केही छैन । युग बदलिन्छन् । मान्छे बदलिन्छन् । विचार बदलिन्छन् । विधि बदलिन्छन् । प्रविधि बदलिन्छन् । भाषा बदलिन्छन् । भेष बदलिन्छन् । संसारमा कसैका सधै न सत्ता टिक्छन् न वैभव टिक्छन् न शरीर नै टिक्छन् । मात्रात्मक परिवर्तन त प्रतिपल भइरहेको हुन्छ । समय-समयमा गुणात्मक परिवर्तन हुन्छ । परिवर्तन जीवन हो । हरेक जीवितहरू फेरिन्छन् । घुचेटेर युगको परिवर्तन हुँदैन र अँठ्याएर परिवर्तन रोकिन्न पनि । एउटा बिन्दुमा इतिहास रोकिन्न । क्रान्ति रोकिन्न । क्रान्ति सत्य हो स्वीकार गर्नुपर्छ । क्रान्तिमा समाहित हुनुपर्छ सबै ।

विचार बीज हो क्रान्तिको, छर्नुपर्छ । प्रविधि बोट हो क्रान्तिको, हुर्काउनुपर्छ । क्रान्ति फूल हो, युगको सौन्दर्य । क्षण-क्षणमा प्रकट हुने नूतनतामा सौन्दर्य छ । स्थितिमा होइन, गतिमा सौन्दर्य छ । परिवर्तनमा सौन्दर्य छ । क्षणक्षणमा जीवन छ, आनन्द छ । सत्तालिप्साको प्रलाप क्रान्ति होइन । क्रोध, लोभ र मात्सर्यको झोंक पनि क्रान्ति होइन । राग, द्वेष र हिंसाका सोपान चढेर क्रान्तिको लक्ष्य छाम्न सकिन्न । बकम्फुस भाषणहरूबाट युगपरिवर्तन हुँदैन । चौपारी भत्काउनेलाई होइन, बनाउनेलाई क्रान्तिकारी भनिन्छ । क्रान्ति विध्वंस होइन, नवनिर्माण हो, अन्वेषण हो, नवसृजन हो । जसले नवयुगको ढुकढुकी छाम्छ

त्यही क्रान्तिकारी हो । विचार र प्रविधिले ल्याउँछन् क्रान्ति । क्रान्ति युगधर्म हो । प्रविधिमा क्रान्तिको अनुसरण सबैले गर्छन् । हाम्रा पुर्खाहरू पुल नहुँदा खोलो तर्थे । पुल बनेपछि खोलोमा पस्नु पर्दैन । लोभीपापीहरू क्रान्तिकारी होइनन् । मान्छेका दुःखनिवारणको लागि भिक्षु बन्ने गौतम बुद्ध क्रान्तिकारी हुन् । सत्यका लागि क्रसमा टाँगिने क्राइष्ट क्रान्तिकारी हुन् । सुकरात, रूसो, डार्विन, फ्रायड र मार्क्स जसले नयाँ विचार ल्याए ती क्रान्तिकारी हुन् । वैज्ञानिक अन्वेषणले जगत्मा परिवर्तन ल्याउँछ सबै वैज्ञानिकहरू क्रान्तिकारी हुन् । रगत्को खोलो त सिकन्दर, चंगेजखान, तैमुर लङ्ले पनि बगाएथे । रगत्को होली त हिट्लर, बोकासा र पोलपोटले पनि खेलेथे । जगत्मा लोभ उरालेर, क्रोध दन्क्याएर ईर्ष्या फिंजाएर क्रान्ति हुँदैन । किनभने क्रान्ति नवयुगको द्वार हो, चैतन्य हो, सद्भाव हो, क्षमा हो, दया हो, खोज हो, त्याग हो र सत्य हो ।

o–o

# धन

धनकै वशमा वशीभूत छ संसार । अर्थ एकमात्र पुरुषार्थ हो मान्छेको । अर्थविना व्यर्थ छन् अरू पुरुषार्थहरू । निस्सार छन् नैतिक गुणहरू । निरर्थक छन्-संयम, त्याग र सदाचारका बकम्फुस बातहरू । बेकम्मा छन्-आदर्श, निष्ठा र सिद्धान्तका कुराहरू । धनकै सहचरी छ बुद्धि पनि । बिकाउ छन्-इमान, न्याय, विद्या र धर्म पनि यस वणिक् युगमा । मानवीय गुणहरू, भावनाहरू, सृजनशील प्रतिभाहरू, बलिदान र देशप्रेमका भावनाहरू र कला सबै रंगहीन भएर पूँजीको वशमा छन् । यस युगमा पूँजीदेवीको पूजा हुन्छ केवल । लक्ष्मीको युग छ । सरस्वती मूर्च्छित छन् कलिमा । धनभन्दा पर केही छैन अरू । त्यसैले त जीवनको ध्येय धनार्जन मानेर चल्छन्-युग बुझ्केका चंखहरू । सौदामा चल्छन् सबै कुरा यस युगमा । सबै पण्य छन् । समाज भनेको सौदागरहरूको भीड हो-जहाँ लेनदेन मात्र हुन्छ । यौवन बिक्छ बजारमा चामल झैं । न्यायनिसाफ बिक्छ-सुनचाँदीको भाउमा । शिक्षा बिक्छ जोखेर तुलामा, चाहेजति । इमान बिक्छ-कौडीमा, ज्यादै सस्तो छ यस युगमा इमान । प्रेम, धर्म, बन्धुत्व, परोपकार, सद्भाव सब बिकाउ छन् । सत्यमात्र खोटो मोहोरजस्तै चल्दैन यहाँ ।

धनकै धन्दामा धद्दाउँछन् जोगी, बैरागी र साधुसन्तहरू । धनविना भोजन बन्दैन, भोजनविना भजन चल्दैन । भोको पेटले न एकतारेमा राग आउँछ न कठतालमा ताल । भजनविना देवता प्रसन्न हुन्नन् । धनकै अनुयायी छ धर्म पनि । '**धनाद् धर्म ततः सुखम्**' भन्छन् । धनबाट धर्म हुन्छ, धर्मबाट सुख हुन्छ ।

मतलब स्पष्ट छ-जससँग धन छैन, त्यसले दुःख पाउँछ । धनविना सम्पन्न हुन्नन् पूजा र अनुष्ठानहरू । धनविना प्रसन्न हुन्नन् देउपितृहरू । धनले नै बन्छन् मन्दिर र मूर्तिहरू । चन्दाको फन्दामा लर्बरिएका हुन्छन्-यज्ञहरू । यज्ञमा पैसा हाल्नुस्-धर्मात्माको प्रमाणपत्र लगेर टाँस्नुस् । धेरै पैसा दिनुस् बाजा बजाउनुस् । सन्त हुन् या महन्त, पादरी हुन् या मुल्ला सबै धनकुटुरीमा आँखा गाड्छन् । दक्षिणाविनाको यज्ञ मृतयज्ञ हुँन्छ भन्छन् पण्डितहरू । धनविना न तीर्थव्रत हुन्छ, न सदाव्रत । धन नभई न दान हुन्छ न मान । धनले धर्म हुन्छ, धर्मले धन हुन्छ । यसरी नै घुम्छन् धनधर्मका चक्रहरू ।

धनविना न विद्या हुन्छ न यश । विद्या र यश नगदमा बिक्री हुन्छन् बजारमा । धनाढ्यता नै कुलीनता हुन्छ । धनाढ्यता नै गुणवत्ता हुन्छ । धनाढ्यता नै नैतिकता र सभ्यता बन्छ यस युगमा । निर्धनको विद्वत्ता मजाक बन्छ । धनाढ्यको अनैतिकता नैतिकता बन्छ, असभ्यता सभ्यता बन्छ, व्यभिचार सदाचार बन्छ । भ्रष्टाचार पुरुषार्थ बन्छ । सच्चा कमाइको कुरा गर्नेलाई कमजोर मानिन्छ । सादा जीवन उच्च विचार भन्नेलाई छुचो भनिन्छ । जसरी भए पनि धन कमाउनुपर्छ । केवल धन चाहिन्छ । क्षम्य छन् धनार्जनका टेढामेढा बाटाहरू । धनमत्त माफिया र भ्रष्ट शिर ठाडो पारेर हिड्छन्, धाक, मान र शान छ बेइमानहरूको ।

सिद्धान्त र नीतिले चल्दैन राजनीति पनि यस पूँजीको राजमा । सिद्धान्त र वाद जे भने पनि व्यवहारमा धनवाद सर्वोपरि छ । पूँजीले चल्छ राजनीति । पूँजीका लागि चल्छ राजनीति । जसको पूँजी उसको राज, जसको राज उसको पूँजी । निर्धन जनताहरू नेताको पछि लाग्छन्-धनका लागि । राजनीति भोटले चल्छ लोकतन्त्रमा । भोट नोटले चल्छ । भोटले फेरि नोट फल्छ । राजनीति धन फल्ने कल्पवृक्ष हो गणतन्त्रमा । सिद्धान्त र नीतिका राजनीति भासमा डुबे, धनका राजनीति शिखर चुमिरहेछन् ।

धन भए बन्धु छन्, मित्र छन्, अनुयायी छन् । डढेको वनलाई मृगले छाडे झैं निर्धनलाई बन्धुले छाड्छन् । धनविना शून्य छन् दशै दिशा । धन भए भोजन छ, आवास छ, वाहन छ, सेवक छन्, बजार छ, मनोरञ्जन छ, प्रतिष्ठा छ । धनमै धाक छ, रबाफ छ । धनविना केवल ताप छ ।

सुनको जलपमा टल्किरहेछ नयाँ जमाना । क्यासिनो र डिस्कोमा हुर्किरहेछ नयाँ सभ्यता । पहिरन, आभूषण र आडम्बरमा चम्किरहेछ नयाँ संस्कृति । ढोंग र स्वाङ्मा जागिरहेछ नयाँ धर्म । यस युगमा अरूमा छैन सार । धन कमाऊ, खाऊ, पिऊ, मोज उडाऊ ।

०-०

# शङ्खे किरा, हुटिट्याउँ र माकुराहरू

शङ्खे किरा, हुटिट्याउँ, माकुरा र छेपाराहरू मेरो वरिपरि छन् । शङ्खे किरा कडा खोलभित्र सुरक्षित छन् । ती खोलभित्र जोगिएर प्रलयपछिसम्म बाँच्न चाहन्छन् । हुटिट्याउँहरू आकाश थाम्न बेला-कुबेला उत्तानो पर्छन् । माकुराहरू जाल बुन्नमै तल्लीन छन् । छेपाराहरू रङ्ग बदल्न खप्पिस छन् । म वरिपरि हेर्छु । मान्छे देख्दिनँ कतै । मेरो भाषा बुझ्दैनन् शङ्खे किराहरू । मेरो भावना बुझ्दैनन् हुटिट्याउँहरू । मेरो विचार बुझ्दैनन् माकुराहरू । मेरो वेदना बुझ्दैनन् यी छेपाराहरू । विचार साट्न सक्दिनँ म यिनीहरूसँग ।

यिनीहरूको भाषा मैले जानेको भए-म यिनीहरूलाई ग्यालिलियोको ज्योतिष पढाइदिन्थें, शङ्करको वेदान्त पढाइदिन्थें, कौटिल्यको अर्थशास्त्र बुझाइदिन्थें, डार्विन, फ्रायड, मार्क्स र रूसोका विचारहरू सिकाइदिन्थें । अलिकति विज्ञान र अलिकति वैराग्य भरिदिन्थें यिनको मनमस्तिष्कमा । शङ्खे किरा खोलभित्रै मर्छ । प्रलय नहुँदै उसको प्रलय हुन्छ । आकाश नखस्दै हुटिट्याउँको आकाश खस्छ । जाल बुन्दाबुन्दै माकुरालाई उसैका माउखाने छौंडाहरूले खान्छन् । छेपारोलाई अझै ठूलो छेपारोले निल्छ । संसार यसरी नै चल्छ यसरी नै ।

मलाई लाग्छ मान्छेले धेरै सिकेको छ-शङ्खे किरा, हुटिट्याउँ, माकुरा र छेपाराहरूबाट । मान्छेका मानौ गुरु हुन् ती तुच्छ जीवहरू दत्तात्रयका गुरुजस्तै । मौरीबाट धन संगाल्न सिके भैँ शङ्खे किराबाट घर बनाउन पो सिक्यो कि ? आफू सुरक्षित रहेर अरूको चिल्लीबिल्ली हेरेर रमाउन कसले सिकायो मान्छेलाई ? एउटी आमा भन्दैछ आफ्नो बच्चालाई-घामपानीमा छाता ओढेर हिड् बाबु ! भरीमा रुभौला, घाममा डढौला, ओजोन तह फाटेको छ, सूर्यकिरणको विषाक्त विकिरणमा परौला । कत्रो जग्जगी छ मान्छेको जीवनमा । जोगिंदा जोगिंदा पनि सकिंदै गएका पुर्खाहरूको श्राद्ध-तर्पण भइरहेछ । मसानघाटमा चिताबाट धुवाँ उडिरहेछ । शङ्खे किराको खोल मान्छेलाई काम लाग्छ मलामी जाँदा एकोहोरो बजाउन । मान्छेको खोल शङ्खे किरालाई काम लाग्दैन । न त काम लाग्छन्-यी कर्मकाण्ड, दूना, टपरी र जौ तिल । जन्मेपछि मर्न पर्छ भनेर घोकिरहने मान्छे किन शङ्खे किरा बन्न खोज्छ ? धन्यवाद दिन्छु । कस्तो पवित्र जीव हो जो मरेर पनि मन्दिरमा चढ्छ । कस्तो भाग्यशाली प्राणी हो जो निस्प्राण भईकन पनि उच्च घोष प्रकट गर्छ । शङ्ख एउटा तुच्छ किराको खोल-पाञ्चजन्य भएर भगवान् कृष्णको ओंठसित जोरिन्छ । घरका खोपा-खोपामा छन्-एक टुक्रा श्रीखण्ड, एक-दुई शालिग्राम, एउटा घण्ट र एउटा शङ्ख । स्वर्ग, वैकुण्ठ, शिवलोक, ब्रह्मलोक सबै ठाउँमा पुर्याउने यिनै हुन् साधन चतुष्टय । मेरो मुखबाट अकस्मात् निस्कन्छ-शङ्खे किरा ! मलाई नछोड् । म सचेत भएर भन्छु फेरि-श्रीखण्डलाई काठ नभन्नू, शालिग्रामलाई ढुङ्गा नभन्नू र शङ्खलाई किरा नभन्नू ।

हुटिट्याउँ जति कराए पनि आकाश खसेन । हुटिट्याउँ खूब उडेका थिए, त्यसै दिन भूकम्प गयो । हुटिट्याउँलाई भूकम्पको पूर्वज्ञान हुन्छ होला । भूकम्पमा हुटिट्याउँ परेको एउटा पनि समाचार आएन, न त सहायता मागेर कुनै हुटिट्याउँले निवेदन नै दियो । निर्दोष हुटिट्याउँसँग मलाई माफ माग्नुछ । मैले व्यर्थै तिमीहरूलाई आफ्नो तुच्छ अभिव्यक्तिको साधन बनाएँ । त्रास, आश, परिहास, मूर्खता, संकीर्णता धूर्तता, क्रूरता, अविश्वास, पाखण्ड, आडम्बर सब मान्छेमै खचाखच भरिएकै थिए । म अन्यत्र भट्कें ।

मलाई माकुराहरूसँग भोंक चल्छ । माकुराहरू जाल बुन्छन् । माकुराले जाल बुनेमा ऋण लाग्छ भन्थे बुज्रुगहरू । माकुराहरू जाल बुन्न गरीबकै घर ताक्छन् । धनीको घर साफसुग्घर हुन्छ, दिनदिनै कूचो चल्छ । अँध्यारोमा, फोहोरमा जाल बुनेर सरल, निर्दोष प्राणीलाई खाने यी माकुराहरूको म निन्दा गर्छु । जाल थाप्ने जालीहरू वीर होइनन् । झुक्याएर दूनो सोझ्याउने कायरहरू । बलियो कूचो बनाएर बढार्नुपर्छ कसिंगरसितै माकुराहरू । माकुराहरू विषालु पनि हुन्छन् । कुनै दिन संसारभरि माकुरै-माकुरामात्र रहेमा के होला ?

म आत्तिन्छु र सोंच्छु आखिर माकुराको जालमा को पर्छ त ? उत्तर आइहाल्छ– माकुरे जालमा आखिर माकुरै पर्छ । छेपाराहरू पनि छन् मेरो सेरोफेरोमा । मान्छेभन्दा पनि जेठा यी डाइनोसरका खलक हुन् । विशाल पुर्खाहरूका यी वामपुड्के सन्तानहरू रंग फेर्न खप्पिस छन् । छेपाराहरू हाम्रा वन-उपवनमा छन्, बस्ती र शहरमा छन् । दिनदिनै संगत गर्नुपर्छ छेपाराहरूसँग । छेपाराहरूको रंग फेरिइरहन्छ । म झुक्किइरहन्छु । हिजोको छेपारो आज चिनिन्न । म भ्रमित हुन्छु जब मेरो वरिपरि छेपारै-छेपारा देखिन्छन् । मौका ढुकेर निश्चल ध्यानमा हुन्छन् छेपाराहरू । कस्तो भूरंग छ त्यस्तै भइदिने छेपाराहरूको प्रवृत्ति हुन्छ । आस्था, निष्ठा, दृढता, इमान भन्ने हुँदैन छेपारे सिद्धान्तमा । संकल्प व्यर्थ छ छेपाराको शास्त्रमा । डम्फूको ताल बुझेर नाच्नुपर्छ, कालको चाल हेरेर चल्नुपर्छ । शङ्खे किरा, हुटिट्याउँ, माकुरा र छेपाराहरू आदर्श प्राणी हुन् मान्छेका । यिनले अभिनय सिकाएका छन् मान्छेलाई । मान्छेको बारेमा के लेख्नु भनेर यी प्रख्यात जीवलाई पात्र बनाउन मन लाग्यो । तर यो जीवविज्ञान होइन मेरो । पशुतन्त्र होइन यो । यो पशुअनुकरण तन्त्र पनि होइन ।

o–o

# अक्षर र अमूर्त अभिव्यञ्जनाहरू

राम्रो गर्नेलाई नराम्रो होस्, नराम्रो गर्नेलाई राम्रो होस् यस देशमा । यो सतीको सराप हो देशलाई । निरन्तर प्रभावी बनेको छ यो सराप । यहाँ यस्तै हुँदै आएको छ सधै । सतीको सरापबाट अभिशप्त यस भूमिमा म बाँचेको छु । मन रूँदा पनि दाँतले हाँसेको छु । लोभीपापीहरूका बाजाको तालमा म नाचिरहेछु । कहिले कानले, कहिले आँखाले निरन्तर गरलपान गरिरहेछु ।

भ्रष्ट आचारहरू ओढेर सदाचारका बोक्रे भाषणहरूमा देश डुब्छ । चतुरहरूका लीलाहरूमा भुक्किएर लोक जिल्लिन्छ । मिथ्या आडम्बर र पाखण्डभित्र जालसाजी र कपट हुर्किन्छ । नंग्रा र दाह्राहरूमा लत्पतिएको आलो रगत् नपुछिदै ब्वाँसाहरू दयावतार बन्छन् । सिद्धान्तहरू, नीतिहरू, आदर्शहरू किताबका ठेलीहरूमा हाँस्छन् । व्यवहारमा लोभ, मद, द्वेष र मात्सर्यहरू नाच्छन् । म हाँस्छु विसंगतिहरूमा, मिथ्या र पाखण्डहरूमा, फगत् हाँस्छु । सत्य ओढिन्न, चरित्र खाइन्न, आदर्श बोकिन्न । यी बकितम् हुन् बकिन्छन् । राजनीति एकदम दिगम्बर र निर्लज्ज बनेर चौरस्ताहरूमा जगत् हँसाइरहेछ । म यो रोचक

नौटंकी हेर्छु, यो तमासा फगत् हेर्छु । वेताल,भैरव र नन्दीभृंगीको यो ताण्डव नृत्य म निःशुल्क हेरिरहेछु । म रुन्नँ किनभने मसँग संवेदना छैनन् । म माग्दिनँ किनभने आकाशले केही दिन्न । म केवल हाँस्छु । म हिडिरहेछु, सास फेरिरहेछु त्यसैले म जिइरहेछु । म बुख्याचा होइनँ । मसँग प्राण छ, मुटु छ, टाउकोभित्र गिदी छ मेरो । मैले छाती छाम्छु-भड्किरहेछ-घडीजस्तै टिक्टिक् । नाडी छाम्छु-चलिरहेछ, अनि म ढुक्क हुन्छु-म अझै छु भनेर । देवासुर संग्राम हुन्छ, होला र हुन्थ्यो पनि । देवासुर संग्रांममा हामी विनासित्ती देवताको पक्ष लिन्छौं । समुद्र मन्थनमा रत्नहरू निस्के, अमृत निस्क्यो र निस्क्यो कालकूट विष पनि । विषले जगत् डढाल्न थाल्यो । अनि भागे सुरहरू, अनि भागे असुरहरू । शिवले पिए कालकूट विष नीलकण्ठ बनेर । पछि आए सुर-असुरहरू । देवासुरसंग्राम, समुद्रमन्थन एउटा मिथक, एउटा बिम्ब । कालकूट, सुर-असुर अमृत सबका सब बिम्ब । के सुर-असुरको यो दुश्मनी र जुद्धको अन्त होला ?

मैले पढेका अक्षरहरू अक्षय भएनन्, क्षर भए । ती भातसित झुके, दौरासित झुके, लौरासित कामे । ती अक्षरहरू शिर उचालेर हिड्न सकेनन्, कष्टसाध्य सत्यको पथमा डट्न सकेनन् । मिथ्यातिर अल्मलिए । मेरी शारदा ! तिमी लक्ष्मीसित लत्रियौं । जाड्यान्धहन्त्री भएर किन अँध्यारोसित डरायौ ? मेरो ज्ञानको भोकलाई पेटको भोकले जित्यो । मेरा अक्षरलाई क्षरले उछिन्यो । मेरी प्रज्ञालाई अँध्यारोले उधिन्यो । मेरी प्रज्ञा नाना, छाना र मानामा बन्धक बनी ।

के मेरा त्यागहरू मेरा कमजोरी हुन् ? के मेरा भोगहरू मेरा सामर्थ्य हुन् ? दुनियाँ त्यागलाई गिज्याएर हाँस्छ । दुनियाँ भोगलाई सलाम गर्छ । दुनियाँ भन्छ-नैतिकता तँसँग जन्मेको होइन, आदर्श, सत्यनिष्ठा र इमान्दारी तँसँग जन्मेका होइनन् । तिनको पछि नलाग् । तँसँगसँगै भोक जन्मेको हो, राग, द्वेष काम र मात्सर्य जन्मेका हुन् । आफ्ना सहजात प्रवृत्तितिर लागेर सफल बन् । तैंले पढेको सिद्धान्त हो नैतिकता, त्यो छोडिदे । सहजात वासनाहरू बोकेर हिडिदे सजिलो बाटोमा । लत्याएर मानवीय मूल्य र मान्यताहरू आदिम स्वभावमा फर्किदे । यस्तै स्वरहरू मुखरित हुन्छन् जतातत<br>ै । मलाई नांगै हिड्न लाज लाग्छ यद्यपि म नांगै जन्में । लाज नभएको भए म दुनियाँ जित्थें ।

जीवन त जुवाको खाल हो । युधिष्ठिरहरू जुवा हारिरहेछन्, शकुनिहरू जुवा जितिरहेछन् । सत्यको स्थान छैन जुवामा । सत्यवादी वनवास जाऊ । कपटीहरूको राज्य जम्न देऊ । हिटलर, मुसोलिनी, बोकासा, इदीअमीन र पोलपोटहरूको खाँडो जाग्न देऊ । समय हो । कसैले जित्छ, हार्छ । कसैले हार्छ, जित्छ । जसले पछि जित्छ त्यही विजयी हो । क्राइष्ट, सुकरात, गान्धी र गंगालालले हारेर जिते । उनलाई जसले मारे तिनले जितेर हारे । कसैले आफूलाई अजम्मरी ठान्दो हो, म ठान्दिनँ । म प्रत्येक चराचर अनित्य

देखिरहेछु । पृथ्वी बोकेर कसैले लगेन । सुनचाँदी बोकेर कोही गएन । सबै माटोमा मिले, चितामा जले । मैले प्रत्येक शिशिरमा पातहरू झरेको देखेको छु, प्रत्येक वसन्तमा पातहरू पलाएको देखेको छु । जो पलाउँछ त्यो झर्छ, जो फुल्छ त्यो ओइलाउँछ, जो जन्मन्छ त्यो मर्छ । प्रत्येक दिनान्तसँगै बैंस ढल्छ । प्रत्येक बैंससितै ढल्छन् सपनाहरू । प्रत्येक जीवितले अमरताको आकांक्षा राख्छ । प्रतिदिन जल्छन् मसानमा चिताहरू । प्रतिदिन गर्भाधान हुन्छ । प्रतिदिन भ्रूणहत्या हुन्छ । प्रतिदिन शिशुहरू जन्मन्छन् । यो सृष्टि रहर हो कि कसैको प्रेरणा हो ?

अक्षरहरू अविनाशी छन् । जुनकिरीजस्ता अक्षर छर्नेहरू किन अँध्यारोमा बस्छन् ? जुनकिरीहरू अँध्यारोमा बत्ती बाल्छन् । उज्यालो भए पछि किन लजाएर लुक्छन् अँध्यारा कुनाहरूमा ? यहाँ अक्षरहरू उम्रे, फुले र प्रभातका शित झैं टल्के । अँध्यारोमा रमाउँछन् लाटोकोशेरा र चमेराहरू । उज्यालो मनपर्दैन तिनलाई । अँध्याराको खोजीमा डुल्छन् निशान्तमा निशाचरहरू । हामी भन्छौं **तमसो मा ज्योतिर्गमय** ।

जगले घर थाम्दछ, आफू लुक्दछ गुमनाम भएर । माथि तलामा बस्नेहरूलाई, कौसीमा घाम ताप्नेहरूलाई, कोठा कोठामा रतिक्रीडा गर्नेहरूलाई के वास्ता जगको ? हिजो बित्यो फर्केर आउँदैन । बगेको पानी र बैंस फर्कन्नन् । आज हेमन्त छ । घाम तापेर न्यानो खोजेर बस्छौं हामी । भोलि वसन्तमा शीतल छहारी खोजौंला । बूटाहरू नकाट घाम छेक्यो भनेर । आज आकाशमा बादल देखिंदा सराप्छौं बादललाई । भोलि जेठमा बादल माग्दै, पानी माग्दै महादेउ पानी देऊ भन्ने दिन आउला । त्यसबेला भ्यागुता कराएको कति मिठो ह कि ?

हिंजोका जगमा आज उभिएको छ । आज टेकेर भोलिमा पुगौंला । हिंजोलाई नभुलौं–आफू हिडेको बाटोलाई । त्यहाँ हाम्रो गौरव छ, मधुर स्मृति छन् । हिजोको मिठोले भुलौं आजको तितोलाई । यद्यपि हिंजो फर्केर आउँदैन, हाम्रा बितेका पुर्खाजस्तै, पुर्खाका पदचिह्न जस्तै । पुर्खाका विरासतहरूमा, हिंजोका पुरुषार्थहरूमा टल्किने–झल्किने ज्योतिहरू छन् टिप्नुपर्छ । तिनको प्रकाशमा बाटो देख्नुपर्छ आजले । के नेपाल पृथ्वीनारायण, कालु पाण्डे, दामोदर पाण्डे, बहादुर शाह र अमरसिंह थापाका भूलहरूबाट जन्म्यो ? किन आज हामी नेपाललाई खण्ड–खण्ड गराउन उद्यत छौं ? भूल कसको हो ? भूल !

०–०

# यात्रामा

समयले कज्याउँछ कोर्रा हानी-हानी । पर्दा खुल्दछ, पर्दा बन्द हुन्छ । रङ्गमञ्चमा अभिनय हुन्छ । यो खेल, यो तमासा-हामी हौं-नट, विट, विदूषक र सूत्रधारहरू । नाच्नै पर्छ बाजा बजेपछि ।

हामी अविरल यात्रामा छौं । मोडहरू आउँछन्, चौबाटाहरू भेटिन्छन् । बाटो पहिल्याएर हिड्नुपर्छ । अँध्यारोमा, उज्यालोमा, उकालोमा ओरालोमा, भीरहरूमा, मैदानमा हिड्नुपर्छ अविश्रान्त । नदी झैं बग्नुपर्छ प्रतिपल अधोगामी भएर समुद्रसम्म । बग्नुपर्छ-साँघुरा गल्छेंडा र फराक मैदानहरूमा पनि । बादल झैं उडेर सगरमा आफै सकिनुपर्छ । यो यात्रा हो । यो जीवन हो । यो नाटक हो ।

निर्लक्ष्य यात्राका मुसाफिरहरू बाटामा हिडिरहन्छन् । भूलहरूमा पछुताउँछन् । ठेस लागेर रुन्छन् । आनन्द मानेर हाँस्छन् । मोहमायामा भुलेर बाटो काट्छन् । कुनै बाटामा पछारिन्छन् । कुनै आफू नपछारिएकोमा मख्ख हुँदै खिस्स हाँस्छन् । यो बाटो सबैको हो । यी चौपारी, यी धारा, यी ठाँटी र पौवाहरू साझा हुन् । चौपारीमा अटाएर बस, धारामा पालो बाँधेर पानी पिऊ । न ओगट एक्लैले यी ठाँटी र पौवाहरू । भोलि झिस्मिसेमै उठेर बाटो लाग्नुछ । यी एक रातका लागि हुन् ।

यात्रामा कष्ट छन्, आनन्द पनि छन् । मनमोहक दृश्य छन् । झरी छन् । घाम छन् । एकरसता छैन यात्रामा । एकरूपता छैन यात्रामा । नटुंगिदासम्म यो यात्रामा सहयात्रीहरू छुट्छन्, जुट्छन् । कति यात्रीहरू हिंडे यस बाटोमा पदचिह्नहरू मेटिएका छन् । कति यात्रीहरू बास बसे यी पौवा र ठाँटीहरूमा नामहरू लेखिएका छैनन् । यात्रीहरू हिजो पनि हिंडेथे यस बाटामा । यात्रुहरू फेरिन्छन्, यात्रा जारी रहन्छ । यस एकोहोरो यात्रामा फर्कने कोही छैन, अनुभवी कोही छैन । एउटा पछारिन्छ, एउटाले हेर्छ, अर्को खितित्त हाँस्छ । पछारिनेलाई उठाउने कोही छैन । पछि छुट्नेलाई हात समाएर हिंडाउने कोही छैन । यो यात्रा हो, यात्री आफै हिड्नुपर्छ । निष्ठूर छन् यात्राका नियमहरू । निष्ठूरी छन् यात्रीहरू । पूर्वजहरू हिंडें यहीं बाटामा । हामीहरू हिंडिरहेछौं यहीं बाटामा । अनादि कालदेखि हिंडेको यो बाटो । अनन्त कालसम्म मान्छेका पाइलाका छापहरू छातीमा थापेर यो बाटो पसारिइरहनेछ-धुलाम्य भएर । यो यात्रा चलिरहनेछ । पालो फेरिनेछ । यात्रीहरूका अनुहार फेरिनेछन् । युग फेरिनेछ तर यात्रा जारी रहनेछ-पानी बगे झैं, बादल उडे झैं, हावा चले झैं, पृथ्वी घुमे झैं अविरल र अविराम ।

वाक्क लाग्छ हिड्दा हिड्दै यस निस्सार र निर्लक्ष्य यात्रामा । आशा, मृगतृष्णा र रागहरूले रसमय बनाउलान् । लोभ र वासनाले हात समाएर हिंडाउलान् । द्वेष र मात्सर्यले उछिनपाछिन गर्न सिकाउलान् । यात्रा पूरा हुनेछ । पूर्णविराम लाग्नेछ यात्रामा । सिसिफसको कथाजस्तो निरर्थक यात्रा । यात्राका हरेक घुम्तीमा, हरेक नेटामा, हरेक देउरालीमा उभिएर आफू हिंडेको बाटो हेर्नुपर्छ, अनुहारका चाउरीहरू छाम्नुपर्छ, सुस्केरा हाल्नुपर्छ र फेरि अर्को क्षितिजतिर पाइला सार्नुपर्छ । अडिन मिल्दैन, विश्राम गर्न मिल्दैन । यात्रामा निस्केपछि मरूभूमि पनि हिड्नुपर्छ, पहाड पनि हिड्नुपर्छ, जङ्घार पनि तर्नुपर्छ । फर्कन मिल्दैन यात्रामा ।

कति बिते दिनहरू ! कति बिते रातहरू ! कति बिते संवत्सरहरू ! लेखाजोखा भएकै छ । प्रत्येक दशैंमा टीका थाप्दा 'जीवेम शरदःशतम्' को आशीर्वचन गाइएकै छ । हामी हिंडेका शैशवहरू, यौवनहरू कति उल्लासमय थिए ! कति छिटै तय भयो त्यो बाटो बिजुली चम्के झैं । सूर्यजस्तै जीवन अस्ताचलतिर ओरालो लागिरहेछ । यात्री लौरो टेकेर झरिरहेछ यात्राको बिसौनीतिर । कोही उकालो चढिरहेछन् हाँस्दै । कोही ओरालो झरिहेछन् । एउटै बाटो निस्कनेले उकालो भन्छ । झर्नेले ओरालो भन्छ ।

एउटाले भन्छ यो बाटो मेरो हो, ममात्र हिड्नुपर्छ यस बाटामा । अर्कोले भन्छ यो ठाँटी मेरो हो, ममात्र बस्नुपर्छ यस ठाँटीमा । बाटो सँगै जान्न यात्रीसँग । ठाँटी

सँगै जान्न मुसाफिरसँग । बाटामा हिजो हिडेका यात्रीहरू देखिन्नन् आज । ठाँटीमा हिंजो बास बसेका यात्रीहरू भेटिन्नन् अब । यात्रीहरू कुरेर बाटो पसारिएको छ । बाटामा रित्तो ठाँटी उभिएको छ । फेरि कोही हिड्नेछन् बाटामा । फेरि कोही बस्नेछन् ठाँटीमा ।

यी आफूले रोजेका बाटाहरू हुन् । चौबाटामा उभिएर लिएका निर्णयहरू हुन् । भूलहरूमा पछुताउनु पर्ला । बाटामा काँढा भए फाल्नुपर्ला । जङ्घार भए तर्नुपर्ला । भीर-पहरा भए फोर्नुपर्ला । यात्रा चलुन्जेल हिड्नु नै पर्ला । लोट्दै, पछारिदै, रुँदै, हाँस्दै बाटो काट्नै पर्ला ।

यात्रामा भेटिएका हुन् सबै । धन, जन, यौवन सबै । बाटामै छाड्नुपर्छ यी सबै । हिजो संयोग नहुँदा वियोग पनि थिएन । शोक पनि थिएन । हामी थिएनौं । भोक पनि थिएन । हामीसँगै आए संयोग वियोग, शोक र भोकहरू । संयोगसँगै सुख आयो । वियोगसँगै शोक आयो । शरीरसँगै भोक आयो । शून्यमा छैनन् संयोग-वियोगहरू । यात्रामा छन् सबै । हामी कलह गर्छौं, प्रेम गर्छौं, लोभ गर्छौं, शोक गर्छौं केवल यात्रामा । यात्रान्तमा सब शून्य, चकमन्न छ । सृष्टि, स्थिति र प्रलयका अधीनमा चल्छ हाम्रो यात्रा । यात्रामा छन् आचार, विचार, नीति र पुरुषार्थहरू । यात्रामा तय गर्नु छ लामो बाटो । दौड यात्रीहरू ! अबेर भयो, गन्तव्य टाढा छ ।

पुर्खा हिडे । हामी हिड्यौं । सन्तान हिड्लान् । यो अनन्त यात्राक्रम जारी छ । हाम्रा रागद्वेषहरू, लोभलालचहरू यो यात्राजस्तै अनन्त छन् । हामी फगत् यात्री हौं, मुसाफिर हौं । हाम्रो यात्रा चल्छ बाल्य, यौवन, प्रौढ, वृद्ध हुँदै । संग्रहका बोझहरू, मायामोहका आसक्तिहरू बोक्दा-बोक्दै यात्रामा हामी पछारिन्छौं । यात्रामा हल्का हुनुपर्छ । अजङ्ग भारी बोकेर हिडिरहेछौं हामी । चाहिने-नचाहिने सबै भारीमाथि भारी राखेर सकस भयो हाम्रो यात्रा । अरूको भाग खोसेको पछि बकपत्रमा भन्नुपर्ला । खोइ सहयात्रीहरू ? खोइ बन्धुबान्धव र अनुयायीहरू ? तिम्रो यात्रा पूरा भयो । विश्राम गर । तिमीबाट छुट्यो अब हिडिरहेको बाटो, तिम्रा संग्रहहरू र ठाँटी पौवाहरू । यात्रान्तमा अलिकति धुवाँ उड्यो, बस् अलिकति खरानी !

o-o

# राजनीति

कुनै समय राजाको नीति हुन्थ्यो राजनीति । शक्तिसिद्धान्तबाट बने राजाहरू । सुरक्षाको भावमा खडा भए राज्यहरू । इतिहास साक्षी छ राज्य जोर्दा र फोर्दा भएका रक्तपातहरूको । इतिहास साक्षी छ राजनीतिको नाममा भएका क्रूरता, हिंसा र छलकपटको । राजनीतिमा अक्कल-झुक्कल देखिने नीति र आदर्शहरू त अपवाद मात्र हुन् ।

पहिले राजैराजा थिए संसारमा । 'नराणां च नराधिप' भनेर गाउँथे कविहरू । अहिले राज्य छन्, राजनीति छन्, राजदूत छन्, राजपत्र छन्-केवल राजा छैनन् । राजा नभए पनि राजाका हाउभाउ छन्, विरासत छन्, इतिहास छन् । नाम फेरिए पनि काम फेरिएका छैनन् । राजनीतिको उही कुरूप रूप छद्मभेषमा अभिनय गरिरहेछ ।

अप्राप्त राज्यसत्ता प्राप्त गर्न र प्राप्त राज्यसत्ता जोगाइराख्न खेलिने खेल हो राजनीति । यो निकै आकर्षक, यशस्कर र लाभदायी छ । यो खेल बांगोटिंगो हुन्छ । रेफ्रीको नियम, निर्णय चल्दैन यसमा । बल नै नीति हुन्छ यस खेलमा । तागत नै नियम हुन्छ यस खेलमा । हारे डाँका, जिते राजा, हुने नीति हुन्छ राजनीतिमा । सर्वश्रेष्ठ अनीतिको नाम हो राजनीति । यो कटु सत्य हो । मेरा कुरा कसैलाई मन परून् वा नपरून् तर यो सत्य घाम झैं छर्लङ्ग छ, बर्खे झरी झैं छताछुल्ल छ ।

आदर्श, सिद्धान्त निष्ठा, त्याग, इमान, नैतिकता सबै हुन्छन् राजनीतिमा तर विचार र चिन्तनमननको तहमा मात्र । राजनीतिको अन्तर्य छलप्रपञ्च, लोभ, क्रूरता, अविश्वास र कपटले भरिएको हुन्छ । सौजन्य र चरित्रले चल्दैन

राजनीति । अव्यावहारिक आस्था र निष्ठाको स्थान हुँदैन राजनीतिमा । भावना र नैतिकताको मान हुँदैन राजनीतिमा । मनमा हलाहल पालेर मुखमा अमृत पस्कनु पर्ने राजनीतिमा सत्यको स्थान हुँदैन । राजनीति बाङ्गोटिङ्गो, विद्रूप बुख्याचा झैं बुझिनसक्नु हुन्छ । राजनीति एउटा मिश्रण हो, एउटा विद्रूपमय ककटेल हो लोभको, प्रवञ्चनाको, हिंसाको, कुटिलताको, क्रूरताको र अहङ्कारको ।

हो राजनीति विचारबाट चल्छ-एउटा कुटिल विचारबाट, छलकपटको बांगोटिंगो चिन्तनबाट र जसरी पनि राज्यसत्ता प्रांप्त गर्ने लोभीपापी सोंचबाट । राजनीतिमा नेता नीतिअनुसार चल्नु पर्दैन, बरू जसरी नेता चल्छन् त्यही नीति हुन्छ । शिवजी जसरी नाचे पनि ताण्डव नृत्य हुन्छ, आदर्श नृत्य हुन्छ । जीवन्त राजनीतिमा रक्तसञ्चारजस्तै हुन्-हिंसा, षड्यन्त्र, धोका, स्वाङ् र छलकपटहरू । जनता नझुक्याईकन, जालझेल नगरीकन, अर्कोलाई सत्ताबाट न गलहत्याईकन कोही सर्वोच्च पदमा पुग्दैन । राजनीतिमा षड्यन्त्र जायज मानिन्छ । साम, दान, भेद र दण्ड त उपाय हुन् राजनीतिका । धोका र षड्यन्त्र त कर्तव्य हुन् राजनीतिका । खुर्सानी जति पिरो भयो त्यसको त्यति प्रशंसा हुन्छ । तरबार जति धारिलो भयो त्यसको त्यति प्रशंसा हुन्छ । विष जति मारक भयो त्यति काम लाग्ने हुन्छ । राजनीति पनि जति षड्यन्त्रमय, छलकपटपूर्ण र हिंसामय बन्यो त्यति रोमहर्षक हुन्छ र सफल हुन्छ ।

मैले राजनीतिको निन्दा गरेको होइन, जीवन्त राजनीतिका सत्यहरूको चर्चामात्र गरेको । राजनीति त्याग, सन्न्यास र वैराग्यको मेसो होइन, भोग, राग र द्वेषको मेलो हो । राजनीतिमा धर्म, त्याग, निष्ठा, सिद्धान्त खोज्दै हिड्नेहरू जोगी भएर हिडे हुन्छ, खरानी घसे हुन्छ । त्यस्ता लकीरका फकीरहरू गुफा पसेर ध्यानमा बसे हुन्छ । राजनीतिमा पाप भनेको हार्नु हो, धर्म भनेको जित्नु हो । त्यसैले त **'सदा समरविजयीनाम्'** भनेर स्तुति गाइन्थ्यो । हरुवाहरूलाई इतिहासले राक्षस बनाइदिन्छ, जितुवाहरूलाई **'देव'** बनाइदिन्छ । कसैले एक जना मान्छे मारे आजन्म कैद हुन्छ । राजनीतिको नाममा हजारौं मान्छे मारे सर्वोच्च पद प्राप्त हुन्छ ।

**'वीरभोग्या वसुन्धरा'** अर्थात् जो शक्तिशाली छ पृथ्वी उसैले भोग्छ । यही रीति, स्थिति र नीति हो राजनीतिको । जो कमजोर छन् ती ठगिन्छन्, लोप्रिन्छन्, लुटिन्छन्, मारिन्छन् । कमजोरले सिद्धान्तका कुरा गर्छन्, धर्मका कुरा गर्छन्, समानताका कुरा गर्छन्, सत्यका कुरा गर्छन् । बलवान्हरू आफै सिद्धान्त, धर्म र सत्यको निर्माण गर्छन् । राजनीतिमा शक्ति नै परम सत्य हो, शक्ति नै परम शुभ हो । राज्य, राजा र राजनीतिको उत्पत्ति युद्धबाट भएको छ ।

पढेका सिद्धान्तले र मनगढन्त आदर्शले राजनीतिको अभ्यास चल्दैन । राजनीति डर र लोभका नैसर्गिक सिद्धान्तले चल्छ । दण्डका डरले नै मान्छेले राज्यका कानून मान्छन् । राज्यको उत्पत्ति नै दण्डबाट भएको छ । दण्ड भनेको लौरो हो । लौराले सोंठ्याएर जनतालाई भयभीत नतुल्याई राज्य चल्दैन । हिंसा जायज मानिन्छ राजनीतिमा । हरेक राष्ट्रका जगमा युद्ध हुन्छ । राष्ट्रका सीमारेखाहरू रगत्ले कोरिएका हुन्छन् । हिंसाबाट भय उत्पन्न हुन्छ । भयबाट बलवान्प्रति सम्मान र कमजोरमा समर्पण उत्पन्न हुन्छ । बलशालीप्रति देखिने सम्मान भयोत्पन्न हुन्छ । पदासीन नेताका पछि लाग्ने भरौटे-पछौटेहरूको सम्मान लोभोत्पन्न हुन्छ । डरपोकलाई डर देखाउनु, लोभीलाई केही दिनु, शक्तिशालीसँग हात जोड्नु र कमजोरलाई गोदगाद गर्नु राजनीतिका उपाय हुन् । वर्तमान राजनीतिमा जनतालाई सत्तारोहणका लागि भऱ्याङ् मानिन्छ । प्रत्येक नेता यिनै भऱ्याङ्का सोपानहरूबाट सत्ताको शिखरमा पुगेको हुन्छ । सत्ताको शिखरमा पुगेपछि भऱ्याङ् चाहिन्न ।

राजनीतिमा साधन जे भए पनि साध्य सत्ता हो, पद हो । क्रूर कर्म नगरी राज्यसत्ता र ऐश्वर्य प्राप्त हुँदैनन् । कूटनीति भन्छ-नेताको बोली विनम्र हुनुपर्छ तर हृदय छुराको धारजस्तो हुनुपर्छ । बोल्दा मुस्कुराएर बोल्नुपर्छ तर कर्म क्रूर र निर्दयी हुनुपर्छ ।

राजनीति त्यस्तो हुन्छ जस्तो हामी देख्दैछौं, भोग्दैछौं । राजनीति त्यस्तो हुन्न जस्तो हामी पढ्दैछौं वा सोंच्दैछौं । राजनीति कटु सत्य हो । राजनीतिले इतिहास निर्माण गर्छ । राजनीति मियो हुन्छ । अरू नीति यसैको वरिपरि घुम्छन् । हो शक्तिसिद्धान्तलाई नीति सिद्धान्तले जित्यो भने निःसन्देह राजनीति सङ्लो हुनेछ । इतिहास पढ्दा, वर्तमानका व्यवहार हेर्दा बांगोटिङ्गो छ राजनीति । राजनीतिको यही बाङ्गो बीभत्सरूप हामी देखिरहेछौं, भोगिरहेछौं । राजनीतिको यथार्थ यही रहेछ-भन्न हामी बाध्य छौं । हो राजनीतिमा आदर्श र सिद्धान्त व्यवहारमा अनुवाद भएछन् भने यी विचारहरू असत्य सावित हुनेछन् । म चाहन्छु मेरा विचारहरू असत्य बनून् । राजनीतिमा सत्य जागोस्, स्वार्थ भागोस्, नातावाद, नेतावाद र विजेतावाद लुकून् । राजनीतिमा नयाँ संस्कृतिको, नयाँ सभ्यताको, इमानको, सौजन्यको, देशप्रेमको उदय होस् ।

मान्छेका मनमा जबतक वैमनस्य, लोभ, क्रोध र अहङ्कारका भावबीज रहलान्, तबतक ती राजनीतिमा पनि देखिएलान् । रामराज्य नै आएछ भने हामीले पनि भौगौंला, हेरौंला । सपनाहरू विपना भएको त्यस दिनमा उत्सव मनाउँला ।

०-०

# माया

प्रकृति आफ्नै चालमा चल्छिन् । प्रकृतिका चालमा चल्छन् प्राणीहरू । प्रकृतिका नियमहरू आफ्नै लयमा लयबद्ध छन् । ती हाम्रा मनमाफिक चल्दैनन् । कालका चालहरू निर्मम छन् । ती हामीलाई पर्खेर बस्दैनन् । घडीको टिक्टिक्सितै दगुर्छन् ती । कालको तालमा चल्छ जगत् । कालले उफार्छ हामीलाई । कालले थचार्छ हामीलाई ।

सृष्टिको व्यापकतामा जे हुनुपर्ने हो त्यही भइरहेछ । हाम्रा लागि त कहिले हुनुपर्ने हुन्छ, कहिले नहुनु पर्ने भइदिन्छ । हामी चाहन्छौं–घाम हाम्रा लागि चम्कोस्, हावा हाम्रा लागि चलोस्, वर्षा हाम्रा लागि बर्सोस् । हामी प्रार्थना गर्छौं । के गर्नु ? वर्षासितै चट्याङ् आउँछ, आँधी आउँछ, असिना आउँछ ।

हामी हाम्रो अनुकूलतामा रमाउँछौं । प्रतिकूलतामा खिन्न हुन्छौं हामी । प्रकृतिले चाहेका कुरा हुन्छन् जगत्मा । हामीले नचाहेका पनि हुन्छन् । प्रकृतिको बाटो सिधा छ । हाम्रा छन् टेढामेढा बाटाहरू । हाम्रा छन् सुख र दुःखका परिभाषाहरू । हामी देखिरहेछौं–एउटा तन्नेरी बूढो हुन्छ, बूढो पुनः तन्नेरी हुँदैन । फूल जस्तै, फल जस्तै, पात जस्तै मान्छे पनि एक पल्टमात्र पलाउँछ, फुल्छ, फल्छ, वैलाउँछ, झर्छ । जीवनको व्याख्या संक्षिप्त छ ।

यस जगत्मा जसले कराही बसालेको छ, उसको पाकिरहेछ । जसको खेती हो त्यसको फलिरहेछ । प्रत्येक वर्ष फुल्छ-फूल, । प्रत्येक वर्ष पाक्छ बाली । हामी त पाक्ने बाली हौं-फलिरहेछौं, झरिरहेछौं । नझर्दासम्म त्रासमा, आशमा झुन्डिन्छौं ।

जीवन निस्सार छ भोग्नेलाई । जीवन निरर्थक छ बाँच्नेलाई । निरर्थकतामा अर्थ खोज्दै बिलाउँछौं हामी । फूल कसको लागि फुल्छ ? फल कसको लागि फल्छ ? मकै कसका लागि पाक्छन् ? मान्छे कसका लागि बाँच्छ ? उत्तर खोज्दै म निरर्थक शून्यमा भट्किन्छु ।

शिश्नोदरपूर्तिका चाहहरूमा जीवनका क्षणिक लीला चल्छन् । लीला हो संसार । लीलाले भुलाउँछ मान्छेलाई प्रपञ्चमा । यही लीलालाई म भगवान्का लीला भन्छु । अनन्त सन्देह, सन्त्रास र संकटबीच कोमल सम्भावना, ममता र जिजीविषा बोकेर उदाउँछिन् लीलामयी माया । मायाका वशमा वशीभूत छ जगत् । मायाका जादूमय टुनामा सम्मोहित छ जगत् । जगत् केमा भुलिरहेछ ? जीवन केमा अल्झिरहेछ ? कसको आज्ञा र निर्देशनमा चलिरहेछन् यी लीलाहरू ? भोजनका स्वादमा, प्रशंसाका मादमा, विषयवासनाका उन्मादमा, प्रपञ्चका भासमा कसरी डुब्छ जगत् । भमरा झैं रसमा, पुतली झैं रूपमा, माछा झैं बल्छीमा कसरी पर्छ ? जञ्जालमा माकुरा झैं कसरी जेलिन्छ मान्छे ? केही छैन अरू । सर्वत्र मायाको मोहनीमय लठ्याउने जादू मात्र छ । वशीकरण टुना मात्र छ मायाको ।

जगत्लाई जोगाउन आइन् माया । मादक मुस्कान र कटाक्ष छर्दै आइन् माया । मदहोस बनाउन आइन् माया । सृष्टिलाई चलाउन आइन् माया । जीवनलाई उत्सवमय, उल्लासमय, रसमय बनाउन आइन् माया । माया छन् र पो ममता छ, जिजीविषा छ । माया छन् र पो राग छ, रस छ, प्रणय छ, जीवन छ । मायाको निर्देशनमा जीवनको रंगमञ्च जम्छ । मायाको आदेशमा जीवनको अभिनय चल्छ । निस्सार जीवनमा सार भर्छिन् माया । मरूमा मरूद्यान सजाउँछिन् माया । मायाको प्रेरणाले फूलमा परागसेंचन हुन्छ । मायाको प्रेरणाले भालेपोथीमा प्रणयभाव प्रकट हुन्छ । अनन्त रस, अनन्त सृजना र अनन्त जिजीविषा छन् मायाका पोल्टामा ।

अभावमा भाव भएर आउँछिन् माया । विरागमा राग भएर आउँछिन् माया । विरहमा प्रणय बनेर आउँछिन् माया । फुस्रो वैराग्य भाग्छ मायाको उपस्थितिमा । मायाको छहारीमा लठ्याउने जादू हुन्छ । तृष्णा, वासना, ममता भएर मनमनमा राज गर्छिन् माया । मायाविना जगत् शून्य बन्छ । स्वस्फूर्त सृष्टिकी कारण बन्छिन् माया । मनमनमा रहर, जाँगर भर्छिन् माया ।

मायालाई भ्रम भनेर टकटकिन्छन् बैरागीहरू । मायालाई मिथ्या ठानेर परपर सर्छन् सन्न्यासीहरू । मायाको मायाजालबाट फुत्कन सक्तैनन् कोही पनि । मायाले फुल्छन् फूलहरू । सृष्टिमा सम्मोहन छ मायाको । योगीहरूका हठ पग्लेका छन् मायाको टुनाले । सन्न्यासीका त्याग लत्रेका छन् मायाको कटाक्षले । महर्षिहरूका तप भंग भएका छन् मायाको मोहनीले । मायाका गूढ रहस्य बुझ्दैनौं हामी । भ्रममा, विपर्ययमा भट्किन्छौं हामी । झिलिमिली छ मायाजगत् । मायाको मोहनी मदिरा झैं मादक छ । मायाको मोहनीमा मदमत्त झैं मस्त बन्छ जगत् । मायाको मधुमयी रसमा डुब्छ संसार । त्यहाँ डुबेपछि उत्रन चाहन्न कोही । मायाले व्याप्त जगत्मा लीलामय जीवनको अभिनय चल्छ । हामी त्यसका नट, विट र विदूषक बनेर नाच्छौं, हाँस्छौ, उफ्रन्छौं मात्र ।

सन्तानमा वात्सल्य बनेर पुग्छिन् माया । प्रेमीहरूमा प्रणय बनेर पुग्छिन् माया । गुरुजनमा भक्ति बनेर पुग्छिन् माया । आर्तहरूमा करुणा बनेर पुग्छिन् माया । माया एउटी छन् । अनेक रूपमा पुग्छिन् अनेक ठाउँ । मायाको कोमल स्पर्शले हामी आह्लादित हुन्छौं । निराशामा आशा भर्छिन् माया । जीवन जिउन आधार दिन्छिन् माया । आलस्यमा फूर्ति भर्छिन् माया । नित्य आनन्द छ मायाको काखमा ।

सन्तानको मायामा असीम कष्ट भोग्छन् आमाहरू । मायाकै प्रेरणामा पिठ्यूँमा बच्चा बोकेर रुखरुख फुङ्गाल्छन् बाँदरहरू । मायाकै प्रेरणाले बचराहरूको मुखमा चारो पुऱ्याउँछन् चराहरू । देशको मायामा ज्यूज्यान अर्पन्छन् शहीदहरू । जादू झैं, टुना झैं, सम्मोहन झैं हुन्छ मायाको प्रभाव । च्यात्न नसकिने हुन्छ मायाको जाल । सृष्टिको निरन्तरता र जीवनको स्थिति मायामै अवलम्बित छ । जनन, धारण, पालन सबैकी कारण बन्छिन् माया । मान्छे मायाले बाँच्छ । जीवनकी आधार हुन् माया । जिजीविषाकी, सौन्दर्यकी, रागकी, प्रणयकी, सृजनाकी आधार हुन् माया ।

०-०

# सुर्ताहरू

इच्छाहरूले नोकर झैं कज्याउँछन् हामीलाई । रहरहरूले घोडा झैं दमाल्छन् हामीलाई । आदतहरूको तालमा विवश भएर नाच्छौं हामी । रूढी र संस्कारहरूका जुवामा गोरू झैं नारिन्छौं हामी । एक्काका घोडा झैं निरस यात्रामा जोतिन्छौं हामी । हामी भन्छौं–हामी स्वतन्त्र छौं ।

इच्छाहरू अनन्त छन् मान्छेका, आकाश झैं । भोगका, वासनाका, कामनाका, लालसाका अजङ् भारीहरू हाम्रा काँधमा छन् । जति संग्रह छन् त्यति भय र सुर्ताहरू छन् । प्राप्तिसँगै सुरसाका मुख झैं लोभ छन् । पृथ्वीको सम्पत्तिले पुग्दैन मान्छेलाई ।

नबुझ्दासम्म सुख छ । मुडकट्टा भई बाँच्दासम्म आनन्द छ । अँध्यारोमा बस्दासम्म ढुक्क छ । यो उज्यालोले क्षितिजसम्म पसारिएर आफैलाई गिज्याउँछ । भेडा झै घाँस चर्नुमा मस्ती छ । गधा झैं भारी बोक्नुमा सन्तोष छ । बानर झैं वनबूटामा उफ्रनुमा स्वतन्त्रता छ । मत्त, प्रमत्त, उन्मत्त साँढे भई डुल्नुमा मजा छ । यो बुद्धि किन आफै बन्धनमा बाँधिन खोज्छ ? मान्छे भई सकस भयो बाँच्न मान्छेलाई ।

ज्ञान किन दुख्छ ? चेतना किन चहर्स्याउँछ ? बुद्धि किन बिझाउँछ ? मानवता किन रुन्छ ? सभ्यता किन साँघुरो बन्छ ? सुस्तामा सीमा मिचिदा मुस्ताङ्को

चित्त किन दुख्छ ? कञ्चनपुरमा एउटी छोरी लुटिदा किन आँखाआँखामा आँसु पुग्छ ? इराकमा नेपाली रेटिंदा किन नेपालमा राँको बल्छ ? भ्रष्टचारबाट देश बर्बाद हुँदा किन हरेक नेपालीको दिलमा विद्रोह उठ्छ ?

कागहरूजस्तै उड्छन् मान्छेका मनहरू । घरधन्दा र भुँडी भर्ने मात्र समस्या छैनन् । मंगललोक पुग्ने यानका कुरा पनि घुस्छन् मान्छेका टाउकामा । टाउकोभित्र अरिंगाल झैं गन्जागोल छन् समस्याहरू, सुर्ताहरू । चमेरा झैं उल्टो झुन्डिन्छन् मान्छेका संकल्पहरू । गर्छु भनेका कति संकल्पहरू झुन्डिरहेछन् । न्याल काढ्दै जुर्मुराउने लोभहरू छन् । उल्काजस्ता अग्निपिण्डहरू उठाउने क्रोधहरू छन् । भित्रभित्रै जलाउने वडवानल झैं मात्सर्यहरू छन् । गाँजाजस्तै भिम्मल पार्ने काम र मोहहरू छन् । टाउकोभित्र हलाहल छ मान्छेको । त्यहाँ दन्दनाउँदा स्वार्थका ज्वालाहरू छन् । कहाँबाट बग्छ प्रेमको धारा ? कहाँबाट बग्छ करुणाको नदी ?

बैंस छँदा चाहिएनन् देउताहरू । सुख पर्दा चाहिएनन् कोही । स्वस्थ हुँदा चाहिएनन् धर्म पनि भगवान् पनि । बा-आमा र भगवान् पुकार्ने विपत्ति पर्दा हो । सम्पत्तिमा चाहिएनन् सदाचार र सत्कर्म पनि । सुखमा हिड्न सकेनौं भगवान्सँगै हामी । विपत्तिमा पुकार्दा भगवान् प्रकट भएनन् भनी नास्तिक बन्यौं । संकटमा चाहिन्छ सहारा । बैंस ढल्दा, ज्यान गल्दा, विपत्ति पर्दा त्रासले खोजेका भगवान् बोकेर थर्कमान बन्छौं हामी । संकटले सन्न्यासी बन्ने धेरै छन् । जोगिन जोगी बन्ने धेरै छन् । दुःख भोग्नुभन्दा दुःख पर्ने सम्भावनाले बढी पिरोल्छ सबैलाई ।

एउटा साहसिक अभियानजस्तो, एउटा रोमाञ्चक यात्राजस्तो, उल्लासमय वसन्तजस्तो, पूर्व रंगिएको प्रभातजस्तो थियो हिजो जीवन । आज म देखिरहेछु-रातो रंगले पोतिएको अस्ताचल । अब रात पर्छ । मध्यरातको छायाँ म देखिरहेछु । पश्चिम हेरेर म जीवनको क्षणभंगूरता पढिरहेछु । पूर्व हेरेर म जीवनको लालसा थपिरहेछु । मान्छेका आशाहरूले तान्छन् यतातिर । तृष्णा, वासना र जिजीविषाहरूले तान्छन् यतातिर । निराशा, वैराग्य र मुमुर्षाले तान्छन् उतातिर । यही तानातानमा म तनावमा छु, सुर्तामा छु । मोहनी अवतारमा मोहित भई जगत् नाचिरहँदा म कसरी थपडी नबजाऊँ ? अलि पर एउटा बैरागीले घोक्दैछ-तृष्णा नजीर्णा वयमेव जीर्णा... ।

जीवन ! केही खानपानका जिभ्राका स्वादहरू; आँखालाई सुन्दर रूपहरू, रंगहरू केही; कानलाई केही संगीतहरू, प्रशंसाका शब्दहरू; केही पहिरन र आभूषणका प्रदर्शनहरू; केही ऐश्वर्य र ओहदाका गर्वहरू; केही अपुताली जोगाउने प्रयासहरू; केही मैथुनका गुप्त क्षणहरू; केही मुरी अन्नका रासहरू; केही रक्सीका घ्याम्पाहरू; केही हाँसो र धेरै आँसुहरू; मृत्युसितको द्वन्द्व-युद्धका लागि केही

हतियारहरू-दवाइका ट्याब्लेटहरू । यिनै हुन् जीवनका गाथाहरू । अन्तमा युद्ध हारेर भीष्म झैं धर्तीमा पल्टिन्छ मान्छें । यो जीवनको खेल धूलेबाजी झैं लाग्यो मलाई । कसले जित्छ मान्छेले अन्तिम युद्ध ? जीवन एउटा जग्जगी हो छुराको धार झैं । भूतको पश्चात्ताप र भविष्यको चिन्ताले गिजोल्छ जीवनलाई । वैभव नहुँदा जुटाउनुको चिन्ता छ । त्यसै चाउरिन्न मान्छे । सुर्ताको अनन्त प्रहारले चाउरिन्छ मान्छे । झोपडीमा मात्र चिन्ता छैन, महलमा पनि चिन्ता डुल्छ ।

चेतना नभए मान्छेको चित्त किन दुख्थ्यो ? शरीरमात्र दुख्थ्यो होला । बुद्धि नभएको भए भविष्यको सुर्ताले किन सताउँथ्यो ? किन पढ्नुपर्‍यो मान्छेले रौंचिरा दर्शनहरू ? किन पढ्नुपर्‍यो मान्छेले इतिहास, भूगोल अरू शास्त्रहरू । दाम कमाउने चिन्ताहरू, नाम कमाउने लालसाहरू, ठूलो बन्ने अहंकारहरूले उछिनपाछिन चलिरहेछ । किन चाहियो ज्ञानविज्ञान, कला र साहित्य ? आहार जुटाउने सोझो धन्दामा लागे हुन्छ । ढुंगे युगमा सिकेको विद्याले काम चल्छ । खानुपर्छ-भोजन जुटाऊ । लड्नुपर्छ-हतियार बनाऊ । शासन गर्नुपर्छ-बल बढाऊ । रतिक्रीडा गर-वंश बढाऊ । जसको बल छ-उसको पृथ्वी । मसल बढाऊ-बलमिच्याइ गर । व्यर्थ टाउको खाने ज्ञान र पुस्तक नल्याऊ । कमजोर बनाउने-नीति र सदाचार नल्याऊ । अक्षरहरू मिल्काऊ । भूत बिर्स-त्यो गयो । भविष्यत्‌को सुर्ता नगर । वर्तमानमा रमाऊ ।

०-०

# अक्षर र अमूर्त अभिव्यञ्जनाहरू-२

सत्य बोल्नुपर्ने हो । सत्य जाग्नुपर्ने हो । सत्यले जित्नुपर्ने हो । आज किन असत्यको बलमिच्याइँमा सत्य मिचिइरहेछ ? सत्य किन सुतिरहेछ ? सत्य किन हारिरहेछ ? स्वाभिमान किन झुकिरहेछ ? मानौं हिमाल झुकिरहेछ सानो हुरीको धक्काले । मानौं समुद्र सुकिरहेछ चैते खडेरीले । मेरा अक्षरहरू आज किन धूमिल र धूलिधूसर भइरहेछन् ? कुन बादलले छेक्दैछ मेरी चन्द्रमालाई ? कुन कुहिरोले ढाक्दैछ ज्योतिर्मय अक्षरहरूलाई ? सत्य किन घुरानमा मिल्किरहेछ ? असत्य किन शिरमा झल्किरहेछ ? कसले छेकिरहेछ  जगच्चक्षुलाई हत्केलाले ? चौरस्ताहरूमा भाँड, नट, बिट र विदूषकहरूका विद्रूपमय नौटंकीहरू भइरहेछन् । जगत् हाँस्छ । छट्टु र छद्मभेषीहरूका अश्लील लीलाहरू म टुलुटुलु हेरिरहेछु ।

उफार्नु पर्छ जनतालाई हावा भरेर भकुण्डो झैं । उफ्रिन्छन् पछारिन्छन् । आकाशिन्छन्, खस्छन् । भत्काएर सबै मनावी मूल्यहरू खण्डहर बनाउनुपर्छ । एकदम शून्य र महाशून्य बनाउनुपर्छ । शून्यमा, रिक्ततामा, अन्धकारमा त्रासको

राज चल्छ । जगाएर दानवी शक्तिलाई, नचाउनुपर्छ - भूतप्रेत, मसान र किचकन्नीहरूलाई खण्डहरहरूमा । मध्यरात न हो । निशाचरहरूको राज्य जम्छ । यो रात हो । प्रत्येक दिनान्तपछि रात आउँछ । निशान्तपछि प्रभात आउँछ । संसार गतिशील छ । प्रत्येक प्रभातमा कुहिरो चिर्दै घाम लाग्छ । घामसँगै जाग्छन् अक्षरहरू । अविनाशी छन् अक्षरहरू । मेरा अक्षरहरू ! जाग सत्यसन्धानमा अग्रसर होऊ । चेतनाको ज्योतिर्मय जादू बोकेर अँध्यारा पाखाहरूमा ज्योति छर । त्रस्तहरूलाई सान्त्वना देऊ, मस्तहरूलाई जगाऊ । स्वतन्त्रताका कालजयी सन्देशहरू बोकेर बन्धन र बाधाहरूमाथि धाबा बोल ।

अक्षर निदाएको बेलामा मनपरी गर । भोक भजाएर भाँडो भर । गरीबी भजाएर भोज गर । सिद्धान्त घोकाएर मोज गर । रातरातभर लाटोकोशेराले गाइरहन्छन् सिद्धान्तहरू । यो औंसीको रात हो - आसुरी प्रवृत्तिहरू जाग्न देऊ । बलले जितेको राज्यमा बलमिच्चाइ चल्न देऊ । छलकपट जम्न देऊ । असत्य हुर्कन देऊ । सत्य अस्ताउन देऊ । प्रज्ञा, प्रतिभा र सद्भाव भाग्न देऊ । यस अँध्यारोमा राक्षसी उपद्रो हुन देऊ । उज्यालो लुकेको बेला अँध्यारोको सम्राज्य चल्न देऊ ।

सत्मा अडिंदा सुकरातले झैं गरलपान गर्नुपर्छ । 'चित्'मा टेक्दा काँढामा हिड्नुपर्छ । असत्य र अन्याय देखेर वाणीमा ताल्चा ठोक्न सकिएन । अक्षरहरू हुन्-क्षर हुन सक्दैनन् । अँध्यारो र उज्यालोको लुकामारी चलिरहन्छ जगत्मा । जुनकिरी सँधै उज्यालो बोकेर उडिरहन्छ अँध्यारोमा । वसन्त आएपछि कोइलीले सुमधुर स्वरमा गीत गाउँछ । जीवन चलिरहन्छ नदीप्रवाह झैं । बञ्जर पाखाहरूमा पनि घाँस उम्रन्छ । पहरामा पनि सुनाखरी फुल्छ । मृत्युसँग हारेको छैन जीवनले । अँध्यारोसँग हारेको छैन प्रकाशले । **'सत्यमेव जयते नानृतम्'** भनेर गुन्जिरहन्छन् वैदिक ऋचाहरू । मेरा अक्षरहरू ! प्रतीक्षा गर ।

स्वार्थ, बेइमानी, छलकपट र बलमिच्याइ चलेको बेला धर्मले हारेको छ, सत्यले हारेको छ, प्रकाशले हारेको छ, न्यायले हारेको छ, अक्षरले हारेको छ । जसको शक्ति उसको भक्ति साँढे नीति चल्छ । ढोंगहरू चल्छन् । स्वाङ्हरू चल्छन् । धर्मध्वजीहरू धर्मात्मा मानिन्छन् । हामी उज्यालोको प्रतीक्षामा छौं । अक्षरहरूको खोजीमा छौं । उज्यालो र अक्षरको प्रकाशमा सत् र चित् जाग्छन् । सत् र चित्को अभाव छैन जगत्मा । जीवनको क्षणभंगूरतामा हरेक मातहरू भग्न हुन्छन् । धनका, यौवनका, जनका, अधिकारका, अंहका मातहरू सबै माटोमा मिल्छन् । क्षर छन् सबै । आत्मा, कीर्ति र ज्ञान अक्षर छन् सधैं । मेरा अक्षरहरू ! ओजस्वी बन ।

अक्षरहरू ढाकेर ढाकिन्नन्, मारेर मारिन्नन्, थुनेर थुनिन्नन् । इतिहास बनाउने अक्षरहरू हार्दैनन् । ज्ञानविज्ञानका ज्योति बोकेर हिंड्ने अक्षरहरू मृत्युञ्जय छन् । अजरामर छन्, अविनाशी छन् । अक्षरहरू कालसँग पैंठेजोरी खेलेर बाँच्छन् । कतिले अक्षरहरूलाई कुल्चिन खोजे ती कुल्चिएनन् । कतिले अक्षरहरूलाई बन्दी बनाउन खोजे, अक्षरहरू बाँधिएनन् । अक्षरहरूलाई कुल्चिन खोज्ने कति माटोमा मिलिसके, अक्षरहरू भने सदा कालजयी बनेर रहिरहे । इतिहासको कुन दानवी शक्तिले अक्षरलाई चपाउन सक्यो र ? कुन आसुरी प्रवृत्तिले इतिहासमा अक्षरलाई दबाउन सक्यो र ? स्वाभिमान, स्वतन्त्रता, ज्ञान, विज्ञान, कला, साहित्य एवं सकल वाङ्मयका संवाहक हुन् अक्षरहरू । इतिहासको धरोहर बोकेर ज्योतिर्मय पथबाट आगततर्फ लम्कन्छन् अक्षरहरू । कसले रोक्छ अक्षरहरूको यस महायात्रालाई ? सिकन्दरसँग झुकेनन् अक्षरहरू । चंगेज खान र तैमूर लङ्सँग लत्रेनन् अक्षरहरू । मुसोलिनी, हिटलर र पोलपोटसँग दबेनन् अक्षरहरू । इतिहासका प्रत्येक तानाशाहहरू अक्षरहरूसँग अन्ततः पराजित भए । अक्षरको विजययात्रा जारी छ । अब पनि झुक्दैनन् अक्षरहरू कसैसँग ।

o–o

# एकान्तवासका प्रलाप

म पंछी होइन । मेरा पंख छैनन् । म कल्पनाका पंख फट्फटाएर उड्छु सगरमा । म विचारका पंख खियाएर डुबुल्की मार्छु–सागरमा । मोती खोज्छु–अतुल जलधिको अतल गहिराइमा । सगर ! तँ उच्चा छैनस्, मेरी कल्पनाको उचाइभन्दा । सागर ! तँ गहिरो छैनस् मेरो विचारको गहिराइभन्दा । कहाँ उडाऊँ ? यति साँघुरो आकाशमा मेरा कल्पनाका चंगाहरू ? कहाँ डुबाऊँ, सागरको यो छिपछिपे पानीमा मेरा विचारका विराट् मौलाहरू ? ब्रह्माण्ड साँघुरो भो मलाई ।

साँझपख छ । म रेसुङ्गाको शिखरबाट जगत् नियाल्छु । रेसुङ्गाको उचाइमा उभिएर म कति अग्लो ! आहा ! फुच्चे अर्जुन म भन्दा तलै पसारिएको छ । कति टिठलाग्दा देखिन्छन् तलका थुम्का–थुम्कीहरू ! यस्तै अहंकार पस्दो हो बडाहरूले छोटाहरूलाई देख्दा । लाग्छ मभन्दा कोही अग्लो छैन जगत्मा अहिले । अर्कैको उचाइमा चढेर उच्च बन्दा पनि फूर्ति आउने रहेछ मान्छेमा । म पाँच फुटको मान्छे आठ हजार फुट अग्लिएको छु अहिले । मख्ख परेको छु आफ्नो उचाइमा ।

खस्रुका रूखहरू उभिएर पश्चिमतिर सूर्यको लालिमा हेर्दैछन् । झ्याउको कछाड बेरेर उभिएका यी बोटहरू अभिमानी छन् । यी झुक्न जान्दैनन् । तत्त्व नबुझेका

धनमत्त मान्छेजस्ता अविनीत छन् - यी रुखहरू । वर्षा, हिउँ, तुसारो हुरी खपेर वर्षौंदेखि खडा खस्रुहरू आफूलाई सिद्ध तपसी ठाँन्दा हुन् । गन्दैनन् साना झाडीहरूलाई यिनले । यिनको तप्केनीले कुथुर्किएका सानातिना बोटहरू हरिया झण्डा हल्लाइरहन्छन् बतासको प्रेरणाले । गर्व नगर ए ! खस्रुका अविनीत बुटाहरू तिमीहरूले हिमाल छेक्न सक्ने छैनौं ।

म हिमाल हेर्छु । हिमाल छर्लङ्ग छ । वर्षामा नुहाएर हिउँले मानौं यस शारदी सन्ध्यामा हिमाल व्रत बसेको छ । कुमारीको जस्तो कलिलो मुहार छ हिमालको । हिमालको सिउँदोमा सूर्यले सिन्दुर छरे । लाजले हिमाल सर्वाङ्ग रातो भो । सूर्य पनि राता भए, लाजैले होला, सूर्यले सुनौला बादलको रूमालले मुहार ढाक्न खोज्दैछन्, अस्ताचलको ढिकमा टाउको लुकाउन खोज्दैछन् । कस्तो बिछोडकालको विवाह हो यो यिनीहरूको ! छुट्टि सकिएको लाहुरेको विवाह जस्तो । क्षणभंगूर छन् - प्रकृतिका लीलाहरू । जगच्चक्षु सूर्यले हिमालसँग भोलि सखारै भेटौंला प्रिये ! भनी बिदा लिए । अस्ताचल राताम्य भयो, बन्धुयुद्धमा नेपालीले बगाएको रगत् मानौं अस्ताचलमा जम्मा भएको छ । प्रतापी सूर्यको यो अधोगति मलाई हेर्न मन लागेन । हुन त सधैंभरि कसको उन्नति भयो र लोकमा ?

गाईहरू धूलो उडाउँदै घर फर्कने बेला भो । गाईले धूलो उडाउने बेला भनेर यस समयलाई गोधूलि भन्छन् पाकाहरू । आजभोलि गाई वन पनि जान्नन्, धुलो पनि उड्दैन-बाटामा । आजभोलि मोटरले धूलो उडाउँछ जताततै । साँढेहरू डुक्रिन छाडे । मान्छेका साँढे चढ्ने पजेरोहरू डुक्रिन्छन् शहरतिर । मेरो शान्तिक्षेत्रमा आजभोलि बन्दूक पड्कन्छन्, बम पड्कन्छन् । देवदूतहरू डुल्ने यस हिमाली पाखामा यमदूतहरू घुम्न थाले संसाँझै । गाउँमा कर्फ्यु लाग्छ-रातमा । ढोकामा गजबार लगाएर जीवनको अस्तित्व ओढ्छन्-कालपासले त्रस्त मानिसहरू ! साँझ परेपछि यी वस्तीहरूमा मान्छे घरभित्र गँड्यौंला झैं गुडुल्किन्छन् । मान्छेका जीवनहरू खुम्चिएका छन्, जीवनसितै विचारहरू पनि खुम्चिएका छन् । मरिच जस्तै चाउरिएका छन्-जीवनहरू यस लोकमा ।

शून्य छ रेसुङ्गा । यो महर्षिहरूको तपोभूमि । एकान्त कोलाहल शून्य धर्तीको निधार हो यो । यहाँ फुक्छन्-बुद्धिका कँसिएका मुर्राहरू । यहाँ फुक्छन्-विचार र कल्पनाका बन्धनहरू । बैरागीहरूको स्वराज छ यो अनुपम । यहाँ शान्ति र आनन्दका दशै द्वार खुला छन् । यहीं खुल्छ समाधि ।

सिर्सिर बतास चलिरहेको छ । झ्याउँकिरीको संगीत गुञ्जिरहेको छ साँझको निस्तब्धतामा । अनुपम स्वरसौन्दर्य उरालेर गाउँदैछ झ्याउँकिरी । सबै राग र रागिनी छन् झ्याउँकिरीको संगीतमा । मानौ यो वेद हो तपस्वी वटुहरूको

कण्ठबाट निस्केको । अनन्त अभिप्राय र अनन्त सौन्दर्य छन् झ्याउँकिरीको आवाजमा । झ्याउँकिरीको नादमा जीवनको सार छ । झङ्कार छ जगत्को यसमा । मानौं यो आवाज हो सरस्वतीको वीणाबाट निस्केको । सुन ए ! रसिकहरू यो कस्तो पञ्चम राग हो । यसको स्वरसँग पराजित छ सकल संगीतसंसार । सुन्दर स्वरलाई रूपले सजाउने जुनकिरीहरू टिमटिमे ज्योति बालेर आए । के खोज्न धद्दाउँछन् कुन्नि यी जुनकिरीहरू त्यति सानो टुकी बालेर ? अन्धकारको साम्राज्यमा सानो ज्योति बालेर जुनकिरीले चेतनाको प्रकाश छर्न खोजिरहेछ । आकार सानो भएर के हुन्छ ? झ्याउँकिरीले रातको निस्तब्धतालाई आफ्नो संगीतले चिरिरहेछ । जुनकिरीले रातको अन्धकारलाई टिमटिमे बत्तीले चुनौती दिइरहेछ ।

o–o

## किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा

# प्रकाशित पुस्तकहरू

| क्र.सं. पुस्तकको नाम | लेखक |
|---|---|
| १. सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |

ISBN
9 789937 063821

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४५०)